पशुपति क्षेत्रका सांस्कृतिक सम्पदाहरू



...ा मानन्धर

पशुपति क्षेत्रका सांस्कृतिक सम्पदाहरू

सरला मानन्धर

प्रकाशक :
पूर्णप्रसाद मानन्धर
झोछें, काठमाडौं, नेपाल ।

प्रथम संस्करण वि. सं. २०४८, जनै पूर्णिमा
संख्या : १००० प्रति

मूल्य रू. ५०।-

फोटो सौजन्य : पुरातत्व विभाग

मुद्रक :
साझा प्रकाशनको छापाखानां
पुलचोक ।

श्री डिल्लीरमण रेग्मि कल्याणी रेग्मी
पुस्तकालयलाई
सादर उपहार
२०६०।४।२

समर्पण

पूजनीय आमा श्रीमती बद्रीमाया मानन्धर

तथा

आँखाका दुई नानी समान मेरा प्यारा दुई छोरीहरू

शैलिता र मौनतालाई

मन्तव्य

श्रीमती सरला मानन्धरले लेख्नु भएको "पशुपति क्षेत्रका सांस्कृतिक सम्पदाहरू" नामक पुस्तकको पाण्डुलिपि सर-सरती पढ्ने मौका पाएँ । प्रस्तुत पुस्तकमा वहाले पशुपति क्षेत्रका आठ अति महत्वपूर्ण स्मारक स्थलहरू बारे निकै रोचक ढंगबाट वर्णन गर्नु भएको रहेछ । पशुपति क्षेत्र भित्र ठूला साना गरी करिब पांचसय भन्दा बढी स्मारक एवं स्मारक स्थलहरू छन् भनि भन्दछन् भविष्यमा पनि यस पावन स्थल बारे वहाँले आफ्नो अध्ययनको क्रम जारी राख्नु भै अरू थप कृतिहरू प्रकाशित गर्दै जानु हुनेछ भनी विश्वास गरेको छु । वत्सलेश्वरी, भुवनेश्वरी, जयवागीश्वरी, वनकाली, कुट्टवहिल, भगवान स्थान, पंचदेवल र चन्द्र विनायकको इतिहास, गुठी व्यवस्था, धार्मिक रीति रिवाज, जात्रा, पर्व, भौतिक अवस्था, संरक्षणको लागि सुझावहरू समेत वहाले प्रस्तुत पुस्तकमा उल्लेख गर्नु भएको छ । पशुपति क्षेत्रलाई चिन्न र जान्न केही हदसम्म यो पुस्तकले धेरै नै मद्दत गरेको छ । प्रस्तुत पुस्तक अनुसन्धानकर्ता एवं सर्वसाधारण पाठक सबै वर्गलाई उत्तिकै उपयोगी हुनेछ । यस्तो अभिरूचिपूर्ण र तथ्य संकलन गरी पशुपति क्षेत्र बारे पुस्तक प्रकाशित गराउनु भएकोमा लेखिकालाई बधाई दिन चाहन्छु ।

डा. साफल्य अमात्य

०४८।५।३

का.मु. महानिर्देशक


पुरातत्व विभाग

लेखकको भनाई

हिन्दू तथा बौद्धहरूको आध्यात्मिक आस्था तथा श्रद्धाको केन्द्र रही आएको पवित्र पशुपति क्षेत्रलाई २५ क्षेत्रहरूमा विभाजित गरिएकोमा यस पुस्तकमा ८ क्षेत्रहरू मात्र परेका छन् । प्रस्तुत पुस्तकलाई हेरेर आफ्नो अमूल्य मन्तव्य दिनु हुने पुरातत्त्व विभागका का.मु. महानिर्देशक डा. साफल्य अमात्य तथा पुस्तक लेख्न होसला र प्रेरणा दिनु हुने तारानन्द मिश्रलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै पशुपति क्षेत्र विकास कोषमा हुँदा समय समयमा मार्ग निर्देशन दिनु हुने श्री गोविन्द टण्डनलाई पनि धन्यवाद दिन चाहन्छु भने भाइ राजेन्द्र राजोपाध्यायको सहयोगलाई पनि मैले उत्तिकै महत्त्वपूर्ण मानेकी छु । देवपत्तनका भाइ नरोत्तम वैद्यले गर्नु भएको सहयोग पनि कम महत्त्वपूर्ण थिएन । प्रस्तुत पुस्तकको प्रूफ झर्को नमानी हेरी दिनु हुने श्यामसुन्दर राजवंशी तथा छापाखानाको चाँजोपाजो मिलाइ दिनु हुने प्रकाश दर्नाललाई पनि धन्यवाद नदिइरहन सक्तिन । सानो प्रथम प्रयास भएकोले यसमा थुप्रै गल्तीहरू हुन सक्छन् । पाठकहरूले औंल्याइदिनु भएमा आगामी संस्करणमा सच्याउने कोशिश गर्ने नै छु ।

सरला मानन्धर

विषयसूची



बत्सलेश्वरी मन्दिर

वत्सलेश्वरी

वत्सलेश्वरी मन्दिर श्री पशुपतिनाथ मन्दिरको पूर्व र दक्षिणमा पर्ने आग्नेयकोण वागमती तटमा पर्दछ । 'नेपालमाहात्म्य' एवं 'पशुपतिपुराण' आदि नेपालमा ज्यादै प्रचलित ग्रन्थहरूमा श्री वत्सलेश्वरीका सम्बन्धमा धेरै कथाहरू लेखिएको पाइन्छ । धर्ममा विश्वास राख्ने नेपाली जातिले आफ्ना आराध्यदेवदेवीको उत्पत्ति र त्यसको महिमा थाहा पाउन यी ग्रन्थहरूको माध्यम उपयुक्त हुन्छ ।

'नेपालमाहात्म्य' एवं 'पशुपतिपुराण'मा श्री वत्सलेश्वरीको उत्पत्तिका सम्बन्धमा लेखिएको पाइन्छ । भगवान् शिवले मृगको रूप धारण गरी घुमिरहेको बेला ब्रह्मा, विष्णु र इन्द्रले सिङ समात्दा भाँचिएर तीन टुक्रा भएको उल्लेख छ । त्यहाँ शिवले मृगरूप गरेको र पशुपतिनाथ नामबाट प्रसिद्ध भएको चर्चा पनि पाइन्छ । महादेवसित गौरीले वागमती नदीको तीरमा पशुपतिनाथको नजीकै बस्ने इच्छा व्यक्त गरेको कुरा पनि पाइन्छ ।[1] यो कुरा सुनी श्री महादेवले उत्तर दिएको यसरी वर्णन गरिएको छ –

> म म वात्सल्यतो यस्मात् स्थातुमिच्छसि पार्वति ।
> तस्मात्, ते वत्सला नाम भविष्यति वरानने ॥
> ममाग्नेय्यां सदा तिष्ठ ममाज्ञातो महेश्वरी ॥[2]

अर्थात् हे पार्वती ! मेरो वात्सल्य (प्रेम) ले गर्दा तिमी बस्न इच्छा गर्छ्यौ; यस कारण हे सुन्दर अनुहार भएकी पार्वती ! तिम्रो नाउँ वत्सला हुनेछ । हे महेश्वरी ! मेरो आज्ञाले मेरो आग्नेयपट्टि सधैं बस ।

अनि पार्वतीले शङ्करको यस्तो शुभआशयको बोली सुनेर ती वत्सला यही वागमती नदीको तीरमा रहिन् भन्ने उल्लेख पनि पाइन्छ ।

'नेपालमहात्म्य'मा भगवान् शङ्करले श्री वत्सला देवीको महिमा यसरी व्यक्त गरेको पाइन्छ–

> महापातकसंयुक्तो मानवो दैवयोगतः ।
> वागमत्याः पयसि स्नात्वा वत्सला मां विलोक्य च ।
> मुच्यते सर्वपापेभ्यो नात्र कार्या विचारणा ।[3]

अर्थात् दैवसंयोगले महापापले युक्त मानिस, वागमतीको जलमा नुहाई वत्सलालाई र मलाई दर्शन गरेपछि सबै पापबाट छुट्छ, यसमा विचार गर्ने कुरै छैन।[3]

सोही ग्रन्थमा वागमतीको पानीमा नुहाएर वत्सलादेवीलाई र भगवान् शङ्करलाई दर्शन गरेर जो भक्तहरू जान्छन् उनीहरू सिद्धि प्राप्त गरेर कैलाश जानेछन् भनी उल्लेख गरिएको छ।[4] प्राचीनकालदेखि नै यस्तै भावना व्याप्त भएर नै हो तिनै विश्वासहरूपछि शास्त्रको रूपमा देखिंदै गए। भगवान् श्री पशुपतिनाथ तथा पार्वती एवं यो क्षेत्र नेपालमा प्राचीनकालदेखि नै हिन्दुधर्म तथा संस्कृतिको महत्त्वपूर्ण अंगको रूपमा रहन आउनुको मुख्य कारण यही नै हो।

वत्सलेश्वरी क्षेत्रलाई धार्मिक, आध्यात्मिक दृष्टिले जुन महत्त्व विभिन्न कालहरूमा प्रदान गरियो। तिनै कारणहरूले गर्दा त्यहाँ मन्दिरहरू र शिवालयहरू जस्ता साधनाका स्थलहरूको निर्माण तथा पाटी जस्ता लोकोपकारी कीर्तिको स्थापना हुन गयो। यी हुन्– भैरव (आकाश भैरव) मन्दिर, वत्सलेश्वरी मन्दिर, पञ्च गणेश मन्दिर अनन्त नारायण मन्दिर, कांगेश्वरी मन्दिर, यमराज मन्दिर, विरूपाक्षको मन्दिर गंगा मन्दिर, तीनवटा शिवालयहरू, पाटी एक र अन्य एक।

त्यसै गरी यस क्षेत्रमा सांस्कृतिक सम्पदाका रूपमा रहेका ढुङ्गाका मूर्तिहरू जम्मा ३९ थान, टेराकोटाका मूर्तिहरू १५ थान र शिवलिङ्गहरू ९ थान छन्। जसमध्ये शिवको एउटा विचित्रको मूर्ति छ जसलाई स्थानीय मानिसहरू विरूपाक्ष भन्दछन् र यसको आफ्नै स्थानीय कथा छ। यो मूर्ति यस क्षेत्रमा पाइएकोमा सबै-भन्दा पुरानो भएकोले यहाँ चर्चा गर्नु उपयुक्त देखिन्छ।

विरूपाक्षको मूर्ति जमीनमा आधा गाडिएकोले, हातमा के के छन् भन्न सकिंदैन। यो मूर्ति कम्मरदेखि उँभो नाङ्गै छ यसको घाँटीमा दुईवटा छुट्टाछुट्टै मसिना धागाहरू छन् र कानमा विचित्र आकारका कुण्डलहरू छन्। जुन लिच्छवि, ठकुरी वा मल्लकालको कुनै पनि मूर्तिमा पाइएको छैन।

निधारमा तेस्रो नेत्र स्पष्ट देखिएको हुनाले शिवको मूर्ति भनेर यसलाई चिन्न त्यति गाह्रो छैन। काठमाडौं उपत्यकामा प्राचीनकालदेखि नै आचार्य जाति वा किरात जाति बस्तथ्यो, जसको मुखाकृति सम्भवतः गोलो, डम्म परेको मंगोल आकृतिको थियो।

विरूपाक्षको यस मूर्तिमा झण्डै उस्तै अनुहार भएको, च्युँडो अलि चुच्चो परेको र बीचमा एउटा सानो पातलो धर्सा छ। यस मूर्तिमा जनै नभएको स्पष्ट देखिन्छ। यस विचित्रको मूर्तिलाई कुन समयको हो भनी निर्धारण गर्न गाह्रो छ। पालले यसलाई छैटौं शताब्दीको भनेका छन्[5] तर छैठौं र सातौं शताब्दीका

बनेका मूर्तिहरू त ज्यादै परिस्कृत, परिमार्जित तथा विकसित अवस्थाका भएकाले विरूपाक्षको यस मूर्तिलाई शैलीगतता मूर्ति विधानको हिसावले छैटौं शताब्दीको मूर्ति भन्न सकिंदैन। श्री वाङदेलज्यूले शैलीको हिसावले यसलाई चौथो शताब्दीको अन्ततिरको मूर्ति भनी लेखेका छन्।[६] विरूपाक्षको मूर्ति अध्ययन गर्दा उहाँको काल निर्धारण ठिकै देखिन आउँछ।

विरूपाक्षको मूर्ति त्यस शताब्दीको पुरातात्त्विक अवशेषको रूपमा रही, सो क्षेत्रको अन्वेषण तथा अनुसन्धानको माग गरी बसेको देखिन्छ। यसरी यो क्षेत्र खालि धार्मिक, सांस्कृतिक स्थलको रूपमा मात्र नभई पुरातात्त्विक दृष्टिकोणले पनि महत्त्वपूर्ण हुन गएको छ।

पञ्चगणेश मन्दिरअगाडि रहेको शिलालेखमा कुँदिएका अक्षरहरू पूर्णरूपले नष्ट भई त्यसमा उल्लेख गरिएका कुराहरू पढन नसकिने अवस्थामा छन्। तर महाराज रणवहादुर शाहको एउटा तामापत्रमा राजा जयप्रकाश मल्लले वत्सलेश्वरी देवीको लागि गुठी राखिदिएको भनी उल्लेख भएबाट त्यो शिलालेख सो सम्वन्धी नै हुनुपर्छ भन्ने अनुमान लगाउन सकिन्छ।[७]

श्री वत्सलेश्वरी मन्दिरमा विभिन्न दाताहरूले चढाएको संस्मरणार्थ राखिएका घण्टा अभिलेख, छत्र अभिलेख, पताका अभिलेख, चँदुवा अभिलेख, कपाटाभिलेख रहेका छन्, जुन सबै शाहकालीन छन्। यी सबै ऐतिहासिक विषयवस्तुहरूबाट वत्सलेश्वरी क्षेत्रलाई विभिन्न कालमा महत्व दिंदै आइरहेको प्रमाणित गर्दछ।

पूजा आजा परंपरा र विद्यमान चलन

वत्सलेश्वरी देवीको पूजाका साथै त्यस क्षेत्रमा रहेका अरू देवदेवताहरूको पूजाआजा परम्परादेखि नै गर्दै आएको देखिन्छ। यी देवीको पूजाका बारेमा पुजारी श्री मृत्युञ्जय कर्माचार्यज्यूबाट र गुठी र जात्राको बारेमा श्री वत्सलेश्वरी चन्दन गुठी, सिन्दूर गुठी र ध्वं गुठीका नाइके श्री कृष्णमान श्रेष्ठज्यूबाट थाहा हुन आएको छ।

हरेक महिनाको कृष्ण चतुर्दशीमा विधिअनुसार पूजा गरिने चलन रहेको छ।

वैशाख कृष्ण चतुर्दशीका दिन 'दमनारोहण' पूजा जसको प्रचलित नाम 'स्वाँ छाय' हो, पूजा गरिन्छ। जसमा हरेक किसिमका फूलहरू यी देवीलाई चढाइन्छ। एउटा वंशावलीमा राघवानन्द स्वामीले नेपालको रक्षाको लागि 'दमनारोहण' कर्म चलाए भन्ने उल्लेख पनि पाइन्छ।[८]

आश्विन महिनामा घटस्थापनादेखि चतुर्दशीसम्म पूजा हुन्छ । चैत्र वदि द्वादशीको दिन वत्सलेश्वरीमा बलि पूजा हुन्छ । सोही दिन जयवागीश्वरीबाट चार वर्णबाट पूजा चलाइन्छ अनि वत्सलेश्वरीमा भोगसहितको पूजा गरिन्छ । त्रयोदशीका दिन राँगा एक र भेडा एकसहितको बलि पूजा गरिन्छ र देवीको प्रतीक ढुङ्गालाई भुजा लगी छोपिन्छ । चैत्र कृष्णपक्षको प्रतिपदाका दिन निमन्त्रणा पूजामा वत्सलेश्वरी मन्दिरमा बलिसहितको पूजा गरिन्छ ।

यस दिन सानो खटमा शिवलिङ्ग राखी, पशुपतिनाथको भट्ट एक जना-सहित आशा गुर्जा भनिने (चाँदीले मोडेका दुईवटा दण्ड) रखवालाको रूपमा निमन्त्रणाको लागि लगिन्छ । वत्सलेश्वरी देवीका दिदीबहिनी मानिने अरू देवी-हरूलाई निमन्त्रणा दिनका लागि गइन्छ भन्ने कुरा प्रचलित रहेको छ । यो जात्रा नक्साल भगवतीबाट कमलपोखरी भएर जैसी देवल, माजुसिमासम्म लगी त्यस स्थानमा खट राखी स्थानीय बासिन्दाहरूले पूजाआजा गर्ने चलन छ ।

पिशाच चतुर्दशीका दिन श्री पशुपतिनाथका चार जना भट्टहरू र अरू बासिन्दाहरूबाट यस देवीस्थानमा दुनियाँ पूजा नामक पूजा गरिन्छ । सोही दिन वत्सलेश्वरीको स्वरूप धातुको कवच द्योछेंबाट लगी देवीस्थानमा राखिन्छ र २२ जना कन्याकुमारीहरूलाई दक्षिणा आदि दिई पूजा गरिन्छ[१] र पंचबलि पूजा रातमा गरिन्छ । परापूर्वकालमा सो देवीस्थानमा नरबलि दिने चलन थियो भन्ने उल्लेख गरेको पाइन्छ । न्हुच्छे प्रधान परिवारको वंशावली नामक किताबमा लेखिएको छ कि वत्सलेश्वरीका गुठीको बारेमा श्री ३ चन्द्रशम्शेरबाट छलफल हुँदा सो गुठी राजगुठी ठहरियो र त्यस बेलादेखि गुठीमा रहेको १०० रोपनी जग्गा पनि जफत भयो । जो नरबलिको सट्टा पंचबलि हुन गयो । सोही रात नौवटा सुढा (गुका सीं) सहितको जम्बुदीप जलाइन्छ । मन्दिरको अगाडिको पाटीमा शिव र शक्तिको बेग्लाबेग्लै पूजा गरिने चलन रहेको छ । भोलिपल्ट चैत्र औंसीको प्रातःकालमा थनाका सिङ धारामा अग्नि कला, स्वं कला र गंगाजल खन्याई देवी-लाई स्नान गराइन्छ । त्यस बखतको जलधाराबाट नुहाउँदा आफ्नो रोगव्यथा र सन्तान नभएको दुःखबाट मुक्ति पाइन्छ भन्ने विश्वास रहेको छ । त्यही दिनमा वत्सलेश्वरी गुठीको सबभन्दा जेठो गुठियार स्याल जस्तो बनेर पृथ्वीमा, अशान्ति नहुन र राजाको जयको लागि प्रार्थना गर्दछ र स्याल कराएजस्तो तिखो स्वरले तीन-चोटि कराइन्छ ।

त्यही रात श्री पशुपतिनाथका मूलभट्टबाट सिन्दूरजात्रा गरी श्री वत्सलेश्वरीको खटयात्रा चलाइन्छ । जात्रा गरी त्यस दिन नवाली टोलमा लगी खट राखिन्छ । भोलिपल्ट सिफलको तापाः खेलमा लगी खटलाई नचाई पंचे-

बाजा इत्यादि बजाउने र भण्डारखालको पर्खालमा खटलाई दुईचोटि ठोकाइन्छ। खटलाई ताम्रेश्वर भई जयवागीश्वरीबाट पशुपतिमा जात्रा गरी ल्याउने चलन रहेको छ। पशुपतिको मूलढोकामा एकचोटि ठोकाई, पछाडिबाट फर्काई भुवनेश्वरी, सम्भारेश्वर भैरव, परिक्रमा गरी अमालकोट कचहरीको अगाडि डबलीमा विराजमान गराइन्छ। त्यस बखत दही, रोटी, फलफूल, कपडा इत्यादिसाथ मूल भट्ट र अरू भट्टबाट विचाः पूजा (हेरचाह पूजा) गरिन्छ। साथै रकमीहरूसमेत पगडी बाँधी अमालकोट कचहरीमा आई जात्रामा नाच्ने र बाजा बनाउनेहरूलाई नगदी दिने दस्तूर रहेको छ। भट्टहरूबाट देवीको खटमा सिन्दूर चढाइन्छ। त्यसै दिन नवसाल भगवती ल्याई वत्सलेश्वरीलाई दिदीको रूपमा ढोगाइ लग्ने चलन रहेको छ।

त्यही रात चावहिलका बासिन्दाहरू आई देवीलाई आफ्नो छोरा भेट्टाउन भनी चन्द्रविनायक लगिने चलन रहेको छ। भोलिपल्ट तापाः खेलमा ल्याई खट नचाई भण्डारखालको पर्खालमा तीनचोटि ठोकाइन्छ र सिफलको ढोकानिर ल्याई खट बिसाइन्छ। त्यही बेला पशुपतिनाथको मूल भण्डारी दुई जनाले चँवर पंखाले हम्काइ जात्रा चलाई पशुपतिमा ल्याइन्छ र ढोकामा तीन चोटि ठोकाइन्छ। सोही बेला मूल भट्ट आई सिन्दूर चढाइन्छ। त्यसपछि लगन लाछी टोलको डबलीमा खट बिसाइन्छ र देवीलाई भोग चढाइएको राँगाको टाउको भीमसेन डबलीमा फोडी आठ भागपारी आठ गुठीको गुठीयारहरूलाई बाँडिन्छ। त्यसपछि वत्सलेश्वरीको जात्रा विसर्जन हुन्छ। त्यसको चार दिनपछिसम्म देवीको पूजा-आजा गरी मूलभट्टलाई विसर्जनको प्रसाद दिइन्छ।

यसरी यो क्षेत्र शताब्दियौंदेखि शृङ्खलाबद्ध रूपमा श्रद्धा, आस्था, भक्ति र मान्यताको जीवन्त परम्परा तथा पर्व, यात्रा, कला वास्तुकलाको अविच्छिन्न परम्परासमेतको जीवित सांस्कृतिक, धार्मिक सम्पदासम्पन्न महत्त्वपूर्ण तीर्थस्थलको रूपमा रहेको छ। वत्सलेश्वरीको मन्दिर र जात्रा पहिलेदेखि नै दाताहरूले दिएको जगाजमीनको आयस्ताले चलेको[१०] र चलिरहने भएकोले ती गुठी जग्गाहरूको बचाउको लागि ठोस पाइला चाल्न नितान्त आवश्यक छ। गुठी जग्गाको बचावट र त्यसको आयस्ताबाट पूजाहरू र जात्राहरू कसरी सुव्यवस्थित रूपबाट परम्परा झैं चल्न सक्छन् यसमा विचार पुऱ्याउनु नितान्त आवश्यक देखिन्छ। साथै परम्परादेखि धार्मिक एवं सांस्कृतिक गतिविधिका लागि प्रयोग गरिने स्थलहरू जस्तै लगनलाछी डबली, अमालकोट कचहरीनजिकको डबली, वत्सलेश्वरी मन्दिरको अगाडिको पाटी जसमा कन्याकुमारीहरूको पूजा गरिन्छ, सिफलको ढोका इत्यादि स्थानहरू जुन अभिप्रायको लागि बनाइएको थियो सोही कुराको लागि मात्र उपयोग गर्नुपर्ने देखिन्छ।

श्री वत्सलेश्वरी गुठी राजगुठी हो[११] र हाल सो गुठी मेहरमान

श्रेष्ठका छोरा श्री कृष्णमान श्रेष्ठज्यूले चलाउँदै आइराख्नुभएको छ। यो गुठी-अन्तर्गत तीन गुठी पर्दछन्– वत्सलेश्वरी सिन्दूर गुठी, वत्सलेश्वरी चन्दन गुठी ध्वं गुठी। हाल श्री कृष्णमान श्रेष्ठ ध्वं देउताको द्योछेमा (देवीको घरमा) वसी सबै गुठी चलाई वस्नुभएको छ। गुठीका जग्गाहरू रैकरमा परिणत हुन नदिन उहाँको गुनासो रहेको छ। गुठी जग्गाहरू नै लोप भए भने नित्य-नैमित्तिक पूजाआजा रोकिने मात्र नभई प्रत्यक्ष रूपमा राष्ट्रिय संस्कृति पतन हुन वेर लाग्दैन।

हाल वत्सलेश्वरीको द्योछे (देवी घर) भत्केको हुनाले धातुका कवच (देवीको स्वरूप) ललित मान श्रेष्ठज्यूको घरमा राखिएको छ। सो द्योछे पहिलेकै ढाँचामा पुनः निर्माण गर्नुपर्ने नितान्त आवश्यक देखिन्छ। कुनै पनि देवीदेवताको पूजा आजा निजी घरमा गरिंदा गर्नुपर्ने विधिअनुसार गर्नलाई वातावरण अनुकूल नहुने, सुरक्षा पनि नहुने देखिन्छ। वत्सलेश्वरी क्षेत्रभित्र रहेका स्मारकहरूको छानामा घाँसपात उम्रिएको देखा परेका छन्। मन्दिरको तोरणमा कालो रङ लगाएको देखिन्छ। यी कारणहरूले गर्दा स्मारकहरू जीर्ण हुने हुँदा यसलाई रासायनिक प्रक्रिया-बाट संरक्षण गर्नुपर्ने आवश्यक देखिन्छ। सबैभन्दा ठूलो टेराकोटाको अनन्त नारायण-को मूर्ति फुटेको र फाटेको अवस्थामा रहेको छ। यसलाई पनि चाँडै नै सुरक्षा गर्नुपर्ने देखिन्छ।

श्री वत्सलेश्वरी मन्दिरको छानामा राखिएको पित्तलको पाता हरियो भएको देखा परेको छ। यो हुनुको कारण फोहर पानी त्यसको नजीकै भएकोले हो। अतः त्यस ठाउँको वातावरण नै स्वच्छ र राम्रो बनाउन प्रयास गर्नुपर्ने देखिन्छ। सांस्कृतिक सम्पदाका रूपमा रहेका विभिन्न मूर्तिहरू र शिवलिङ्गहरूको पनि उचित संरक्षण र सुरक्षा गर्न पर्ने देखिन्छ।

माथि उल्लेख गरेका सबै कुराहरूबाट यस क्षेत्रको संरक्षण एवं सम्वर्धनको दिशामा ठोस कदम चाल्न सके नेपालको धर्म तथा संस्कृतिको जगेर्नाको पक्षमा महत्त्वपूर्ण कार्य हुनेछ। धार्मिक सहिष्णुता, हिन्दूधर्म र नेपाली संस्कृतिलाई जगेर्ना गर्दै सामान्य जनजीवनमा समेत त्यसको अमित छाप राख्न सके मात्र सबै प्रयास सफल हुने देखिन्छ।

पादटिप्पणीः—

१. मुक्तिनाथ खनाल (जन) नेपालमाहात्म्य, प्रथम संस्करण (काठमाडौं) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२८, अध्याय १ श्लोक १–३० पृष्ठ १–८
२. ऐजन श्लोक ३९ र ४२ पृष्ठ ६ र ७।
३. ऐजन श्लोक ४७, पृष्ठ १५७
४. ऐजन श्लोक ४० र ४१ पृष्ठ ७
५. प्रतापादित्य पाल—आर्ट अफ नेपाल
६. लैनसिंह वाङदेल— प्राचीन नेपाली मूर्तिकलाको इतिहास, काठमाडौं नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान वि.सं. २०३९, पृष्ठ ६५
७. सम्वत् १८५३ साल मार्गको तामापत्रको नक्कल।
८. लवबहादुर प्रधान (वि.सं. २०२८) न्हुच्छे प्रधान परिवारको वंशावली
९. सम्वत् १८५३ साल मार्गको तामापत्रको नक्कल।
१०. ऐजन
११. ६१ साल चैत्र २७ गते रोज १ का हुकुम प्रमाङ्गी।

भुवनेश्वरी

भुवनेश्वरी मन्दिर श्री पशुपतिनाथ मन्दिरको दक्षिण र पश्चिममा पर्ने नैऋत्य कोणमा पर्दछ ।

भाषा वंशावलीमा भुवनेश्वरी देवीको स्थापना र मन्दिरको बारेमा लेखेको पाइन्छ । हुनत वास्तविक रूपमा वंशावलीलाई पूरा ऐतिहासिक महत्व दिन त सकिदैन तापनि हामी यसलाई सर्वथा इतिहासको रूपमा स्वीकार नगर्न पनि सक्दैनौं ।


सूर्यवंशी राजा शिवदेवले भुवनेश्वरी साम्राज्य कामनाले फाल्गुन कृष्ण द्वितीय हस्त नक्षत्र वृद्धि योग, रविवारका दिन प्रतिष्ठा गरी प्रख्यात गराएका थिए ।[1]

भुवनेश्वरी देवीलाई भुवन यानि लोककी ईश्वरी भनी मानिआएका छन् । भाषा वंशावलीमा जयवागीश्वरी र राजराजेश्वरीसहित नौ ईश्वरीमध्ये भुवनेश्वरी पनि एक मूल मूर्ति भई सदा रक्षाकारी गर्न विराजमान भएकी छन् भनी लेखिएको छ ।[2]

नेपालको धार्मिक इतिहास तथा संस्कृतिको क्षेत्रमा भुवनेश्वरी तथा यस मन्दिरले चर्चेको क्षेत्रको महत्त्व रहेको कुरा यस क्षेत्रमा रहेका मन्दिरहरू धाराहरू, कुण्डहरू, डबली र यस क्षेत्रमा मनाइने जात्रापर्वहरूबाट ज्ञान हुन आउँछ ।

भाषा वंशावलीमा र देवमाला वंशावलीमा भुवनेश्वरी मन्दिर, पुजारी भूमि आचार्य र यस क्षेत्रमा मनाइने त्रिशूलजात्राको बारेमा लेखेको पाइन्छ । देवमाला वंशावलीमा राजा अमर मल्लले नेपाल सम्वत् ६३४ सालमा पुजारी भूमि बन्धु आचार्यसँग सम्मत गरी तान्त्रिक विधिले ९ प्रकारका रथ बनाई कुमार कुमारीहरू ९ जनालाई रथमा चढाई ईशानेश्वर प्रदक्षिणा गराई यात्रा गर्ने रीत चलाई धेरै खेत गुठीमा राखिदिएका थिए भन्ने लेखिएको पाइन्छ ।

केही वर्षपछि मन्त्रशास्त्रमा निपूण भएका भूमिबन्धु दत्त आचार्यले अमृतसञ्जीवनी खोज्न गएका थिए । कान्तिपुर शहरवासी कोही एकले भूमिबन्धु आचार्य, मऱ्यो र अग्निसंस्कार गरिसक्यो भनी सुनाउँदा ती भूमिबन्धु आचार्य, दिक्दार मानी फर्की अलप भैगए । तसर्थ सोही त्रिशूलयात्रामा मारुत



भुवनेश्वरी मन्दिर

पुष्पको शरीर मृतक तुल्याई यात्रा गर्नेमा कान्तिपुरवासीहरूलाई गाली गर्ने रीत चलेको छ।[३]

यहाँ पुजारी भूमिबन्धु आचार्य लेखिएको छ भाषा वंशावलीमा भूमि आचार्य भन्ने लेखिएको पाइन्छ। बानेश्वर ब्यारेकस्थित छपवक दोंमा (ढिस्को) शिला भई रहनुभएका भन्ने मानिने भूमि आचाजुलाई पूजा गरी त्रिशूलजात्रा चलाउन स्वीकृति लिने चलन रहेकोबाट सो ठाउँ भूमि आचाजु अलप भएको ठाउँको स्मरणमा पूजा गरिने परम्परा रहेको देखिन्छ। फेरि भूमिबन्धु आचार्यको शवलाई परिक्रमा गर्दै आएको चलन अद्यापि पाइन्छ।

भाषा वंशावलीमा राजा अमरमल्लले भुवनेश्वरीका पूजाहारी भूमि आचार्य मन्त्र शास्त्रमा बडो प्रवल हुनाले तिनसित सम्मत गरी मंगलेश्वरी, भुवनेश्वरी, जयवागीश्वरी, वत्सलेश्वरी एवं पशुपतिनाथका खुशी निमित्त बडो असंभाव कारी लोकमा धन्य कहाई नौ प्रकारका रथ बनाई मुसल शृङ्खला त्रिशूल खड्ग बलि ३ छुरी पाश इत्यादि संयुक्त गरी कुमारकुमारीहरू नौ जनालाई रथमा चढाई आषाढ कृष्ण अष्टमीका दिन ईशानेश्वर प्रदक्षिणा गराई देशमा प्रतिवर्ष यात्रा गराए भनी लेखिएको छ।

नेपाल सम्वत् ६२७ मा यी भूमि आचार्य अति गुणीजन तन्त्रशास्त्रमा प्रवल हुनाले मृतसञ्जीवनी लिन जाँदामा लोप भैगए।

फेरि यिनै राजा (अमर मल्ल)ले दुर्गासित (भुवनेश्वरीसँग) आउने राजवैद्यका सन्तानलाई मगाई देवपत्तनमा नवगृह सन्धि मूलस्थान गरी यिनी-हरूका कूलदेवतालाई जगाउनलाई बसाए। राजा अमर मल्लले देवताहरूको नित्य सेवा गरी यात्रा प्रतिवर्ष गरी खुसीसँग भोग गरी बसे।[४]

भाषा वंशावलीमा राजा नरेन्द्र मल्लका पालाका भुवनेश्वरीका देवालय जीर्णोद्धार गरी अधिको भन्दा बढाई देवालय बनाइदिए भन्ने उल्लेख गरेको पाइन्छ।[५]

सोही वंशावलीमा राजा प्रताप मल्लका छोरा नृपेन्द्र मल्लले भुवनेश्वरी देवालय रानीसहित भै यथाक्रमले बनाई बसाए भन्ने लेखिएको छ।[६]

भुवनेश्वरी मन्दिरभित्र रहेका भनिएको नेपाल सम्वत् ८४५ साल पौष शुदि १४ को शिलापत्रको नक्कल प्राप्त हुन आएको छ। सो शिलापत्रको नक्कलमा लेखिएको छ कि श्री मन्महाराजाधिराज नरेन्द्र ? स्पष्ट नभएको मल्लको पालामा गोल देशको (देवपत्तन) भकुनी टोल धोका छेंयको बन्धु दत्त कर्माचार्यले राक्षस-हरूलाई नाश गरी, कुमार कुमारीहरूको अङ्ग भङ्ग छिन्न भिन्न गरी त्रिशूल जात्रा गरेर देशको रक्षा गरेकोले प्रभु ठाकुर प्रसन्न भएर वरदान स्वरूप श्री भुवनेश्वरीको

नित्य पूजा, त्रिशूल जात्रा, घण्टा कर्ण चतुर्दशी, विजया दशमी, सुवर्ण पुष्पारोहण दमनारोहण, देगुली पूजा, लक्ष्मी पूजा, मिला छ्यके (आगो बाल्ने), बाला चतुर्दशी, शिवरात्री, पिशाच चतुर्दशी र १२ वर्षको एकचोटी श्री हरिसिद्धिको पूजा-आदि पर्व पूजाहरूको लागि विभिन्न ठाउँहरूको जग्गा जम्मा ३२ रोपनी गुठी राखिदिए। प्रभु ठाकुर प्रसन्न भएर यी जग्गाहरूको कर राजाहरूले लिन नपाउने गरिदिए। साथै यो गुठी वन्धुदत्तको सन्तानसन्तति वाहेक अरूले लिन नपाउने भनी लेखिएको छ।

सो शिलापत्रको नक्कलमा लेखिएको छ कि नेपाल सम्वत् ८२७ पौष वदि ९ रोजमा श्री ५ महाराजाधिराज जगज्जय मल्लले दशैंको पर्व तथा त्रिशूल जात्राको लागि फेरि खेत थपिदिए र बन्धुदत्तको नाति जयश्वर कर्माचार्यसंग प्रसन्न भएर मन्दिरको एक छत्र जीर्णोद्धार गरेर यो गुठी (भुवनेश्वरी गुठी) बन्धुदत्तको सन्तानसन्तति बाहेक अरूले लिन नपाउने भनेर लेखेर तथा यो जगेर्ना गऱ्यो भने श्री पशुपतिनाथको सुदृष्टि पर्ने र यो बिगार्नेलाई श्री भुवनेश्वरीको कुदृष्टि पर्ने छ भनी मिति ने.सं. ८५४ पौष शुदि १४ रोजको शिलापत्र राखिएको छ।[७] यसरी यो शिलापत्रको नक्कलले भुवनेश्वरी मन्दिर, गुठी, पर्व पूजाहरू र जात्राको बारेमा तथ्य जानकारी प्राप्त गर्न मद्दत पुगेको छ। वंशावलीहरूमा लेखेको तथा हाल प्रचलनमा रहेको कुराहरू पनि यसले प्रमाणित गरेको छ। राजा नरेन्द्र मल्ललाई अमर मल्ल भनी भनिएको पाइन्छ।

यो शिलापत्र मन्दिरभित्र रहेका छन् भनी सो मन्दिरका पुजारीले भन्नु भएको छ र सो शिलापत्र वाहिर ल्याउन हुँदैन र मन्दिर भित्र पनि पस्न नहुने भनेकोले शिलापत्र हेर्न पाइएको छैन। पुजारीका अनुसार शिलापत्रको अधिकांश भाग नष्ट भईसकेको छ। शिलापत्र नेवारी भाषामा लेखिएको हुनाले नक्कल पनि नेवारी भाषामा नै रहेको छ।

माथि उल्लिखित शिलापत्रको नक्कलको अध्ययन गर्दा मल्लकालमा राजाहरूले यी भुवनेश्वरी देवीको महत्त्व बुझी पूजा, जात्रा, पर्वहरूको लागि जग्गा गुठीमा राखी, जीर्णोद्धार गरी, यसको जगेर्नाको लागि सक्दो प्रयास गरेर राम्रो काम गर्नेहरूलाई भगवान्को आशीर्वादस्वरूप सन्तान र सम्पत्तिको सुख भोग्न पाउने र मन्दिर र गुठी विगार्नेलाई देवीको कुदृष्टि पर्नेछ भनी धर्ममा विश्वास राख्ने जनजीवनलाई त्रास देखाइएको पाउँछौं। यो अनुसार त्यो बेला मानिसहरू राजाको सजायभन्दा भगवान्को कुदृष्टिदेखि डराउँदा रहेछन् भन्ने बुझिन्छ।

भुवनेश्वरी क्षेत्रमा भुवनेश्वरी मन्दिरमात्र होइन कि बालकुमारी मन्दिर, चार मुखे शिवलिङ्ग, नासल (नृत्यनाथ) देवस्थल, शिवकुण्ड र ज्ञानकुण्ड जस्ता

धार्मिक स्थलहरू, धार्मिक एवं सामाजिक कार्यहरूको लागि बनेका सत्तल, डबली र लोकोपकारी कीर्तिको रूपमा रहेका दुई ढुंगे धाराहरू पनि रहेका छन्।

धार्मिक सम्पदाका रूपमा रहेका धातुका दुई मूर्तिहरू मन्दिरभित्र र ढुङ्गाका एक्काइस थान मूर्तिहरू विभिन्न ठाउँमा रहेका छन्। साथै शिवलिङ्गहरू भने दुई थान मात्र रहेका छन्।

भाषा वंशावलीमा राजा शिवदेवले भुवनेश्वरीको स्थापना गरेका थिए भनी लेखिएको छ। सो स्थापना गरेको वेलाको शिलापत्र या ताम्रपत्र भेटियो भने यो कुरा प्रमाणित हुन आउँछ।

भुवनेश्वरी मन्दिरमा एउटा शाहकालीन शिलापत्र राखिएको छ तर त्यसमा केही विवरण लेखिएको छैन। बालकुमारी मन्दिरभित्र रहेको भगवतीको ढुङ्गाको मूर्तिको तोरणमा नेपाल सम्वत् ५०२ को अभिलेख रहेको छ। यो क्षेत्र भित्र अरू पनि ऐतिहासिक प्रमाणहरू भविष्यमा भेट्न सक्ने सम्भावना रहेको छ।

पूजा आजा, जात्रा, चाडपर्व परम्परा र विद्यमान चलन

भुवनेश्वरी देवीको पूजा आजा, तिनको नियमितता एवं निरन्तरताको निम्ति भुवनेश्वरी गुठी रहेको छ। यसको स्थापनाको बारेमा माथि चर्चा गरेअनुसार राजा नरेन्द्र मल्लले भुवनेश्वरीको पूजा, पर्व र जात्राहरूको लागि गुठी राखिदिएका थिए। यो छूट गुठी हो। भुवनेश्वरी मन्दिरका हाल पुजारी श्री रत्नलाल कर्माचार्यज्यू हुनुहुन्छ। उहाँ गत १२–१५ वर्ष देखि यस मन्दिरका पुजारीका रूपमा रही नित्य पूजा र पर्व पूजाहरू चलाउँदै आईरहनुभएको छ। भुवनेश्वरी गुठीका तालुकी हाल नानीमाया श्रेष्ठ हुनुहुन्छ। पुजारी र तालुकी मिलेर सबै जात्रा पर्वहरू चलाउँदै आइरहेका छन्। जुन यस प्रकार रहेका छन्।

वैशाख :

यो महिनामा दमनारोहण (स्वाँ छाय) पूजा गरिन्छ। यो पर्वपूजामा बोका बलि दिई विभिन्न किसिमका फूलहरू देवीलाई चढाइन्छ। सबै गुठीयारहरू-लाई प्रसाद ख्वाइन्छ। वैशाख शुदि तृतीयाका दिन भुवनेश्वरी मन्दिरभित्र रहेको धातुको मूर्ति वनकाली स्थित पीठमा लगी पंचबलि पूजा गरिन्छ। रकमीहरूलाई भोज पनि ख्वाउने चलन रहेको छ।

ज्येष्ठ :

भुवनेश्वरी गुठीबाट विश्वरूप जङ्गलमा गई देवाली पूजा मनाइन्छ।

यसमा पुजारी एक, जजमान एक, ज्यापू एक र कपाली एक गई पूजा गरी भोज खाने चलन रहेको छ ।

आषाढ :

आषाढ वदि, भलभल अष्टमीको चार दिनअगाडि भूमिदत्त । (बन्धुदत्त) आचार्य सिद्ध भएका स्थान छपवक द्वोमा निमन्त्रणा पूजा गरिन्छ ।

भलभल अष्टमीका दिन जयमङ्गलामा यस मन्दिरमा रहेको त्रिशूल पठाउनुअगाडि वोका बलि दिई पूजा गरिन्छ र पछि जयमङ्गलामा पनि वोकाको बलिसहित पूजा गरिन्छ ।

त्रिशूल जात्रा गर्नअगाडि त्रिशूलमा उनिने बच्चालाई यस देवीस्थानमा साधन गरी, मन्त्रदान गरी जात्राको लागि पठाइन्छ । जात्रापछि फर्काइल्याई यस देवी स्थानमा स्वागत गरी, सगुन दिई भोज ख्वाई दक्षिणा आदि गुठीबाट दिइन्छ ।

यस जात्राको दिनमा भुवनेश्वरीमा पूजा हुँदा आचाजु विसेत १० जना ज्यापू एक जना, कसाइ १ गरी जम्मा १५ जना जति हुनु पर्नेमा हाल विसेत घट्न गई ३-४ जना मात्र हुने गर्दछन् भनी थाहा हुन आएको छ ।

त्रिशूलजात्रा गर्ने खटहरू सबै भुवनेश्वरी मन्दिरमा ल्याइन्छ । भूमि आचाजुको शव मुं स्वां भन्ने फूलवाट बनाई खटमाथि राखिन्छ । त्यसपछि भुवनेश्वरीवाट यो शवजात्रा शुरू गरेर त्रिशूल जात्रा संग संगै लगी जयवागीश्वरी पुग्दछ र त्यहाँबाट ईंटा छापिएको पुरानो बाटोबाट सिफलको चलंपा भन्ने ठाउँसम्म पुऱ्याएर फर्कंदा जयवागीश्वरीको अर्कोतर्फको कच्ची बाटोबाट ल्याइन्छ । भूमि आचाजुको शवजात्रा त्रिशूलजात्रा संगसंगै लगी राजराजेश्वरीस्थित नदीमा कृत्रिम शवलाई सेलाई फेरि मलामीहरू भूमि आचाजुको कृत्रिम अस्तु लिएर फर्किन्छन् । त्यो अस्तु पशुपति दक्षिणामूर्तिका ब्राह्मणले शान्तिस्वस्ति गरेर पुनः त्यो अस्तुलाई भूवनेश्वरी मन्दिरमा भित्र्याइन्छ । त्यसपछि गुठियारहरू सबै मिलेर समेय वजी (प्रसाद) खाने चलन छ । सोही रातमा भुवनेश्वरीभित्र रहेको सानो चतुर्मुख शिवलिङ्ग (शालिग्रामको) एउटा वाटामा राखी विसेत एक जनाले पाँच जना भट्टहरूकहाँ, मूल भण्डारी चार जनाकहाँ र विसेत नाइकेकहाँ परिक्रमा गराउँछन् र परिक्रमापछि फेरि भित्र्याइन्छ । त्यसको भोलिपल्ट नेवारी संस्कार अनुसार ११ दिनमा हुने घःसु (शान्तिस्वस्ति) गरेर भोज खाने चलन रहेको छ ।

यो जात्राको चार दिनपछि बानेश्वर गई छपवक दोमा बिसर्जन पूजा गरो प्रसाद खाने चलन रहेको छ । विसेतहरू हाल यो शवयात्रामा घट्न गएकाले

चार जनाले भूमि आचाजुको कृत्रिम लाश बोक्नुपर्नेमा २ जनाले बोक्नुपरेको छ ।

श्रावण:–

यो महिनामा घण्टाकर्ण चतुर्दशीका दिन भुवनेश्वरीमा पूजा गरी घण्टाकर्णलाई भोज चढाउने चलन रहेको छ ।

भाद्र:–

एकादशीको दिनमा भुवनेश्वरी मन्दिरभित्रको इन्द्रको स्वरूप काठको यसिलाई स्थापना गरी पूर्णेको दिनमा भोज चढाई सबैलाई प्रसाद बाँड्ने चलन रहेको छ ।

आश्विन:–

घटस्थापनाको दिनदेखि पूर्णिमासम्म दशैंपूजा गरिन्छ र पूर्णिमाका दिनमा रकमीहरूलाई भोज ख्वाइन्छ । फूलपातीको दिन श्री ५ महाराजाधिराज सरकारबाट बलिसहितको पूजा यस देवीस्थानमा पठाइबक्सिने चलन रहेको छ । अष्टमीका दिन धेरै भक्तजनहरू पूजा र बलि चढाउन आउँदछन् । सोहीदिन एउटा कुखुरा बलि दिई भोज ख्वाइन्छ ।

नवमीका दिन बोका बलि दिई गुठियारहरूलाई भोज खवाउने प्रथा रहेको छ ।

दशमीका दिन ५ जना कन्याहरूलाई पूजा गरी भोज ख्वाई दक्षिणा दिने चलन रहेको छ ।

कार्त्तिक :–

ठूली एकादशीमा रातमा भजन गरिन्छ । सबै किसिमका भुटेका अन्नहरू गेडागुडीहरू (छुस्या–मुस्या), मिठाईहरू र फलफूलहरू देवीलाई चढाई सबैलाई प्रसाद वितरण गरिन्छ । लक्ष्मीपूजाको दिन लक्ष्मीपूजा र भुवनेश्वरीको पूजा गरिन्छ ।

बालाचतुर्दशीका दिनमा भुवनेश्वरीको पर्वपूजापछि नास: ननीमा भजन गराई नृत्यनाथलाई भोग चढाई भोज ख्वाउने चलन रहेको छ ।

माघ :–

माघ लाग्ने पूर्णिमाका दिन डबलीमा होम गरिन्छ र होमपछि भुवनेश्वरीको पूजा गरिन्छ ।

फाल्गुनः—

शिवरात्रीको दिनमा भुवनेश्वरीमा पर्वपूजा गरी कीर्तिमुख भैरवमा भोग दिई पूजा गरिन्छ ।

चैत्रः—

चैत्र कृष्ण अष्टमीका दिन श्री भुवनेश्वरीको पूजा गरी भोग पकाई श्री पशुपतिनाथना चढाइन्छ । बेलुका एक जना ज्यापूलाई भोग बोक्न लगाई, भुवनेश्वरीको पुजारी १, पशुपतिनाथको भट्ट १, पालोवाला भण्डारी १ शिवलिङ्ग खट्मा राखी (महादेवको स्वरूप मानेर) सबै देवदेवीहरूलाई निमन्त्रणा दिन शहर परिक्रमा गर्ने चलन रहेको छ । यो निमन्त्रणा वत्सलेश्वरी जात्राको लागि गरिन्छ । दुरुं च्याँ च्याँ को आवाजमा बाजा बजाई काठमाडौं परिक्रमा गरिन्छ ।

चैत्र वदि द्वादशीका दिन श्री वज्रेश्वरीमा चारवर्णबाट गरिने पूजाका बेला भेलुपासहितको पूजा भुवनेश्वरीबाट लैजाने चलन रहेको छ।

भोलिपल्ट रात्रीमा श्री वज्रेश्वरी स्थानमा कन्या ख्वाउनेमा ९ जना कन्या र दुई जना कुमारसहित एघार जनालाई भुवनेश्वरी गुठीको तर्फबाट पूजा गरी, भोज ख्वाई दक्षिणा दिइन्छ ।

चैत्र कृष्ण चतुर्दशीका दिन, रात्रीमा 'भालींचा' गुठीसहित भुवनेश्वरीबाट ठूम्वा वलि दिई वत्सलेश्वरीमा अन्नप्राशन (जां पायगु) गरिन्छ ।

औंसीका दिन वत्सलेश्वरीलाई जात्रा गरी भुवनेश्वरी क्षेत्रमा ल्थाउँदा डबलीमा राखी पताका चढाउने चलन रहेको छ । त्यहाँ सबै जना आई पूजाआजा गर्दछन् ।

यी सबै पर्वहरूबाहेक १२ वर्षको एकचोटि हरिसिद्धि देवता यस स्थानमा आउँदा बलिसहितको पूजा गरिन्छ ।

माथि उल्लिखित सबै पर्वपूजाहरू सम्वत् ८४५ सालको शिलापत्रको नक्कलमा उल्लेख गरेको पाइन्छ । भुवनेश्वरी पुजारीले अष्टमातृका, वत्सलेश्वरी, कीर्तिमुख भैरव, उन्मन्त भैरव, स्वच्छन्द भैरव, सरस्वती जयमङ्गला समेत सात देवीदेवताहरूको नित्य पूजा गर्नुपर्दछ । भुवनेश्वरीमा बेलुकी नित्य आरती पनि गर्नुपर्दछ ।

भुवनेश्वरीको नित्य र पर्वपूजाहरूको मुचुल्कामा नित्य विहान नगरा बजाउनेलाई धान मुरी १।१० के रू. १ को धान पाथी । ५ ले रू. ६ भनी लेखिएकोले नगरा बजाउनुपर्ने तर खान्की कम भएकोले चलन हराएको देखिन्छ । भुवनेश्वरी गुठी बन्धुदत्तका सन्तानले मात्र चलाउने अरूले चलाउन नपाउने भन्ने परम्परा

हालसम्म रहेको छ । सो सम्बन्धमा वि.सं. २०११ सालको श्री पशुपति गोश्वाराबाट जारी भएको बन्धुदत्तका सन्तानमा भुवनेश्वरी कर्माचार्यभन्दा नजिकको हकदार-हरूको पन्ध्र दिनको म्याद भन्ने सूचनाको सक्कल बमोजिमको नक्कलबाट बुझिन आउँछ ।' हाल तालुकी नानीमाया श्रेष्ठ पनि भुवनेश्वरी कर्मचार्यकानै नातेदार भएको बुझिन आएको छ ।

शताब्दियौंदेखि निरन्तरता प्राप्त गर्दै आएको धर्मप्रतिको श्रद्धा, आस्था र विश्वासलाई अझ उजागर पार्ने तथा आत्मसन्तुष्टि र मोक्षका कामनाले अभि-प्रेरित भएर स्थापित धार्मिक सम्पदाहरूले सिर्जना गरेको तथा गर्नुपर्ने शाश्वत धार्मिक वातावरणको संरक्षणमा आवश्यक हुने समयोचित कदमहरू चाल्नुपर्ने देखिन्छ ।

भुवनेश्वरी मन्दिरः–

हाल यो मन्दिर शाही नेपाली सेना पाइनियर गणबाट जीर्णोद्धार गरिएको छ । मन्दिरको सुरक्षाको लागि एक जना सुरक्षा गार्ड पनि खटाइएको छ । कुनै पनि क्षेत्रबाट जीर्णोद्धार गर्नको लागि कदम चलाउने र मन्दिरको सुरक्षा गर्नु प्रशंसनीय मानिन्छ । तर कुनै पनि पुरातात्त्विक वस्तुको मर्मत-संभार गर्दा पुरातात्त्विक पक्षलाई ध्यानमा राखी चाहिंदो सल्लाह लिएर मात्र कदम चाल्नुपर्ने हो । यस्तो नगरेकोले र आधुनिक निर्माण सामग्रीहरू प्रयोग गरिएकोले मन्दिरको रूप तथा वातावरण नै धमिलिएको छ । त्यसैले पुरातात्त्विक महत्वलाई कायम गर्न मन्दिरमा परम्परादेखि चलिआएको वा सोसँग मिल्दो निर्माण सामग्री प्रयोग गरी मर्मत-जीर्णोद्धार गर्न अत्यावश्यक रहेको छ ।

भुवनेश्वरी मन्दिरमा रहेको काठको टुँडाल आदि काठका सामग्रीहरूमा रङरोगन लगाएइको छ । काठका सामग्री भएकोले कीराबाट बचाउन रसायन प्रयोग गर्नुपर्ने देखिन्छ । रङरोगनले गर्दा टुँडालहरूको मौलिकता हराएको देखिन्छ । मूल-द्वारमा रहेको काठको ढोका र अन्यमा रातो गेरु रङ्ग लगाएको छ जुन नयाँ रूप देखिन आउँछ ।

ढलौट र पित्तलको घण्टी ढोका र तोरणमा हरियो रंङ देखिन्छ । घण्टी झुण्ड्याइएका ढुङ्गाका थाम र बाहिर रहेका केही ढुङ्गाका मूर्तिहरू जस्तै नवग्रह, नारायण, सूर्य, नन्दी, हनुमान, चाँगु नारायण, ज्वालामुखी, नृत्यनाथ आदिमा काई लागी फोहर भएको देखिन्छ । यी सबै वस्तुहरूलाई रसायन प्रक्रियाबाट संरक्षण गर्नु आवश्यक देखिन्छ ।

चतुर्मुख शिवलिङ्गः–

यो शिवलिङ्ग ठिकै अवस्थामा रहेको छ, खालि फोहर मात्रै भएको छ। यो शिवलिङ्गमा जलघडा राखी वैशाखभरि स्नान गराउनु पर्ने चलन रहेको छ।

ज्ञानकुण्ड ढुङ्गेधाराः–

देवीलाई दर्शन गर्नुअगाडि यस धाराको पानीले आफूलाई शुद्ध गर्ने चलन रहेको छ। ढुङ्गेधाराको टुप्पा नभएको अवस्थामा छ। यो ढुङ्गेधारालाई ज्ञान-कुण्ड ढुङ्गेधारा भन्ने चलन रहेको छ। ज्ञानकुण्ड मन्दिरभित्र भुवनेश्वरी मूर्ति राखेको ठाउँको मुनि रहेको छ भन्ने बूढापाकाहरूबाट थाहा हुन आएको छ।

शिवकुण्डः–

हाल यो कुण्डलाई चारकुने ढुङ्गाले छोपिएको छ।

ढुङ्गे धाराः

यो ढुङ्गेधाराभित्र हाल ज्यादै फोहर भएको छ। यो धाराभित्र फोहर नगराउनका लागि यो क्षेत्रको महत्त्व बुझाउन एउटा सूचना अनुकूल ठाउँमा राख्नु-पर्ने देखिन्छ। ढुङ्गे धाराको दायाँ भागमा रहेको ढुङ्गाको सूर्यको मूर्तिको तल्लो भाग नभएको र लेउ लागेकोले फोहर भएकोमा मूर्तिलाई रसायन प्रक्रियाबाट संरक्षण गर्नु-पर्ने आवश्यक रहेको छ।

बालकुमारीः–

यो मन्दिरलाई चाँडै नै जीर्णोद्धार गर्नुपर्ने आवश्यकता देखिन्छ। वर्षाको बेला पानी मन्दिरभित्र आउने भएकोले (जमीनको सतहभन्दा तल परेकोले) छत अलि अगाडि राखी बनाउनुपर्ने देखिन्छ। मन्दिरसँगै ढल भएकोमा ढललाई छोपी लानु-पर्ने देखिन्छ। यो मन्दिरभित्र मुख्य मूर्तिहरू कुमारी, भगवती र गणेशका रहेका छन्। यो मन्दिरको रेखदेखको जिम्मा श्री जीतबहादुर शाहीलाई श्री ३ मोहन शम्शेरको पालामा लालमोहर गरिदिएका थिए। उहाँले हाल गुठी संस्थानबाट मासिक ५२ रूपियाँ रेखदेख गरेवापत पारिश्रमिक पाउने गरेको रहेछ।

पर्व पूजाको लागि गुठीबाट अक्षय तृतीयाका दिन एउटा बलि दिने चलन रहेको छ।

मासल देवस्थलः–

यो देवस्थलवरिपरि हाल ज्यादै फोहर भएको छ। यस स्थानमा वाला चतुर्दशीका दिन भजन खलःले भजंन गर्ने र पूजा गर्ने चलन रहेको छ। ठूलो पर्वहरू-मा पनि भजन गर्ने चलन रहेको छ। कुनै पनि नाच या संगीत सिक्नको लागि यस देवस्थानमा आई पूजा गरी द्यःह्लाय (देउता संझने) गर्ने प्रथा हाल पनि रहेको छ।

भुवनेश्वरी डबलीः–

बाह्र वर्षको एक चोटि हरिसिद्धिको नाच देवपत्तनमा ल्याउँदा खेरि, यस डबलीमा पनि नाच ल्याई बलि दिई, पूजा गर्ने चलन रहेको छ। यस डबलीमा आश्विन वदि प्रतिपदाका दिन महादेव पार्वतीको नाच जुन (नांगा नाचको नामले यस क्षेत्रमा प्रसिद्ध भएको छ) नचाइन्छ। यसरी यस क्षेत्रमा रहेका सबै स्मारकहरू, मूर्तिहरू र जात्रा पर्वहरू एक न एक धार्मिक एवं सांस्कृतिक भावनाले महत्वपूर्ण हुनुका साथै प्राचीन गरिमामय कुरा पनि हुन् भन्ने ज्ञान हुन आएको छ। मानिसको जीवन परम्परा धर्म सस्कृतिसँग जोडिएको हुन्छ। त्यसैले धर्म र संस्कृतिको विकृतिले मानिसको नैतिक पतन हुन्छ।

नेपालका मठ, मन्दिर, जात्रा, पर्वहरूको सञ्चालन प्राचीनकालदेखि नै दाताहरूले दिएको जग्गाबाट उठेको आयस्ताले चलेको र चलिरहनलाई चाहिने भएकोले ती गुठी जग्गाहरूको बचाउको लागि ठोस पाइला चाल्नु नितान्त आवश्यक रहेको छ। भुवनेश्वरीका गुठीका जग्गाहरू रैकरमा परिणत गरी आफ्नै नाउमा गरेको सुन्नमा आएको छ। यसरी गुठी जग्गा रैकरमा परिणत गर्नु राष्ट्रको धर्म र संस्कृतिलाई जानाजान घाटा गर्नु हो। रैकरमा परिणत भएका जग्गाहरू पुनः जुन मन्दिरको लागि राखेको हो तिनमा नै कायम हुने गरी कडा कानूनी व्यवस्था गरिनु पर्ने देखिन्छ। भुवनेश्वरी गुठीका जग्गाहरू पुनः सोही मन्दिरको नाउँमा दर्ता गर्ने व्यवस्था गर्नु नितान्त आवश्यक रहेको छ। नत्र भने नित्य, नैमित्तिक पूजा-आजा जात्रा पर्वहरू रोकिन गई राष्ट्रिय संस्कृतिको पतन हुने निश्चित छ।

उपसंहारः–

अन्तमा भुवनेश्वरी क्षेत्रमा विद्यमान धार्मिक सांस्कृतिक एवं पुरातात्विक कीर्तिहरू, परम्परा र संस्कृतिलाई अक्षुण्ण रहने तुल्याई समन्वय र सन्तुलनको आधारमा यस क्षेत्रको विकास हुनु पर्ने देखिन्छ। यो क्षेत्रको संवर्धन र जगेर्नामा सक्दो सहयोग पुऱ्याउनु सबै जुट्नु प्रेरक र अनुकरण योग्य हुने निस्चित छ।

पादटिप्पणी:–

(१) भाषा वंशावली (पहिलो भाग) सम्पादक नयनाथ पौडेल प्रकाशित श्री ५ को सरकार, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय, पृ ८३ ।

(२) ऐजन पृ. ३५

(३) देवमाला वंशावली –प्रकाशक श्री पीर महन्त क्षिप्रानाथ योगिराज, गोरक्ष-राष्ट्र नेपाल सिद्धाचल मृगस्थली । पृ. १०२ र १०३


(४) भाषा वंशावली (दोस्रो भाग) पृ. ५३

(५) ऐजन पृ ५७

(६) ऐजन पृ. ९३

(७) नेपाली सम्वत् ८४५ पौष शुदी १४ रोजको शिलापत्रको नक्कल ।

(८) सम्वत् २०११ सालको श्री पशुपति गोश्वाराबाट जारी भएको १५ पन्ध्र दिने म्याद ।



जयवागीश्वरी मन्दिर

जयवागीश्वरी

जयवागीश्वरी मन्दिर श्री पशुपति नाथ मन्दिरको दक्षिण र पश्चिममा पर्ने नैऋत्य कोणमा पर्दछ । यस मन्दिरले चर्चेको क्षेत्रलाई जयवागेश्वरी क्षेत्र भनि तोकिएको छ।

नेपाल माहात्म्य जस्ता नेपालमा ज्यादै प्रचलित ग्रन्थमा यी देवीका स्थापनाका बारेमा लेखेको पाइन्छ। यो ग्रन्थ धार्मिक महत्त्वको भएकोले र नेपाल एक मात्र हिन्दु राष्ट्र भएको हुँदा आज पनि यसैका आधारमा आस्था बनाई धर्मकर्म गर्ने धेरै नै छन् ।

भाषा वंशावली र देवमाला वंशावलीमा पनि जय वागीश्वरी देवीको बारेमा लेखेको पाइन्छ। भाषा वंशावलीमा इतिहास तथाकथित परम्परा र किम्वदन्ती कालदेखि अर्वाचीन सम्मको घटना क्रमहरूको प्रतिनिधित्व पाइन्छ ।

देवमाला वंशावली १९९० सालको महाभूकम्पको दृश्य देखी पुरानो वंशावलीको आडमा केही स्वयं देखेको र सुनेको भरमा पनि लेखिएको छ। जे होस् देवी देवताहरूको स्थापना कसरी गर्‍यो र विभिन्न कालमा घटेका घटनाहरूको जानकारी केही मात्रामा यी ग्रन्थहरूबाट पाइन्छ ।

पार्वतीका साथ रूद्र श्लेष्मान्तक वनमा बसेपछि सबै देवताहरू आ-आफ्ना ठाउँ छाडेर श्लेष्मान्तक वनमा बसे। राढाबाट कालिका देवी श्लेष्मान्तक वनमा गइन् र यस उत्तम क्षेत्रमा जय वागीश्वरी नामले प्रसिद्ध भइन् भनि स्कन्द पुराण अन्तर्गतको नेपाल माहात्म्यमा यसरी भनिएको छ ।

राढात: कालिका देवी श्लेष्मान्तक वने गता
जय वागीश्वरी नाम्ना प्रसिद्धा क्षेत्र सत्तमे ॥५२॥

भाषा वंशावलीको पहिलो भागमा लेखिएको छ कि द्वापर युगका मानसरोवर देखि शिला नदीतरी आएको, जयवागीश्वरी कहलाई देवपत्तनमा विराजमान भइन्। यो देवीको प्रथम गणहरू आई नियम गरी साधना गरी तीर्थ तीर्थंका जल आह्वान गरी शुद्ध तीर्थं बनाई दिए ।'

जयवागीश्वरी देवी महालक्ष्मी, महाकाली र महासरस्वती तीन अङ्ग मिली बनेका तान्त्रिक देवी हुन् । विभिन्न हातमा विभिन्न वस्तुहरू लिएका छन्– ढाल र तरवार महालक्ष्मीको रूपमा दर्पण सरस्वतीको रूपमा र मुद्गल महालक्ष्मीको रूपमा । मन्दिरको बाहिर पनि यी तीनै देवीका वाहनहरू स्थापना गरेका छन्– सिंह मयूर र गरूड ।

नेपाल माहात्म्यमा यी देवीका महत्ता यसरी वर्णन गरिएका छन्–

येऽस्या भक्ता भविष्यन्ति यास्यन्ति परमां गतिम् ।।५३।।

अर्थात् जो यिनको (जयवागीश्वरीको) भक्त हुने छन् ती परम गतिमा जाने छन् । जो स्त्रीहरू मनोहर हंस चढाउने छन् ती सबै यमपुरमा भएको पतिको पछि लाग्ने छन् ।[२]

नेपालको धार्मिक इतिहास तथा संस्कृतिको क्षेत्रमा जयवागीश्वरी तथा यस मन्दिरले चर्चेको क्षेत्रको अधीक महत्त्व रहेको कुरा प्राप्त अभिलेखहरू त्यस क्षेत्रमा विद्यमान प्रशस्त मूर्तिहरू एवं मन्दिरहरू तथा यन्त्र तन्त्र छरिएर रहेका विविध कला कृतिका नमुनाहरूबाट बुझ्न सकिन्छ ।[२]

हुनत समयको क्रमसँगै कति महत्त्वका ऐतिहासिक स्मारकहरू नाशिए होलान तैपनि मन्दिरहरू, शिवालयहरू र चैत्य जस्ता धार्मिक स्थलहरू जयवागीश्वरी मन्दिर, सूर्य मन्दिर चार मुखे शिवलिङ्ग मन्दिर चक्रव्यूह नारायण मन्दिर, विष्णु मन्दिर, लक्ष्मी मन्दिर, श्री घर विष्णु, चार मुखे शिव लिङ्ग, शिवलिङ्ग मन्दिर मृत्युञ्जय मन्दिर र एउटा चैत्य यस क्षेत्रमा रहेका छन् । धार्मिक एवं सामाजिक कार्यहरूको लागि बनेका सत्तल एवं पाटीहरूमा हरिसिद्धि (जल दे) सत्तल, जयवागीश्वरी सत्तल, त्रिशूल जात्रा सत्तल, गणेश पाटी-दुई र इन्द्र जात्रा पाटी एक छन् । धार्मिक एवं साँस्कृतिक कार्यक्रमहरूका लागि बनेका डबलीहरूमा जयवागीश्वरी डबली, मू डबली र अभालंकोट डबली रहेका छन् । लोकोपकारी कीर्तिको रूपमा एक सुनधारा पनि रहेको छ ।

माथि उल्लेख गरिएका स्मारकहरू बनाएको, जीर्णोद्धार गरेको र विभिन्न दाताहरूले मन्दिरमा चढाएको संस्मरणार्थ राखिएका मल्लकालीन शिलालेख ३, तोरण अभिलेख १ र पादपिठ अभिलेख १ रहेका छन् । शाहकालीन घण्टा अभिलेख १ शिलालेख रहेका छन र राणा प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेरको एउटा शिलालेख पनि रहेको छ ।

यस क्षेत्रमा सांस्कृतिक एवं धार्मिक सम्पदाका रूपमा रहेका ढुङ्गाका विभिन्न मुर्तिहरू ४७ थान, धातुका एक र शिवलिङ्गहरू ७ रहेका छन् ।

जयवागीश्वरीको मूर्तिको पादपीठमा यी अभिलेख कुदिएको छ।

गुहसोम... ... ...टहवृद्धिष्य कृति : .. ..

गुहसोम... ... ...वृद्धिको यो कृति हो। .. ..

यहाँको लिपि अंशुवर्माको ताकाको छ।[३]

भाषा वंशावली र देवमाला वंशवलीमा अंशुवर्माको नाम उल्लेख गरिएको पाइन्छ। तात्कालीन धार्मिक अवस्था विषयमा विचार गर्न यो अभिलेख केही उपयोगी हुन आउँछ।

भाषा वंशावलीमा नरेन्द्र देवले जयवागीश्वरीमा फेरि, पुरि सहित तीन प्रकार कोण १ प्रणाली १ देवपत्तन पुरी १ बनाई पशुपति नाथलाई चढाये। फेरि जयवागीश्वरीलाई नित्यार्चन गरीए भनि लेखिएको पाइन्छ।

यीनै राजाले एक योगीलाई खुशी गराई सम्मत गराई ग्राम देवी जयवागीश्वरीलाई शान्ति गरी चित्रकारी गरी अनेक विधि पूर्वक जीवनमा संकष्ट मथ विधिक्रम गर्दा सिद्धले गुप्त गरी राजालाई दुर्वाशा ऋषिका वंशका हुँ भनि सुनायें। देवीलाई बडो प्रवल प्रदक्ष गरी भैरव नौं लिङ्ग पनि चञ्चल मूर्ति स्थिर गरी बसाई आदि पुज्यक गज कर्णक मूर्ति सहित प्रकाश गरी बसे।[४]

त्यहाँपछि राजाले यो चित्रकार बडो क्रूर कर्म हुनाले प्रति वर्ष चलाउन त नहुने कष्ट भो भनि द्वादशा (बाह्र) वर्ष पुगे पछि गर्नु भनि बन्दोवस्त गरी रीत चलाई दिए।

नरेन्द्रदेवका बहिनीका छोरा अंशुबर्माले नेपालमा प्राप्त भएको पूर्वागमन दिन विचारी वैशाख शुक्ल पूर्णिमामा ठहराई त्यस दिनमा देवी प्रसन्न निमित्त कौमारीगण बसाई अनेक यज्ञादि क्रिया गरी बलिदान पूजा निमित्त नवदुर्गा बसाई वाह्याभ्यन्तर कर्म प्रति वर्ष चलाई दिए।[५]

यस्तै गरी प्रताप मल्लका ज्येष्ठ पुत्र नृपेन्द्र मल्लले जयवागीश्वरीका देवालय दुई पत्र यंत्राकार गरी बनाए। यति गरी बाँकी भएको धन सबै भोका प्यासाहरूलाई भोजन गराई धन समाप्त गरे। यी राजाका पालामा अकस्मात एक दिन रातमा जयवागीश्वरीमा चोर पसि सबै गहना चोरि ढोकामा राखी बाहिर आई पाटीमा बस्न गए सबैले खोज गरिरहेका बेलामा यी राजाले हेर्न जाँदा चोर उठ्न र बोल्न नसकीरहेको देखी देवीका गहना यथास्थितै चोर मारी गहना देवीलाई नै चढाए।[६]

जय प्रकाश मल्लले गोर्खालीहरू सँगको लडाईको लागि जयवागीश्वरीको भण्डार भित्रको धन पनि लिई खर्च गरेका थिए।[७]

देवमाला वंशावलीमा पनि लेखिएको छ कि जयवागीश्वरीका आफ्ना मन्दिर मूर्ति थिएन, गुप्त रूप पीठ सम्म थिए। सूर्यवंशी राजा शिवदेव पालामा गोल नाभ शहर बसाई जयवागीश्वरीका नित्र्याचन गराएका थिए । पछि यी नै राजाले एक योगीको सम्मति लिई कलिगत ३२३२-३२७४ भित्र यो देवीका चंचल मूर्तिलाई स्थीर गरी वढी कष्टसँग रहस्य मूर्ति बनाई चित्रकारी गरी जीवन्यास दिई चित्रकारी गरी आचार्यलाई पूजाहारी गरी दिएका थिए। यिनका शेषपछि ६ पुस्ताका राजा हुने श्री राजा अंशुवर्माले प्रति वर्ष चित्रकारी गर्नु मुस्किल छ भनि १२ वर्षमा चित्रकार गर्ने रीत चलाई चण्डी पुर्णिमाका दिन देवी प्रसन्न निमित्त कौमारीगण बनाई अनेक यज्ञादि कर्म कृया गरी बलि दिना निमित्त अघि पीठ मात्र भएकी राज राज्येश्वरीमा वाह्याभ्यन्तर कर्म चलाई दिए।

वि सं. १९९० सालको ठूलो भूकम्प हुँदा मन्दिर केही भएन सत्तलहरू भत्कीरहेको श्री ३ महाराजा जुद्ध शम्शेरबाट बनाई दिएका हुन्।[८]

यसरी माथि उल्लेख गरे अनुसार जयवागीश्वरी क्षेत्रलाई विभिन्न कालका शासकहरूले मान्यता दिई आएका कुरा प्रमाणित हुन आउँछ। यस क्षेत्रमा धार्मिक स्मारकहरू मात्रै नभई सत्तलहरू र डबलीहरूले गर्दा परम्परागत चलि आएका रीति थितिहरू संचालन गर्न मद्दत पुगी रहेका छन् ।

नृपेन्द्र मल्लका पाला देखि ज्यादै प्रचलित हरिसिद्धि नाच कान्तिपुरको साटो देवपत्तनमा चलाउने रीत चलाए[९] यी नाच १२ वर्षको एक चोटि जयवागीश्वरी क्षेत्रमा स्थित जलदे सत्तल (हरिसिद्धि सत्तल) मा रही त्यसको अगाडि रहेको भू डबलीमा नाच नचाउने चलन हालसम्म पनि रहेको छ।

राजा नरेन्द्र मल्लका पालामा यस क्षेत्रमा ज्यादै प्रख्यात भएका त्रिशुल जात्राका रक्षाका निमित्त गुठी राखिदिएका थिए।[१०]

यस क्षेत्रमा रहेको सुनधारा पनि एउटा महत्त्वपूर्ण लोकोपकारी कीर्तिको रूपमा हालसम्म रहेको छ। यस धारामा रहेको एउटा शिलापत्र मल्लकालका प्रख्यात राजा जयस्थिति मल्लले आफ्नी आमाको नाउँमा यी धाराको जीर्णोद्धार गरेको भनि उल्लेख गरिएको पाइन्छ।

सोही धाराको माथि पट्टी एउटा शिलापत्र श्री ३ चन्द्र शम्शेरको शाके सम्वत १८३४ नेपाली सम्वत १०३२ को राम्रो अवस्था रहेको छ। यी शिलालेखमा यसरी लेखिएको छ– श्री सम्वत २०५ मा श्री महा सामन्त रूप वर्माबाट सजिवक्सेको देवपत्तन जयवागीश्वरी निरको यो लूँ हिटी (सुनधारा) केही काल देखि पानी नआउने भई देवपत्तन वासीलाई पानी विना कष्ट भएकोले बहुत "पुरानो जीर्णोद्धार गर्न लाएको यो लूँहिटी दाहिने बायाँ दश-दश हात वरिपरी घरहरू कसैले

नंबनाउनु, रूखहरू पनि नरोप्नू । घरहरू बनाए भनि सो भत्काई बनाउनेलाई दण्ड समेत हुने ।

यसरी माथि उल्लेखित गरे अनुसार जयवागीश्वरी क्षेत्रलाई विभिन्न ऐतिहासिक कालहरू– लिच्छवीकाल, मध्यकाल मल्लकाल र शाहकालमा पनि त्यतिकै महत्त्व दिएको समुज्वल देखिन्छ ।

पूजा आजा परम्परा र विद्यमान चलनः–

जय वागीश्वरी देवीको नित्य नैमित्तिक पूजा-आजा, तिनको नियमितता एवं निरन्तरताको निम्ति 'जयवागीश्वरी भण्डार तहविल' को स्थापना विक्रमको उन्नाइसौं शताब्दीको उत्तरार्धमा भएको हो । यो कार्यालय जयवागीश्वरी सत्तलमा रहेको छ। हाल यसको हाकिम श्री कमलानन्द वैद्य हुनुहुन्छ । वहाँबाट जयवागीश्वरी सम्बन्धि पूजा-आजा र गुठीको बारेमा जानकारी प्राप्त हुन आएको छ ।

जयवागीश्वरी मन्दिरका चारजना पुजारीहरू छन्– मृतुन्जय कर्माचार्य, रत्नदास कर्माचार्य, रत्नलाल कर्माचार्य र लक्ष्मी चरण कर्माचार्य, जो हरेक महीनाको एक चोटि पालो गरी नित्य पूजा, आरति र पर्व पूजा चलाउँदछन् । यस देवीको पर्व पूजाको बारेमा मूल पुजारी श्री मृतुन्जय कर्माचार्यज्यूबाट जानकारी प्राप्त भएको छ। वैशाख देखि शुरू हुने पर्व पूजाहरू सम्वत १८३७ सालको लालमोहरमा पनि उल्लेख गरिएको छ।

वैशाखः–

वैशाख शुदि नवमीका दिन श्री जयवागेश्वरीको पर्व पूजा 'दमनारोहण' (स्वां छाय) पूजाबाट शुरू गरिन्छ। जसमा ३६० वटा 'दमनौ' (धव स्वां) सहित विभिन्न फूलहरू देवीलाई चढाई विधि विधान अनुसार पूजा गरिन्छ।

वैशाख शुदि पूर्णिमाका दिन यी देवीका वर्ष बन्धन पूजा हुन्छ । कन्या कुमारीहरू १८ जवानलाई पूजा गरी भोज ख्वाई, दक्षिणा दिने चलन अद्यापि रहेको छ। दुई तीन दिन गुप्ति पूजा पनि गरिन्छ। सोही दिन पर्व पूजा पनि गरिन्छ जसमा भेंडा बलि दिई पूजा गरी प्रशाद ग्रहण गरिन्छ । वैशाख पूर्णिमा कै दिनमा मन्दिरको डबलीमा ध्वजा राखी यज्ञ गरिन्छ र कलश यात्रा (मन्दिरमा परिक्रमा) विधि विधान अनुसार गरिन्छ ।

जेष्ठः–

जेष्ठ शुदि त्रयोदशीका दिन श्री जयवागीश्वरीका ढुकुटीमा वर्षभरि खर्च गरी बाँकी रहेको रकम पशुपति नाथको मूल पुजारी, गुठी जांच गोश्वाराका प्रति-

निधि, पुजारीहरू चार जना र गुठीयारहरू बसी देवीको ढुकुटीमा दाखिला गरिन्छ जुन रकम बाह्र वर्षको एक चोटी गरिने कलेवर फेर्ने (लम्पु छाय) मा खर्च गरिन्छ। बाह्र वर्षको एक चोटी देवीको लुगाहरू र गहनाहरू सबै फुकाली गुठीयारहरू सात-जना र पुजारीको जिम्मा लगाइन्छ। देवीको पाउमात्र ढुङ्गाको र अरू अङ्ग माटोको बनेकोले बाह्र वर्षमा एक चोटी बिग्रेको अङ्ग बनाउने चलन रहेको छ। कलेवर फेर्नेमा भैरवको चित्र पनि ज्योतिषीलाई शाइत देखाई चित्रकारले पहिलेको चित्र सफा गरी फेरि लेख्ने काम गरिन्छ। यो काम ठेक्कामा गराइन्छ। नवदुर्गा भगवतीको चित्र पनि बाह्र वर्षको एक चोटि लेखिन्छ। १२ वर्षको एक चोटि एउटा राँगा बलिका लागि कौशी खानाबाट दिइन्छ।

आषाढः—

आषाढ विद अष्ठमीका कन्या दुई र कुमार एक सहितको पूजा-आजा गरी खटमा राखी त्रिशूल जात्रा गरिन्छ। यो जात्रा प्रत्येक वर्ष ठूलो उत्सवका साथ मनाइन्छ। यो जात्रामा कन्याहरू दुई र कुमार एकलाई त्रिशूलमा बाँधी (उनेको जस्तो गरी) देव पत्तन भरि घुमाइन्छ। यो जात्रा वर्षैदेखि चलिआएको छ।

राजा नरेन्द्र मल्लका पालामा त्रिशूल जात्राको रक्षाको निमित्त गुठी राखी दिएका थिए भन्ने उल्लेख गरेको भाषा वंशावलीमा लेखेबाट यो जात्रा नरेन्द्र देवको पाला देखिको हो भन्न सकिन्छ।

देवमाला वंशावलीमा श्री राजा अमर मल्लले नेपाली सम्वत ६३४ सालमा पुजारी भूमि वन्धु आचार्यसँग सम्मति गरी तन्त्रोका विधिले ९ प्रकारका रथ बनाई कुमार कुमारीहरू ९ जनालाई रथमा चढाई इसानेश्वर प्रदक्षिणा गराई यात्रा गर्ने रीत चलाई धेरै खेत गुठी राखी दिएका थिए" यसरी त्रिशुल जात्रासँग देवपत्तनमा प्रचलित ९ × ९ पद्धति सम्बन्धित रहेको देखिन्छ।

त्रिशूल जात्राको सम्बन्ध भुवनेश्वरी मन्दिरका पुजारी भूमि आचाजुसँग पनि रहेको पाइन्छ। यसबारे यस्तो सुनिन्छ धेरै धेरै पहिले पशुपतिमा जंगल भई रहेको बेलामा यहाँ राक्षसहरूले हमला गर्थ्यो। त्यहीबेला भूमि आचाजु नामुद तान्त्रिकवाज हुनुहुन्थ्यो। एक दिन भुवनेश्वरी मन्दिरको पहरा दिँदै रहेको वेला राक्षसले हमला गर्न थाल्यो। उहाँ तान्त्रिक बलले राक्षससँग लड्दा लड्दै राक्षस भागे र शहरतिर पुग्दा एउटी आइमाईले राक्षसको विनयमा उसलाई लुकाई राखे। उनीसँग भूमि आचाजु मुर्र मुरेर बाटोमा भेटे जति राक्षसको बच्चाहरूले समातदै तान्त्रिक विधिले त्रिशूलमा रोप्न थाल्नु भयो र टोल टोलमा देखाउँदै जानु भयो।

उहाँले देखाउँदै गरेजस्तै उक्त दिनको सम्झनामा वर्ष वर्षदेखि पशुपतिमा त्रिशूल जात्रा गरिँदै आएको कुरा बूढापाकाहरूबाट सुन्दै आएको छ ।

त्रिशूलजात्रासँगसँगै एउटा कृत्रिम लाश जस्तै बनाएर लाने चलन पनि देखिन्छ । यसबारे पनि भूमि आचाजुसँग घटेको घटनासँगसम्बन्धी रहेको छ । प्रचलित लोककथाअनुसार काठमाडौंकी स्वास्नीबाट भूमि आचाजु जस्ता महा-पुरुष र उनको छोरा गुमाउनुका साथै अमृत जस्तो वस्तुबाट पनि देवपत्तन वासीले हात धुनुपरेकोले काठमाडौंका आइमाईहरूलाई जात्राभरि अश्लील गालीहरू गरिने चलन रहेको छ । भलभल अष्टमीका दिन त्रिशूल जात्राको पछिपछि भूमि आचाजुको छोराको शवयात्रा गरिन्छ । खटनाथि मू स्वा भन्ने फूलबाट शव बनाइन्छ र जात्रासँगसँगै यसको पनि शुरू र अन्त हुन्छ । त्रिशूल जात्रामा प्रयोग भएको थमी शब्दको अर्थ यसरी पनि लगाइन्छ । संस्कृतमा थमी भनेको 'हे इन्द्र' हुन्छ र इनन् मय मू भन्नाले यस भूमिका अमृत वर्षाऊ भनेको हुन जान्छ ।

यसरी यस जात्राले इन्द्रसँग पानी मागेर कृषि प्रधान देश नेपालको कृषि पद्धतिसँग धर्म र संस्कृतिलाई गाँसेको छ । हरेक वर्ष आषाढमा भलभल अष्टमीमा हुने त्रिशूलजात्रा हुनुभन्दा चार दिनअगाडि बानेश्वर व्यारेकस्थित छपवक दोमा शिला भई रहनुभएका भन्ने मानिने भूमि आचाजुलाई पूजा गरी त्रिशूलजात्रा चलाउन स्वीकृत लिनुपर्दछ ।

जात्राको दिनमा त्रिशूलजात्रा गर्न खट खटमा स्थानस्थानमा त्रिशूलमा र भुवनेश्वरीमा पनि पूजा हुन्छ । यो दिनको पूजामा भेडाको बलि दिनुपर्ने चलन पनि रहेको छ । कर्माचार्यले पूजा गर्दा तान्त्रिक मन्त्र उच्चारण गरेर गरिने चलन छ ।

जात्राको शुरूमा सबैभन्दा पहिले वत्सलेश्वरीबाट खट ल्याई शुभारम्भ हुन्छ । त्यसपछि वज्रघरबाट दोस्रो खट ल्याइन्छ र यी दुवै खट भुवनेश्वरीमा ल्याइन्छ । त्यहाँबाट भूमि आचाजुको छोराको शवयात्रा निकालिनुका साथै बच्चा उन्ने त्रिशूल पनि त्यहींबाट लगिन्छ र यो जात्रा जयवागेश्वरी पुग्दछ र त्यहाँबाट पनि सानो खट निकालिन्छ । यसरी जात्रा यहाँबाट इँटा छापिएको पुरानो बाटोबाट सिफलको चलेपा भन्ने ठाउँसम्म पुऱ्याएर फर्कंदा जयवागेश्वरीको अर्को तर्फको कच्ची बाटोबाट ल्याइन्छ । फेरि आ-आफ्नो जात्रा शुरू गरेको स्थानमा लगेर जात्रा विर्सजन गरिने चलन छ । भूमि आचाजुको छोराको शवजात्रा त्रिशूल जात्रासँगसँगै लगी राजराजेश्वरी घाटमा कृत्रिम शव नदीमा सेलाई फेरि मलामीहरू भुवनेश्वरी मन्दिरमा अस्तु लिएर फर्किन्छन् । त्यो अस्तु पशुपति दक्षिणामूर्तिका ब्राह्मणले शान्तिस्वस्ति गरेर पुनः सो अस्तुलाई भुवनेश्वरी मन्दिरमा भित्र्याइन्छ । त्यसपछि गठीयारहरू सबै मिलेर समेः बजि (प्रसाद) खाने चलन छ ।

त्यसको भोलिपल्ट नेवारी संस्कार अनुसार ११ दिनमा हुने घसुम्वय (भोज) तथा शान्तिस्वस्ति गरी भोज खाने चलन छ । त्यसपछि त्रिशूलजात्रा-पर्वको समापन हुन्छ । यस जात्रामा बाजाहरूमा झ्याली, ढोल र मूस्या प्रयोग गरी सामान्य कसाई बाजाको धूनमा यात्रा चलाइन्छ र चलंपा पुग्दा ढोलक बजाउँदा राक्षसहरू भागेको झैं सुनिने एक प्रकारको डरलाग्दो धून बजाइन्छ ।

काठमाडौं उपत्यकाभित्र मनाइने प्रमुख जात्राहरूमध्ये देवपत्तनमा मनाइने त्रिशूलजात्रा पनि एक हो । यस जात्रामा पहिले पहिले ९ वटा खट समावेश हुने गरेकोमा हाल ३ वटा मात्र खट समावेश गर्नुमा एउटा कारण आर्थिक पनि भएकोले गुठीहरूलाई प्रोत्साहन दिई आवश्यक रकम प्रदान गर्ने व्यवस्था मिलाउन सके यो प्राचिन जात्राको अस्तित्व जोगाउन सकिन्छ ।

अर्को कारण खट राख्ने ठाउँमा अतिक्रमण भई सार्वजनिक घरहरू बन्न गएबाट खट राख्ने ठाउँ नभई खट चलाउने चलन हराएर गएको हो भनी जनसाधारणको भनाइ रहेको छ । यसैले सम्बन्धित निकायले यसतिर पनि ध्यान दिनुपर्ने देखिन्छ नत्र पछि गएर तीनवटा खट चलाउने चलन पनि हराएर जाने सम्भावना हुनेछ ।

यस जात्राको लागि भुवनेश्वरी जयवागेश्वरी गुठी र त्रिशूल जात्रा गुठी दुई गरी चारवटा गुठीको व्यवस्था छ ।

श्रावण–

श्रावण शुदी नवमीका दिन जयवागेश्वरी देवीको पवित्रारोहण विधिविधान-अनुसार गरिन्छ । यसमा चोखो धागो बनाई देवीलाई चढाई सबै भक्तजनहरूलाई प्रसादको रूपमा धागो वितरण गरिन्छ ।

सोही दिन आचाजुबाट महिष बलि दिई मन्दिर बाहिर 'ह्रिफव दय' (भगवती)मा बलि चढाई मन्दिरभित्र पूजा गरिन्छ ।

मंसिर–

मार्ग शुदी नवमीका रात्रीमा श्री जयवागेश्वरीको मितिनी मानिने नवदुर्गा भवानीको विधिविधानबाट मूल बलि दिई पूजा गरिन्छ । बोडे गाउँका नवदुर्गा नाच ल्याई मूल डबलीको अगाडि रातभर नाच नचाइन्छ । सोही बेलामा कुमारी (चातुले गरी) हलिइरहने चलन रहेको छ । डबलीको अगाडि हरिसिद्धि (जल दे) सत्तलमा पूजाआजा गरी गुठियारहरू सबैले प्रसाद ग्रहण गरी जान्छन् ।

मार्ग शुदी त्रयोदशीका दिन दाज्य पर्व (देवीलाई अञ्जली चढाउने) मा मन्दिरमा पूजा गरी गुठियारहरूलाई भोज ख्वाउने चलन रहेको छ ।

पुषः–

पुषको द्वादशी र पूर्णिमा बेलुकीपख मन्दिरको अगाडि होम गरिन्छ। पुष शुदी त्रयोदशीका दिनदेखि महिनाभरि प्रातःकालमा मकलमा आगो राखी यी देवीलाई आगो तपाइन्छ ।

चैत्रः–

चैत्र वदी चर्तुदशीका दिन श्री जयवागेश्वरीमा श्री ५ को सरकार, कौशिक खाना र अमालकोटबाट दुई महिष ल्याई भोग दिई पूजा गरिन्छ । जसमा पाँच नाइकेहरू आई देवीलाई हेरचाह गरी पूजाआजा गरी प्रसाद ग्रहण गरिन्छ ।

जयवागेश्वरी क्षेत्रको महत्त्व पछि विकसित भएको नभै प्राचीन परम्परा हो भन्ने कुरा यहाँ पाइएका अभिलेखहरू, स्मारकहरू र धार्मिक एवं सांस्कृतिक सम्पदाहरूबाटसमेत देखिन आउँछ । यहाँका स्मारकहरू कालगति, प्राकृतिक कारण जस्तै घामपानीबाट विरुवा, समय-समयमा संभार गर्न नसकेको कारणले गर्दा र मानिसहरूले जानी वा नजानी भएका कुप्रवृत्तिले गर्दा राम्रो अवस्थामा छैनन् ।

धेरै स्मारकहरू बिग्रेको मूल कारण स्मारकमाथि झारपात उम्री पानी चुही चर्केको र वरपर जथाभावी बिरुवा, रूख आदि उम्री तथा फोहर गर्ने भएकोले स्मारकहरूलाई नराम्रो असर पारि रहेको पाइएको छ । जस्तै श्रीधर विष्णु मन्दिर-सँग निजी धारा बनाई फोहर गरी राखेको र महादेव मन्दिरको छेउमा सार्वजनिक धारा भएकोले नुहाउने, लुगा धुने र मन्दिरमा लुगा सुकाउने काम भएको देखिन्छ। सोही मन्दिरबाहिर दुवैतिर रहेका उमामहेश्वर मूर्तिहरू पनि असुरक्षित देखिन्छन् । यस्तै गरी चर्तुमुख शिवलिङ्ग स्थल पनि चारैतिर फोहर भई वातावरण नराम्रो देखिन्छ । देवस्थलभित्र मानिसहरूले आफ्नो रुचिअनुसारको खेलहरू खेल्ने ठाउँ बनाइराखेको पाइएको छ। सत्तल, पाटीहरूमा बस्ने विभिन्न परिवार तथा गरीब-हरूबाट पनि स्मारकको वातावरणलाई नष्ट तथा अशोभनीय तुल्याइएको देखिन्छ। जस्तै गणेश पाटी भत्किएको छ र अगाडि सडकपट्टिको भागमा पसल राखिएको छ। पसल राखिएको ठाउँमा वर्षको दुईचोटि पिशाच चर्तुदशीमा र पूर्णिमा (इन्द्र जात्रा, भैरवको टाउको सिंगारेर राख्नुपर्ने र लामाको भैरब (कानभैरव) वर्षको एकचोटि येयांः पूर्णिमा राख्नुपर्ने र लामाको भैरव (कान भैदव) वर्षको एकचोटि ये याः पूर्णिमा राख्नुपर्ने चलन अद्यापि रहेको छ । यसैले सम्बन्धित निकायले यो पाटीको अगाडिको भागमा पसल खोल्न नदिन चाहिने कदम चाल्न पनि देखिन आउँछ नत्र त्यो ठाउँको अतिक्रमण हुन कुनै गाह्रो काम नहुने देखिन्छ।

हरिसिद्धि सत्तल, त्रिशूलजात्रा सत्तल र जयवागेश्वरी सत्तल पनि जीर्णोद्धार गर्नुपर्ने आवश्यक देखिन्छ ।

जयवागेश्वर भण्डार तहविल कार्यालयमा बुझिहेर्दा नित्यपूजा र पर्व-पूजाहरूको लागि मात्र गुठी राखेको तर मन्दिर र सत्तलहरूको मर्मतको लागि कुनै आयस्ता नभएको भनि जानकारी प्राप्त हुन आएको छ । त्यसैले यसबारेमा पनि सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ किनभने यदि पूजा गर्ने र पर्वहरू चलाउनु पर्ने ठाउँहरू नै राम्रो भएन भने सबै कामहरूमा बाधा पर्न आउने सम्भावना हुन आउँछ ।

केही मन्दिरहरूमा ढोकाका खापाहरू नभएको हुँदा असुरक्षित भई सो भित्रका मूर्तिहरू चोरी भएको वा हुने डर भएको छ । जस्तै श्रीधर विष्णु मन्दिर, महादेव मन्दिर, र मृत्युञ्जय महादेव मन्दिर इत्यादि ।

यो क्षेत्रमा रहेको सुनधारामा पानी जम्मा भई ढलनिकासाको व्यवस्था नभएकोले अति नै दयनीय अवस्थामा रहेको छ । त्यहाँका वासिन्दाहरूका अनुसार चाबहिल जाने नयाँ सडक बनेको बेला सो धाराको निकास बन्द भएको थियो । हाल यो महत्त्वपूर्ण धारामा फोहर भई, प्रयोग नभई यो क्षेत्रको वातावरणलाईसमेत नराम्रो असर परिरहेको छ । बुढापाकाहरूका अनुसार यो धारा जयवागेश्वरी देवी नुहाउने धारा हो । जे होस्, यस धारामा रहेको शिलापत्रहरू एवं धाराको कला-कृति हेरी यो धारालाई सम्बन्धित निकायले ध्यान पुर्‍याई ढलनिकासको व्यवस्था गरिदिनुपर्ने अत्यन्त जरूरी छ ।

हिन्दू वास्तुशास्त्रअनुसार मूर्ति स्थापना गर्दा माटोको शुभ लगत हेरेर ठाउँ अनुकूल पारेर मूर्तिलाई प्राणप्रतिष्ठा गरी सम्बद्ध देवदेवीहरूलाई आह्वान गरिने हुनाले पनि मूर्तिहरूलाई मूलठाउँमा नै राखी संरक्षण गर्नुपर्ने उपयुक्त हुन्छ ।

मूर्ति स्थापना गर्दा दिशा र कोणसमेतको ख्याल राखिएको माथि उल्लेख गरिसकिएको छ ।

वास्तुकलाका भागहरू कलशरूपी स्तम्भ, केही मन्दिरका भग्नावशेष वास्तु-कलाका टुक्राहरू, ढुङ्गेधाराका मकर कुँदेका डुँडहरू यत्रतत्र छरिएका छन् । तिनीहरूलाई सँगालेर एक ठाउँमा जम्मा पारी लगत तयार गर्न सके ती अवशेषहरू-को जगेर्ना हुने र साथै ढुङ्गे वास्तुकलाबारे अध्ययन गर्न सहयोग हुन जान्छ ।

अन्तमा प्रत्येक महत्त्वपूर्ण स्मारकहरूको संक्षिप्त परिचय तयार गरी साईन बोर्डमा लेखी स्मारकसँगै अनुकूल मिल्ने ठाउँमा बोर्ड राखी त्यो स्मारकको महत्त्व सबैमा बोध गराउनु सजिलो पर्दछ ।

जयवागेश्वरी क्षेत्र नेपालको इतिहासको उषाकालदेखि नै हाम्रो धर्म तथा संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेकोले यस क्षेत्रलाई संरक्षण गर्नु हरतरहबाट सक्दो योगदान हुनु जरूरी देखिन्छ । यहाँ भएका जति पनि धार्मिक, सांस्कृतिक महत्त्वका वस्तुहरू छन् ती सबै राष्ट्रका अमूल्य निधिहरू र परम्परा आदि पक्षहरू राष्ट्रका मौलिकता तथा संस्कृतिका मूर्त रूपहरू भएकाले यसको संरक्षण तथा वचावटको लागि आवश्यकता रहेको छ ।

पादटिप्पणी–

१) भाषा वंशावली (पहिलो भाग) सम्पादक नयनाथ पौडेल, प्रकाशित श्री ५ को सरकार, पुरातत्त्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय २०२० पौष १ गते ।
२) मुक्तिनाथ खनाल–नेपाल माहात्म्य प्रथम संस्करण (काठमाडौं) नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान वि. सं. २०२८ श्लोक ५३ र ५४ ।
३) धनवज्र वज्राचार्य– लिच्छविकालका अभिलेख, प्रथम संस्करण (काठमाडौं नेपाल र एशियाली अध्ययन संस्थान) संख्या १५६ पृ. ५८३ ।
४) भाषा वंशावली (पहिलो भाग) पृ. ८३ ।
५) ऐजन पृ. ८४ ।
६) भाषा वंशावली (दोस्रो भाग) पृ. ६४ ।
७) ऐजन " " " ११७ ।
८) देवमाला वंशावली– प्रकाशक श्री पीर महन्त दिप्रानाथ योगीराज गोरक्ष राष्ट्र नेपाल सिद्धाचल मृगस्थली, पृ. ३४ ।
९) भाषा वंशावली (दोस्रो भाग) पृ. ६३ ।
१०) ऐजन पृ. ५७ ।
११) देवमाला वंशावली पृ. १०२ ।
१२) कैलाश भण्डारी (सम्पादक, प्रकाशक) मासिक सुगन्ध अंक ६३, ६४ पृ. २३ ।
१३) विष्णुकान्त शर्मा– नेपाल संस्कृति, प्रकाशक सांस्कृति संस्थान पृ. १० र १३ ।

वनकाली

वनकाली मन्दिर देवपत्तनको दक्षिणमा अवस्थित रहेको छ। यो मन्दिरले चचको ठाउँलाई वनकाली भनेर नामकरण गरिएको छ। वनकालीको स्थापनाबारे वंशावलीहरूमा पनि उल्लेख गरेको पाइन्छ। वंशावलीको कथनलाई त्यति मान्यता नदिए पनि त्यसको साङ्केतिक अर्थ ग्रहण गर्न सकिन्छ।

वंशावलीहरूका अनुसार लिच्छवि राजा शिवदेवले वनकाली मूर्ति प्रतिष्ठा गरी स्थापना गरिदिएका थिए।


तर ऐतिहासिक प्रमाणको आधारमा वनकालीलाई अंशुवर्माको समयसम्म लग्न सकिन्छ। किनभने वनकालीको पादपीठमा रहेको लिच्छविकालीन अभिलेखमा श्री कलहाभिमानी राजा याने अंशुवर्माकी पत्नीले उहाँबाट निगाह पाएर मूर्तिको स्थापना गर्नुभयो भन्ने उल्लेख गरेको पाइन्छ।[1] यस अभिलेखमा संवत् भने उल्लेख गरेको पाइँदैन।

देवमाला वंशावलीमा लेखिएको छ कि राजा शिवदेवले देवपत्तनका दक्षिणभागमा वनकाली प्रकट गर्ने मनसुवा गरी अघि धर्मदत्तका पालामा देवतासँग युद्ध गर्दा दाँतमा अड्केको झिक्न लागेको ध्यानले युक्त गरी अरण्यभित्र गुप्त गरी वनकालीको प्रतिष्ठा गरी स्थापना गरी प्रकट गरिदिए।[2]

भाषा वंशावलीमा पनि यही कुराको उल्लेख गरी राजा शिवदेवले अरण्य-भित्र विराजमान भएका श्री वनकालीलाई सन्तोष ध्यानले युक्त गरी अरण्यभित्र गुप्त गरी वनकाली भजी प्रकाश गरे भन्ने लेखिएको छ।[3]

वनकालीको अभिलेखमा पनि आफ्नो पतिको पुण्य बढोस् र आफ्नो मोक्ष होस् भनी मूर्तिको स्थापना गरिएको भन्ने लेखिएकोले पुण्य प्राप्ति र मोक्षका साधनाहरूमध्ये मूर्तिनिर्माण गर्नु पनि एक हो भन्ने कुरा देखाएको छ। साथै यो मूर्तिले लिच्छविकालमा शक्तिसम्प्रदाय पनि प्रख्यात भएको कुरा सिद्ध गरेको छ।

यो वनकाली क्षेत्रलाई धार्मिक एवं सांस्कृतिक दृष्टिले जुन महत्ता विभिन्न ऐतिहासिक कालहरूमा प्रदान गरियो, तिनै कारणहरूले गर्दा यहाँ मन्दिरजस्ता साधनाका स्थलहरूको निर्माण तथा सत्तल, पाटी, ढुङ्गे धारा एवं पोखरी जस्ता



बन्काली

लोकोपकारी कीर्तिहरूको स्थापना हुन गयो। ती स्मारकहरूको स्याहार सम्भार मर्मत, जीर्णोद्धारको लागि विभिन्न उदारमना महानुभावहरूले कीर्तिको स्वरूप र अवस्था हेरेर जग्गा समर्पण गरी गुठी राखि दिएकाले धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाहरूको संरक्षण संवर्द्धन तथा प्रतिष्ठा गराउन प्रशस्त सहयोग पुगेको थियो। मन्दिरहरूको सरसफाइ मर्मत, जीर्णोद्धारजस्ता कार्यमा तिनीहरूले निकै टेवा पुऱ्याएका थिए।

वनकाली क्षेत्रको इतिहास अध्ययन गर्नको लागि महत्त्वपूर्ण स्रोतको रूपमा यहाँ मन्दिर र खुल्ला देवस्थल गरी जम्मा ६ वटा, सत्तल र पाटी गरी चार-वटा, ढुङ्गे धारा एक र पोखरी एक रहेका छन्। यी स्मारकहरूको संक्षिप्त परिचय निम्नबमोजिम दिइन्छ–

वनकाली मन्दिर

वनकाली मन्दिरको छाना रहेको छैन, खुल्ला मन्दिरको रूपमा रहेको छ। यो मन्दिरको चौघेरा र चौगिर्दा पर्खाल वि. सं. २०१५ सालमा श्री ५ महेन्द्र सरकारबाट जीर्णोद्धार गरी शिलापत्र राखिएको छ।

यस मन्दिरभित्र बेतालमाथि उभिएको ढुङ्गाको कालीको मूर्ति रहेको छ। मूर्तिमाथि ढुङ्गाको सानो तोरण रहेको छ। तोरणको तल्लो भागमा ढुङ्गाको गणेशको मूर्ति दायाँ, र कुमारीको मूर्ति बायाँ रहेको छ। जुन दुवै खिइसकेका छन्। कुमारीको दोष लाग्यो भने यहाँ आएर कुमारीपूजा गर्ने चलन रहेको छ।

वनकाली मूर्तिको अलिअगाडि दायाँ बायाँ ढुङ्गाका दुईवटा सिंहहरू रहेका छन्। मूर्तिको अगाडि शिला रूपमा छत्रपाल रहेको छ। यहाँ अर्को एउटा ठूलो ढुङ्गाको तोरण पनि रहेको छ। सम्भवतः यो तोरण पुरानो मन्दिरमा रहेको हुनुपर्दछ। तोरणको तल्लो भागमा दायाँ गणेशको सानो मूर्ति र बायाँ मुख अस्पष्ट भएको कुमारको मूर्ति रहेको छ।

मन्दिरको बाहिर आँगनमा भैरवको एउटा ठूलो शिला रहेको छ, जसलाई चारैतिरबाट घेरिराखेको छ। वनकालीको अभिलेखमा अमृत वर्माले मन्दिरको इलाकालाई राम्रो पर्खालले (घेरी) शिलापत्र (राखियो)[४] भन्ने लेखिएबाट लिच्छविकालमा पनि यहाँ मन्दिर थियो भन्ने बुझिन आउँछ तर विस्तृत जानकारी उल्लिखित शिलापत्र प्रकाशनमा नआएकोले प्राप्त हुन सकेको छैन। अभिलेखमा उल्लिखित अमृत वर्मा को हुन्, थाहा पाउन सकिएको छैन। उनी शायद अंशुवर्माका नातेदार होलान् भनी धनवज्र वज्राचार्यज्यूले अनुमान लगाउनु-

भएको छ। अंशुवर्माकी रानीले उल्लेख गरेको व्यक्ति प्रतिष्ठित व्यक्ति हुनुमा कुनै शंका छैन।

सोही अभिलेखमा श्री कलहाभिमानी राजाकी पत्नीले उहाँबाट निगाह पाएर पतिको पुण्य बढोस् तथा आफ्नो मोक्ष होस् भनी (देवता स्थापना गर्नुभयो) भन्ने लेखिएको छ।[५] केही भाग खण्डित हुँदा यस अभिलेखमा परेका कुरा राम्ररी बुझिदैन भन्ने धन वज्रज्यूको भनाइ छ। हाल ती अक्षरहरू त झनै नष्ट भइसकेका छन्। विद्याध्ययनशील अंशुवर्माले आफ्नो आदर्शअनुरूप श्री कलहाभिमानी याने लक्ष्मीसँग कलह गर्ने गर्व गर्ने अर्थात् सरस्वतीका भक्त भन्ने उपनाम लिएका थिए। अंशुवर्माका पालाको भण्डारखालमा सुरक्षित अभिलेखमा र हाँडीगाउँको अभिलेखमा पनि यही विशेषण लेखिएको छ। पछि उनी यही उपनामले प्रसिद्ध भएका थिए। यस कुराको पुष्टि यसै अभिलेखले पनि गरेको छ।

वनकालीको नित्य, नैमित्तिक पूजा-आजा, तिनको नियमितता र निख्खरताको साथै स्याहार सम्भारको लागि कीर्तिस्वरूप जग्गा समर्पण गरी गुठी राखिदिएका कुरा यो गुठीसम्बन्धी विभिन्न लालमोहर, दानपत्र, सनद एवं लगत किताबबाट बुझिन आउँछ।

श्री वनकालीको वर्षबन्धन गुठी चलाउन निमित्त मोतीटारको ३३ रोपनी खेत चढाएकोमा यो गुठी नविग्रने गरी कसैले खोस्न नसक्ने गरीकन गुठीयार भिखासी नेवार र ठाकुसी नेवारलाई श्री रणबहादुर शम्शेर जङ्ग बहादुरबाट दानपत्रका लाल मोहर गरिदिएका थिए।[६]

अघिदेखि चलिआएको पर्वपर्वका पूजामा र नित्यनैमित्तिक पूजामा केही नघटाई खर्च गर्ने र बिग्रेको सत्तल बनाउन भनी पुर्खाले राखेको गुठीको जिम्मा लिने गुठियारले कबुल गरेकोमा पर्वपूजा एवं नित्य नैमित्तिक पूजा र सत्तल पनि बिग्रेको यही गुठीबाट बनाउने परम्परा रहेको थियो भन्ने बुझिन आउँछ साथै यी सबैमा खर्च गरी शेष बाँकी रहेको गुठी जानी भोग गर भनी उल्लेख गरेबाट, भोज खानलाई पनि खर्च पुग्ने रहेछ भन्ने प्रष्ट हुन आउँछ।[७]

श्री ३ महाराज रणोद्दीपसिंह राणाका पालामा गुठियार जुजुवर भन्नेले पुजारीलाई ६ मुरी चामल दिनुपर्नेमा ४ मुरी मात्र दिएकोले भारदारीबाट पुर्पक्ष गरी निजलाई खारेज गरी ऐनबमोजिम जाहेरवाला पोसाके बुद्धिमान श्रेष्ठ भन्नेको नाउँमा १९३६ (वि. सं.) सालमा सनद गरिदिएको रहेछ। यसबाट त्यो बेला गुठीबाट गर्नुपर्ने काम नियमबमोजिम नगरेमा गुठियारलाई झिकिदिने कडा नियम रहेको थियो भन्ने थाहा हुन आउँछ।

वनकालीका सुन, चाँदी, जवाहारातका गहना, भाँडा, जग्गा जमीन, नगदी, जिन्सी सबै जो बुझ्नु पर्ने बुझीलिई रसिदको १८५४ सालको दानपत्रका लालमोहर बमोजिमका जग्गाको पैदावर धान–१० पाथी, चामल २४ मुरी, गहुँ– ६। र घ्यू खाने १२। लिई गुठीलाई भएका तामापत्र, शिलापत्र, लालमोहर साथै वि.सं. १९२७ साल आश्विन वदी ५ रोज ५ मा गुठी छूटको गुठी कचहरीबाट भएको पत्र, सनद सबै अघिदेखि चलि आएको र पछि बढेको समेत केही न घटाई पूजा गुठी चलाई पुजाहारी, कामदारलाई बाली दी अघिदेखि जगेडा रहेका जगेडा राख्ने वनकालीको मन्दिर, सत्तल, चोक पेटी भत्के, बिग्रे बनाउने र हरेक साल मर्मत गरी राख्ने र गुठी जग्गाको बन्दोबस्त गर्दा ऐन बमोजिम गरूँला भनी निज बुद्धिमानले कबुल गरेको रहेछ (८) उल्लेखित तामापत्र र शिलापत्रको बारेमा केही जानकारी प्राप्त हुन सकेन। वि.सं. १९७६ साल वैशाखमा श्री ५ को सरकार तर्फ गुठी लगत जाँच अड्डा श्री ५ को सरकार तर्फका ठेक्का लागेको देवपत्तन श्री वनकालीका गुठीको आम्दानी, खर्च बाँकी कसर समेतको लगत किताब बनेको रहेछ। त्यो अनुसार पहिले लेखिएको खेत रोपनी ३३ मध्ये (२) दुई रोपनी १५ आना, तीन पैसा, तीन दाम खोलोले लगेको हुनाले ३० रोपनी एक पैसाको पैदावर जम्मा धान १३ मुरी, पाँच पाथी। सरूवा चामल १७ मुरी १३ पाथी ४ माना, गहुँ पाँच मुरी आठ पाथी, घ्यू खाने पैसा १२ रुपियाँ १५ पैसा कायम रहेको।

सो लगत बमोजिम, वैशाख शुदी ३ रोजमा यज्ञ गरी पर्व पूजा गर्ने र पर्खालमा चून लाउने काम गर्ने श्रावण बदी १४ रोजमा र वडा दशैंमा पर्व पूजा गर्ने। पुजाहारीलाई वार्षिक ६ मुरी सरुवा चामल र देवालयमा नित्य झाडु वडारू गर्ने कुस्लेलाई १ मुरी सरूवा चामल दिने र पर्व पूजाको बेला भोज खान पाउने रहेको छ।

यसरी यो वनकाली गुठी वि.सं. १९४७ सालदेखि १९५७ सालसम्म अमानतबाट तहसिल खर्च भई आएको देखिन्छ। वि. सं. १९५८ देखि १९७६ सालसम्म ठेक्काबाट गुठी चलेको देखिन्छ र त्यसपछि हालसम्म अमानतबाट तहसिल खर्च भई आएको राज गुठीमा दर्ता भएको देखिन्छ।

हाल वनकालीका नित्य पुजारी श्री राम कर्माचार्यज्यू हुनुहुन्छ र द्वपाला गोथ्य डंगोल हुनुहुन्छ। पुजारीलाई वार्षिक ६ मुरी चामल हालसम्म आउने गरेको र देवालयमा नित्य झाडु लगाउने कुस्ले चिनीमाया भन्नेलाई पनि १ मुरी चामल आउने कुरा थाहा हुन आएको छ। द्वपालालाई भने केही आयस्ता नआउने खाली पर्व पूजाहरूमा चढाइने पैसा र भोज खान पाउने रहेछ।

काठमाडौं गुठी खर्च कार्यालय कालमोचनबाट श्री वनकालीमा गरिने पर्व पूजाहरू यस प्रकार रहेका छन् ।

वैशाखः–

वैशाख शुदी ३ रोजमा रांगो दुई र बोका दुई बलि दिई पर्व पूजा गरिने चलन रहेको छ। यस दिनमा यज्ञ पनि गरिन्छ। पूजापछि पुजारी, द्यपाला, कुस्ले र अरू सम्बन्धित व्यक्तिहरू सम्येबजी र भोज खाने चलन रहेको छ।

श्रावणः–

श्रावण वदी १४ रोजमा थुम्मा एकको बलि सहित विधि विधानअनुसार पर्व पूजा गर्ने चलन रहेको छ। पूजापछि सम्यबजी र भोज खाने चलन रहेको छ।

आश्विनः–

आश्विन शुदी ९ रोजमा पनि वनकालीमा पर्व पूजा गरी भोज खाने चलन रहेको छ। गुठी खर्चबाट गरिने पर्व पूजाहरूको अलावा श्री वनकालीमा अरू विभिन्न गुठीहरूबाट पनि पूजा गरिने प्रचलन छ। हरेक वर्ष जेठ १ गते श्री सम्बर जङ्गबाट बोका एक बलि दिई पूजा गरिन्छ। यस मन्दिरमा धूनीजज्ञ गर्नेको लागि त्यस अड्डाबाट काठका मुडाहरू पनि दिने प्रथा रहेको छ।

सु-कुलानन्द झाले राखेको गुठीबाट वनकालीमा हरेक वर्ष चैत्र वदी १४ रोजमा र माघ वदी १०. रोजमा एउटा बोका सहितको पूजा गरिन्छ। प्रत्येक पूर्णिमामा ठूलो सदावर्त गुठीबाट हाँस एउटा बलि दिई पूजा गरिन्छ।

वैशाख शुदी ३ याने अक्षय तृतीयाका दिन भुवनेश्वरी गुठीबाट भुवनेश्वरी भित्र रहेको इष्टदेवी मानिने धातुको वनकालीको मूर्ति यस स्थानमा ल्याई पञ्चबलि पूजा गरिन्छ। रकमीहरूलाई भोज पनि ख्वाउने चलन रहेको छ।

वनकाली मन्दिरअगाडिको सत्तलः–

यो सत्तल पनि वि.सं. २०१५ सालमा जीर्णोद्धार गरिएको थियो। यो सत्तल ६ कवल, दुई नाले, दुई तल्लाको कर्कट पाताको छाना भएको रहेको छ। २०१५ साल अगाडिसम्म कर्कट पाता र झिंगटीको छाना भएकोमा पछि कर्कट पाता मात्रै हालेको रहेछ। सत्तल पछाडि अन्दाजी ११ हात लम्बाई, ६ हात गज भएको चौगिदा भएको जगा पनि रहेको छ। यो सत्तलमा वनकालीमा पर्व

पूजाहरू गर्ने बेला, पूजापछि भोज खाने र विश्राम गर्ने ठाउँ रहेको छ।

यस सत्तलको गारो हाल चर्केकोले चाँडै नै जीर्णोद्धार गर्नुपर्ने देखिन्छ हाल यस सत्तलमा विभिन्न व्यक्तिहरू बसोबास गरिरहेका छन् । उनीहरूका अनुसार पर्व पूजाहरूमा उनीहरूले ठाउँ खालि गर्ने गरेको छ ।

यो सत्तल कसले बनाएको भन्ने बारे केही जानकारी प्राप्त हुन आएको छैन । वि. सं. १९०४ को लालमोहरमा मन्दिर अगाडिको सत्तल बिग्रेको बनाउने भन्ने उल्लेख गरेबाट यो सत्तल त्यो भन्दा पहिलेको हुनु पर्दछ भनी अनुमान लगाउन सकिन्छ ।

कुल देवता स्थल:–

यो कुल देवता वनकाली मन्दिरको बाहिर वनमा रहेको छ। देवपत्तनका नरसिंह डंगोलका सन्तानको यो कुल देवता हो । हाल दुई दाजु भाइका सन्तानहरू यस स्थानमा आई सिठी चह्लेका दिन देवाली पूजा मनाउँदछन् । ठूलो चाडपर्वहरूमा र व्रतवन्ध, दुलही भित्र्याउने आदि समारोहहरू यस स्थानमा आई मनाउने चलन रहेको छ ।

गणेश स्थान:–

यो गणेश देवस्थल वनकाली मन्दिरको तल्लो भागमा पर्दछ । स्थल बाटोको छेउमानै रहेको छ। स्थानीय वासिन्दाहरू यी गणेशलाई ह्याउँ गणेश भन्दछन् । यहाँ एउटा शिलापत्र पनि राखिएको छ तर अक्षरहरू नष्ट भई बुझ्न नसकिने अवस्थामा रहेको छ । त्यसैले यस देवस्थलको बारेमा तथ्य कुरा थाहा पाउन सकिएको छैन ।

गणेशको मूर्तिको शैली हेर्दा यो मूर्ति १७ औं शताब्दी ताकाको देखिन्छ। यी गणेशलाई रातो सिन्दूरले पोतेको छ। भाषा वंशावलीमा राजा शिवदेवले वनकाली स्थापना गरे पछि त्यही स्थान सन्धि त्रिनेत्र गरी वनविनायक भनी स्थापना गरे भन्ने लेखिएको छ ।[१]

तर यो मूर्ति हेर्दा लिच्छविकालीन भन्न सकिदैन । यस देवस्थलमा एउटा शिर काटिएको ढुङ्गाको मूर्ति पनि रहेको छ र शिलाको रूपमा छत्रपाल पनि रहेको छ । यस क्षेत्रमा रहेका जनताहरू ठूलो पर्व र विशेष धार्मिक समारोहमा यसै गणेश स्थानमा आई सर्वप्रथम पूजा गर्ने चलन रहेको छ । त्यही एउटा शिलास्तम्भको टुक्रामा दुई तिर नारायणको सानो मूर्ति भएको पनि रहेको छ। वज्रेश्वरीको जात्रा भरि यस स्थानमा आएर गुठीयारहरू सम्येबजी खाने चलन रहेको छ ।

व्रजेश्वरी गुठीबाट चैत्र चतुर्दशीका दिनमा मरः जा (भोग पकाएर भात ख्वाउने, यही गणेश स्थानको पछाडि राखेर ख्वाइन्छ। पहिले हाल धर्मशाला रहेको चौतारा रहेको ठाउँमा ख्वाउने गरेको थियो।

गणेश पाटी.–

यो सानो पाटी गणेश देवस्थलको अगाडि रहेको छ। यो नयाँ निर्माण देखिन्छ। हाल त्यहाँ एउटी भक्तिनी गणेश देवस्थलको रेखदेख गरि बस्ने गरेको छ।

ढुङ्गे धारा:–

यो ढुङ्गे धारा गणेश स्थानको नजीकै रहेको छ। यहाँ कुनै पनि अभिलेख नभएकोले यो कीर्ति राख्ने दाताको नाम थाहा हुन आएन। यो ढुङ्गे धाराको कलाकृति हेर्दा यो लिच्छविकालीन देखिन आउँछ। धाराको माथितिर एउटा लिच्छविकालीन ढुङ्गाको चैत्य पनि रहेकोले यो कीर्ति राख्ने कोही बौद्धमार्गि देखिन्छ।

वनकाली धर्मशाला:–

यो धर्मशाला नयाँ निर्माण हो। हाल यो धर्मशालाको माथिल्लो भागमा पशुपति क्षेत्र विकास कोषको कार्यकारिणी समिति रहेको छ। तल्लो भाग धर्मशालाको रूपमा रहेको छ।

पोखरी:–

यो पोखरी धर्मशालाको पछाडि रहेको छ। यो पोखरी सम्बन्धी जानकारी प्राप्त हुन सकेको छैन। हाल यो पोखरी ज्यादै दयनीय अवस्थामा रहेको छ। फोहरै फोहरले भरेर पोखरीको स्वरूप नै बदलिएको छ। कुनै जमानामा यो पोखरी एउटा रमणीय र लोकोपकारीको रूपमा रहेको हुनु पर्दछ।

गोरखनाथ मन्दिर:–

काठमाडौं चक्रपथ निर्माण गर्दा सडकमा परेकोले श्री गोरखनाथ मन्दिर वि. सं. २०३३ साल भाद्र ८ गते रोज ३ मा पुनः निर्माण सडक विभागद्वारा गराएर त्यहाँ एउटा शिलापत्र पनि राखि दिएको छ।

पहिले गोरखनाथको मन्दिर वि. सं. २०१५ साल माघ महिनामा श्री ५ महेन्द्र सरकारबाट स्थापना गरि बक्सी एउटा शिलापत्र श्री गोरखनाथको प्रीति गरी सुन्दर भवन तयार पारिबक्सियो भनी राखिएको हाल पुनः निर्माण गरिएको

मन्दिरको बाहिर गान्होमा राखिएको छ। नाथ सम्प्रदाय सैनिक शक्तिको विकासमा उत्साह दिन्छ भन्ने धारणा अनुरूप वीर योद्धा पृथ्वीनारायण शाह देखि नै शाह-वंशी राजाहरूले यस सम्प्रदायलाई राम्रो मान्यता दिदै आएका छन्।

स्थानीय वासिन्दाहरूका अनुसार काठमाडौं भरिमा सबै भन्दा पुरानो गोरखनाथ यही नै रहेको छ। पहिले यो मन्दिर रिङ्ग रोड बनाइएको ठाउँमा हुँदाखेरी मृगस्थलीका कान फटे जोगीहरूबाट दैनिक पूजा र पर्व पुजाहरू गरिने गरेकोमा हाल यहाँ भए देखि नगरेको भन्ने बुझिन आएको छ। हाल मंगला गौरीमा नित्य पूजा गर्ने पुजारीले नै यो देवताको पूजा गरि दिने गरेको छ।

गोरखनाथ मन्दिरको छाना रहेको छैन, खुल्ला मन्दिरको शैलीमा बनाइएको छ। जुन आधुनिक ढङ्गको रहेको छ। मन्दिरभित्र रहेको गोरखनाथको मूर्ति ढुङ्गाको शाहकालीन मूर्ति हो।

मंगला गौरी;–

श्री मंगला गौरी मन्दिर पनि, काठमाडौं चक्रपथ निर्माण गर्दा सडकमा परेकोले, वि. सं. २०३३ भाद्र ८ गते रोज ३ मा सडक विभागद्वारा पुनः निर्माण गराएर एउटा शिलापत्र पनि राखि दिएको छ। मंगला गौरीको शिला वि. सं. २०१२ साल तिर डोटीबाट मङ्गलबार, मङ्गलवार मात्रै, कन्या कुमारहरूबाट वोकाएर काठमाडौं ल्याएर पशुपति नाथलाई महास्नान गराउने ठाउँको अगाडि स्थापना गरिएको थियो। त्यसपछि वि. सं. २०१७ साल मंसिर महिनामा श्री ५ को सरकार तर्फबाट तत्कालीन कमिश्नर श्री विष्णुमणि सर्दारको मातहतबाट दुई रोपनी जग्गा किनेर एउटा मन्दिर तयारगरि हाल रिङ्ग रोड रहेको ठाउँमा मंगला गौरीको शिला स्थापना गरेका थिए। वि. सं २०१६ साल चैत्र २ गते पुजारी एक जनाको दरवन्दी खडा गरी मासिक रू. २० भत्ता दिने मासिक १० पूजा खर्च दिने निर्णय भएका थिए। पछि आएर श्री ५ मा बक्साएर पुजारीको भत्ता दिनको एक रुपियाको हिसाबले दिने गरेका छन्।

मङ्गला गौरीको नित्य पूजा र आरती बाहेक वर्षको दुई चोटि पर्व पूजा पनि गरिन्छ।

चैत्र दशैमा गुठी खर्चबाट एउटा वोकाको पैसा, मंगला गौरीमा बलि चढाउनको लागि दिने गरेको छ। त्यस दिन बलि सहित विधि विधान अनुसार पूजा गरिन्छ। ठूलो दशैमा काल रात्री र नवमीका दिनको लागि दुई वटा वोकाको पैसा गुठी खर्चवाट दिने गरेको छ। त्यस बेला भगवती मानी मंगला गौरीको

धुमधाम सित पूजा हुने गरेको छ। शगुनका चिजहरू र जामा पनि ठूलो पर्वहरूमा चढाउने गरिएको छ।

यो भगवतीको शिला डोटिमा उत्पति भएको हो भन्ने धारणा रहेको छ। यी देवीसँगै आउने पुजारीलाई सपनामा भए बमोजिम मंगलबार मात्रै हिंडाएर ल्याएको हो भन्ने भनाई छ[१०]

यो मन्दिर भूई तल्ले फर्कट पाताको छत्राकार छाना भएको छ। मन्दिरभित्र भगवती मानिने एउटा सानो शिला (जामा लगाई दिएको) रहेको छ र भीमसेनको मूर्ति चोरी भएकोले अर्को नयाँ सानो एउटा ढुङ्गाको भिमसेन राखिएको छ। यी देवीलाई विभिन्न दाताहरूले चढाएका गहनाहरू र चाँदीका भाडाँहरू चोरी भएको हुनाले हाल पुजारीबाट गुठी लगतमा बुझाई दिएको रहेछ। यस देवी स्थानमा धूनि जज्ञ गर्नको लागि सम्बरजङ्ग अड्डाबाट महिनाको दुई मन दाउरा आउने गरेको छ।

मंगला गौरी पाटी:—

यो पाटी पनि २०३३ सालमा सडक धिभागबाट पुनः निर्माण गरिएको हो। यो पाटी मन्दिरको अगाडि रहेको छ। हाल यहाँ एक जना व्यक्ति मन्दिर र वरिपरिको रेखदेख गर्नको लागि राखिएको छ।

बज्रेश्वरी देवस्थल:

भाषा वंशावलीमा वज्रेश्वरी देवीलाई वाणेश्वरी भनी उल्लेख गरिएको छ र लेखिएको छ कि राजा शिवदेवले यिनै देवी देशका पीठ हो भनी पिशाच चतुर्दशीका दिन सबै प्रजा जम्मा गरी देवीका आज्ञाअनुसार देवी वाद्य बनाई प्रतिवर्ष देश घुमाई रथ यात्रा गराए। फेरि द्वादशीका दिनमा चतुवर्ण जम्मा गरी महिष बलि दिई पूजा गर्ने, त्रयोदशीका दिनमा कुमारी गणलाई भोजन गराउने, चतुर्दशीका दिन महादेव स्थानमा अखण्ड अग्नि रात्री भर जगाई यात्रा क्रम संयुक्त गरी देवीका रथले देश प्रदक्षिणा गराए।[११]

यसरी भाषा वंशावलीका अनुसार राजा शिवदेवको पालादेखि यी देवीको विभिन्न पर्व पूजाहरूको थालनी भएको देखिन्छ। र देवीको जात्रा गर्ने चलन चलाएको रहेछ। तर हाल रथ यात्रा होइन कि खट यात्रा गर्ने चलन रहेको छ। वज्रेश्वरी देवीलाई वत्सला देवीको बहिनी मानी पूजा आजा गर्ने चलन रहेको छ। स्थानीय वासिन्दाहरू यस देवस्थललाई पीगं याने सबै ईश्वरीहरू विराज-

मान भएको ठाउँ 'पीठ' भन्ने प्रचलित नामले पुकार्ने गरेका छन् । यो स्थान खुल्ला देवस्थलको रूपमा रहेको छ ।

यस देव स्थलमा तीन वटा टाउको सम्म मात्रै देखिने देवीहरूको स्थापना गरिएको छ। माथि ढुङ्गाको तोरण रहेको छ । गणेशका दुई वटा मूर्तिहरू, नवदुर्गा मानिने नौवटा शिलाहरू शिला आधारमा छत्रपालहरू दुई र एउटा लिच्छविकालीन चैत्यको भग्नावशेष यस देवस्थानमा रहेका छन् । अगाडि एउटा नन्दी पनि रहेको छ। पीठ संगै लक्ष्मी नारायणको मूर्ति जस्तो अनुहार खिई सकेको छ र साथै एउटा अस्पष्ट शिलापत्रको टुक्रा पनि रहेको छ। वज्रेश्वरीको पर्व पूजाहरू र साथै यात्राको लागि वज्रेश्वरी गुठी रहेको छ। हाल यस्का दुई जना गुठीयारहरू रहेका छन हेराकाजी डंगोल र सानु काले डंगोल । वज्रेश्वरीका पर्व पूजाहरू र यात्राको बारेमा उहाँहरूबाट नै जानकारी प्राप्त हुन आएको छ।

वज्रेश्वरी गुठी अमानतबाट आम्दानी खर्च गर्ने गरी राज गुठीमा दर्ता भएको गुठी हो । सम्वत १९८९ सालमा श्री ५ को सरकार तर्फ गुठी लगत जांच अड्डाबाट श्री वज्रेश्वरी गुठीको आम्दानी खर्च बाँकी कसर समेतको लगत किताव खडा भएको रहेछ ।

भकुनटोल बस्ने दुगलनरसिंको १९५८ सालको विन्ती पत्रमा नेपाली राजाका पालामा हाम्रो पूर्खाले श्री वज्रेश्वरीको जात्रा गर्नलाई र नित्य नैमित्तिक पूजा गर्नलाई १५ रोपनीको धान १५ मुरीले नित्य पूजा हरेक साल चैत्र वदी १२ रोजका दिनदेखि औंसीका दिन तक र वैशाखवदी १४ का दिन र हरेक शनिश्चरवारका दिन पूजा गर्ने स्थिति र दानपत्रको सनद समेत गरी जाहाँ गण देवता राखेका छन त्यसै ठाउमा राख्नु भन्ने वन्देज गरिराखेको पछि सो देवता नुहाउदा पानीले भिजी सनद धुलो भएको सो गुठी जग्गा मात्र अघिदेखि पोता लागेको पनि छैन भनी उल्लेख गरेको छ। सोही बिन्तीपत्रमा आफ्ना टोलमा मरेका आफ्ना जातका मूर्दा यही गुठीबाट उठाउनु पर्ने भन्ने लेखिएको छ।

यसमा दुनियाको घरायसीको मूर्दा उठाउनलाई खर्चको दरबन्दी गरी दिन नपर्ने, नित्य पूजा गरे वापत खाएको भन्नु पर्ने भै, गुठी छुट्याउने सबुद प्रमाण केही दाखिला नभएकोले अड्डैबाट अमानतबाट आम्दानी खर्च गराउनु पर्ने भै १९८९ साल देखि आम्दानीको लगत गुठी तहसिलमा, खर्चको लगत गुठी खर्चमा र सो बमोजिम खर्च गरे नगरेको जाँच्नु भन्ने गुठी बन्दोवस्तलाई र

गुठीयारलाई समेत अड्डाको जनाउ पुर्जा गरिदिई तपसील बमोजिम आम्दानी खर्च बाँकी कसरको लगत किताब खडा गर्नु पर्ने भएको रहेछ।

वज्रेश्वरी गुठी भनी खाई आएको जग्गा रैकरमा लगतमा दर्ता गरी मालबाट साल वसाल बाकी असूल गराए भने पहिलेदेखि चलि आएको नित्ये, पर्व पूजा; जात्रा गुठी चली आएको अब झिकी दिएमा खण्डित भई धर्म लोप हुन जाने भएको र भएका गुठी लगतलाई भएको सवालबाट गुठी चलाई खाई आएको जग्गा रैकरका लगतमा दर्ता गराउन नभै गुठी मै थामी गुठीको लगत खडा गर्नु पर्ने भनी निर्णय भएको[१२]

तपसिल

खेत रोपनी– १५

धान– १८।५।४

नित्य पूजा के– १५।७।७। ।

पर्व पूजाको

(१) मार्ग शुदी पूर्णे अर्थात् मील्हा पूर्णिमाका पूजा।

(२) **पिशाच चतुर्दशी पर्व**
चैत्र वदी १२ देखि चैत्र शुदी ३ तक– दिन ७ को– १३।५।६

(३) कन्या ९ कुमार २ समेत ११ जनालाई भोजको भात पकाउन चामल पाठी १।१।३

(४) चैत्र वदी औंसीका दिन द्वादशीका पर्व ।

(५) वैशाख बदी १४ रोजका दिन स्वाँ छाय पूजा गरी भोज खाने।
नित्य पूजा गर्ने पुजारीको खान्की धान– ३ मुरी वर्षको १ शनिश्चरवार ५२ को– ४।६८ बाँकी कसर– १६।८०।१

वज्रेश्वरीको दुई तल्ले पराले घर द्यः छेय् पनि लगतमा उल्लेख गरेको छ। यसरी यो लगतबाट वज्रेश्वरीको परम्परा पूजा-आजा र गुठीकोबारे जानकारी प्राप्त भएको छ। विद्यमान पूजा-आजा, पर्व जात्रा दुई जना गुठीयारहरूले निम्न बमोजिम चलाई आएको देखिन्छ। वज्रेश्वरीको पूजा-आजा गुठी र यात्रा पर्व चलाउनेको लागि वर्षको १८ मुरी धान आउने गरेको छ। कुनै कुनै जग्गा हाल जग्गा अधिकरणमा परेको रहेछ।

पिशाच चतुर्दशी पर्व :–

प्रत्येक वर्ष दुई जना गुठीयारहरू पालो पालो गरी यो पर्व चलाउदै आएका छन् ।

देश उद्धार पूजा :–

चैत्र द्वादशीका दिन चार वर्णबाट देश उद्धार पूजा गरिन्छ र वज्रेश्वरीको गुठीबाट बोका र कुखुराको वलि दिइन्छ ।

त्रयोदशीको दिन दिउँसो पालोवाला गुठीयारको घरमा बिदा पूजा गरिन्छ र भोज पनि खाइन्छ । त्यसपछि तामापातामा सुनमोलम्वा लगाएका नवदुर्गाका मूर्तिहरू र दुई कुमारका मूर्तिहरू जात्रा गर्नको लागि धोई सफा गरिन्छ । वेलुकी घिमे बाजा बजाउनेहरू आउदछन् र बाजा बजाई ठूलो ढकीमा राखी सबै मूर्तिहरू वज्रेश्वरीमा लगिन्छ ।

राती भुवनेश्वरी गुठीवाट कुमारी पूजा गरिन्छ । पूजा गरेपछि घिमे बाजा वजाई सबै मूर्तिहरू वज्रेश्वरीको द्यः छेय्मा ल्याई रातभर गुठीयारहरू पालो वस्दछन् । त्यो बेला सम्य एक चोटी र भोज एक चोटी पनि खाने चलन रहेको छ ।

चतुर्दशी :–

चतुर्दशीको बिहान विना बाजाको सबै मूर्तिहरू देवी स्थानमा लगिन्छ र त्यहाँको द्यः पालालाई जिम्मा लगाइन्छ । दिउँसो वज्रेश्वरी गुठीबाट चह्ले पूजा गरिन्छ त्यही दिनमा पशुपति अमालबाट दुनिया पूजा भनी पूजा ल्याइन्छ ।

राती सबै मूर्तिहरू पालो वाला द्यः पालाको घरमा लगिन्छ र रातभर त्यहीं राखिन्छ ।

औंसी :–

औंसीको बिहान देवीहरू ल्याई ईंटा पाखाको डवलीमा राखिन्छ । वज्रेश्वरीको गुठीबाट खट् सजाई विभिन्न दाताहरूले चढाएका गहना इत्यादि लगी देवीहरूलाई सजाइन्छ र जात्रा गर्न अगाडि गुठीबाट पूजा गरिन्छ ।

देवीहरू खट्मा राखेपछि सवभन्दा पहिले वत्सलेश्वरीमा बाजा-आजा बजाई ल्याइन्छ र तीन चोटी मन्दिर घुमाइन्छ । त्यहाँबाट खट् जात्रा गरी ल्याई श्री पशुपतिनाथको पश्चिम ढोकासम्म लगिन्छ । त्यहाँबाट भुवनेश्वरी, पंचदेवल, चार शिवालय, तिल गंगा भई हरिजन टोलसम्म लगिन्छ । घर घरबाट पूजा

थापेपछि त्यही बाटो भई ईंटा टोल भई अमालकोट हुँदै जयवागीश्वरी, नवाली टोलमा लगिन्छ। त्यहाँ सरकारी पूजा, भनी एउटा बोका सहितको पूजा गरिन्छ। बलि दिएको बोकाको गर्धनसम्मको भाग र खुट्टाहरू गुठीयारहरूलाई दिने चलन रहेको छ।

त्यहाँपछि ताम्रेश्वर लगिन्छ र भण्डार खालको पर्खालमा तीन चोटी खट ठोकाइन्छ। ताम्रेश्वरबाट फर्काई जयवागेश्वरी र दथुटोल भई श्री पशुपतिनाथको पश्चिम ढोकासम्म लगिन्छ। त्यहाँबाट भुवनेश्वरी भई देवीको द्यः छेंय्को अगाडिको डवलीसम्म ल्याइन्छर खट् बिसाउन अगाडि गुठीबाट पूजा गरिन्छ। त्यही वेला नासः भजन खलबाट भजन गरिन्छ। भजन गरेपछि खट्बाट मूर्तिहरू झिकी विधि विधान अनुसार द्यः छेंय्मा राखिन्छ र पूजा गरिन्छ। पूजापछि भोज खाने चलन रहेको छ। रातभर सबै मूर्तिहरू द्यः छेय्मा नै राखिन्छ (वज्रेश्वरीको जात्रा सकेपछि मात्र वत्सलेश्वरीको जात्रा शुरू गरिने प्रथा रहेको छ। वत्सलेश्वरीका जात्राको अवधिभर वज्रेश्वरीको द्यः छेय्मा सबै मूर्तिहरू प्रदर्शन गरि राख्ने चलन रहेको छ।

परेवा :–

यस दिन विहान गुठीबाट वज्रेश्वरी स्थानमा, विसर्जन पूजा (लित पूजा) गरिन्छ। पूजापछि भोज खाइन्छ।

तृतीया :–

तृतीयाका मध्ये रातमा द्यः छेंय्बाट सबै मूर्तिहरू 'खि' बाजा बजाएर गुप्त रूपमा कसैले नदेख्ने गरी अर्को सालको पालो वाला गुठीयारको घरमा गरिन्छ।

मातातीर्थ औंसीको पर्व पूजा :–

औंशीको एक दिन अगाडि कुखुरा एउटा सहितको पूजा वागीश्वरी स्थानमा लगी पूजा गरिन्छ र फर्केर आउँदा गणेश स्थानमा बसी सम्यवजी खाइन्छ। दुवैजना गुठियारहरू पालो वालाको घरमा आई मूर्तिहरू (जात्रा गर्ने) सबै सफागरी द्य. न्वय्गु भनी प्रदर्शन गरेर राख्दछन्। औंसीको दिनसम्म प्रदर्शन गरिएका मूर्तिहरूको इच्छा भएका भक्तजनहरू दर्शन गर्न आउने चलन रहेको छ। त्यही दिन पूजा गरी भोज पनि खाने गर्दछन्। राती सबै मूर्तिहरू फेरि पूजा कोठामा राखिन्छ। भोलिपल्ट परेवाका दिनमा पनि दुवै गुठियारहरू बसी भोज खान्छन्।

मिल्हा पूर्णः-

मार्ग शुदी पूर्णेका दिनमा गुठियारहरूबाट 'सीका' पूजा गरिन्छ ।

होली पूर्णिमाः-

पूर्णेको एक दिनअगाडि वज्रेश्वरीको द्य छेयको छाना परालको भएकोले वर्षको एक चोटी छाना फेर्ने परम्परा रहेकोमा हाल पक्की छाना भएकोले यो गर्न नपर्ने भएको छ । अब पूजा गरेर भोज खाने चलन मात्र रहेको छ। यो पर्व पूजाहरूको अलावा घरमा रहेका देवीहरूको नित्य पूजा र शनिबार नैमित्तिक पूजा गरिन्छ । वज्रेश्वरीको नै मित्तिक र पर्वपूजाहरू पशुपति महास्थान गुठी र सु. कुलानन्द झाले राखेको गुठीबाट पनि गरिने चलन रहेको छ।

महास्नान गुठीः-

यस गुठीबाट प्रत्येक पूर्णिमाका दिन हाँस एक बलि दिई वज्रेश्वरीमा पूजा गरिन्छ ।

कुलानन्द झाको गुठीः-

यस गुठीबाट माघबदी १० रोजमा र चैत्र बदी १४ रोजमा एउटा, एउटा बोका सहितको वज्रेश्वरीमा पूजा गरिन्छ ।

वज्रेश्वरी सत्तलः-

यो सत्तल वज्रेश्वरी देव स्थलको बाँयापट्टि रहेको छ। यो सत्तलको दलानमा भित्तामा एउटा मल्लकालीन शिलापत्र रहेको छ सम्भवतः त्यो शिलापत्र सत्तल स्थापना गरेको बेलाको हुनु पर्दछ । हाल त्यहाँ एक परिवार रहने गरेको छ र दलान, बास बस्नेहरूको लागि प्रयोग गरिँदै छ । देवस्थल र सत्तलको वरिपरि ज्यादै फोहर गरिराखेको छ/ सत्तल भने राम्रो अवस्थामा रहेको छ।

नित्य, नैमित्तिक पूजा-आजा, यात्रा पर्वहरू सबै गुठीबाट गरिने भएको हुनाले गुठी जगाहरूको बचावट र त्यसको आयस्ताबाट मन्दिरहरू र यात्रा पवहरू कसरी सुव्यवस्थित रूपबाट निरन्तर चल्न सक्छन् त्यसमा विचार पुऱ्याउनु समयोचित हुने देखिन्छन् । स्याहार-सम्भार, जीर्णोद्धारको लागि पनि गुठी जगाकै आयस्ताबाट गरिने परम्परा रहेकोले, जस्तै वनकाली गुठी, यस्ता गुठीहरूलाई सक्रिय पारी यस्ता कार्यहरूमा ध्यान पुऱ्याउन लगाउने प्रयास गर्नुपर्ने देखिन्छ।

विभिन्न देव देवीका गुठीहरूलाई धार्मिक कार्यहरूमा सक्रियता बनाई स्वधर्म-संस्कृतिको पुनर्जागरण तथा धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदा-हरूको संरक्षण सम्वर्द्धन तथा प्रतिष्ठा गराउनतिर पनि ध्यान आकर्षित गराउनु-पर्ने आजको आवश्यकता देखिन्छ ।

कति मन्दिरहरूमा धार्मिक एवं सांस्कृतिक महत्त्वका कार्यहरू रोकिएका छन् जस्तै गोरखनाथ मन्दिर, यस्तो किन हुन गयो विचार गर्नुपर्ने कुरा हो। मुख्य कारण काम गरे बापत दिइने पारिश्रमिक हो। जस्तै मङ्गला गौरीको पूजाको सबै खर्च र मासिक भत्ता। साथै त्यति खर्च पनि समयमा नपाई मन्दिरको नित्य, नैमित्तिक तथा पर्वहरू चलाउन अप्ठ्यारो एकातिर परेको छ भने अर्कोतिर सरसफाइतिर ध्यान छैन ।

वनकाली क्षेत्रभित्र रहेका मन्दिरहरूको छानामा रूख घाँस उम्रेको देखिन्छ। यसभित्र रहेका मूर्तिहरू फोहोर अवस्थामा छन् । कुनै कुनै मूर्तिहरू फुटेका छन्।

यस क्षेत्रभित्र रहेका मूर्ति, मन्दिर र सत्तलहरूलाई रसायन प्रक्रियाबाट संरक्षण गर्नुपर्ने देखिन्छ। ढुङ्गेधाराभित्र पनि निकासा नभएकोले फोहर पानी जमी राखेकोले, अण्डर ग्राउण्ड निकासा बनाई दिनुपर्ने देखिन्छ । धाराबाट पानी चालू रूपमा आउने गरेकोले बटुवाहरूको लागि अति उपयोगी भइरहेको छ । त्यसैले यो धाराको चाँडैनै मर्मत गरी दिनुपर्ने देखिन्छ ।

पोखरी पनि बिरुवा र फोहरले छोपी राखेको छ र दूर्गन्धले भरिपूर्ण भइ रहेको छ । त्यसैले यी पोखरी पनि चाँडैनै सफा गराएर चारैतिरबाट पर्खाल लगाएर संरक्षण गर्नुपर्ने देखिन्छ ।

साथै अगाडि मर्मत तथा जीर्णोद्धार र पुनः निर्माण गरिएका स्मारकहरू जस्तै मङ्गला गौरी मन्दिर र गोरखनाथ मन्दिरमा आधुनिक निर्माण सामग्रीहरू प्रयोग गरिएकोमा संशोधन हुनुपर्ने देखिन्छ । पुरातात्विक महत्वलाई कायम गर्न स्मारकहरूमा परम्परादेखि चलिआएको वा सो सँग मिल्दो निर्माण सामग्री प्रयोग गरी मर्मत, जीर्णोद्धार गर्न अत्यावश्यक रहेकोछ ।

यसरी वनकाली क्षेत्र लिच्छविकाल देखिनै एउटा लोकप्रिय क्षेत्र रही देव देवीको मूर्ति पूजाको साथ साथै चैत्यको प्रतिष्ठा एवं पूजा गरी उपासना गर्ने गरेको देखिन्छ । यो क्षेत्र लोकप्रिय रहेको कुरा यहाँ त्यो बेलाको ढुङ्गे धारा पनि रहेको बाट पुष्टि गर्दछ । प्राचीनकालदेखिनै धर्म हाम्रो समाजमा पथप्रदर्शक र समा-जको मेरुदण्डको रूपमा रहेको छ। समाजमा कुनै त्यस्तो अङ्ग छैन जहाँ धर्म र धार्मिक भाव सम्मिलित भएका नहुन् । जात्रा, मन्दिर मूर्ति आदि कुराहरू धर्मसँग

सम्बन्धित साँस्कृतिक परम्पराको प्राचीन रूप हो । नेपालमा आज जति जात्र चल्दछन्, त्यति संसारका अरू देशमा चल्दैनन् । यो नेपाली संस्कृतिको विशेषता हो । यिनै जात्राको रूपमा प्राचीन समयमा धूनहरू गीतहरू नृत्य र अरू धार्मिक परम्पराहरू नेपालमा जीवित रहेको छ र रहन दिने भरपूर प्रयास गर्नुपर्ने आजको आवश्यकता रहेको छ ।

पाद टिप्पणी

(१) धनवज्र वज्राचार्य– लिच्छविकालका अभिलेख, प्रकाशक नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, पृ. ३६६ ।

(२) देवमाला वंशावली– प्रकाशक– श्रीपीर महन्त क्षिप्रानाथ योगिराज गोरक्ष राष्ट्र नेपाल सिद्धाचल मृगस्थली, पृ ३६ ।

(३) भाषा वंशावली । (पहिलो भाग)– सम्पादक– नयनाथ पौडेल, प्रकाशित श्री ५ को सरकार, पुरातत्त्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय, पृ.–८२

(४) धनवज्र वज्राचार्य– लिच्छविकालका अभिलेख– पृ. ३६६–३६७ प्रासाद पिण्डस्थल सद मित्यामृत चर्मणा
...........प.... ...... शिलापट्टकम् ।

(५) ऐजन
(भर्तु : पुण्य) वितृद्वये भगवति कलेश छाया यात्मनः
भार्य्या श्री कलहाभिमानीनृपर्तेलब्ध्वा प्रसादोदय (भ)

(६) वि. सं. १८५४ साल कार्तिक बदी १४ रोज ४ का दानपत्रका लालमोहर ।

(७) वि. सं. १९०४ साल मिति आश्विन शुदी २ रोजका लालमोहर ।

(८) वि. सं. १९३६ साल पौष शुदी ७ रोज ३ का रूक्का दस्तखत ।

(९) भाषा वंशावली । (पहिलो भाग) पृ. ८२ ।

(१०) मङ्गला गौरी मन्दिरका पुजारी श्री हरिप्रसाद उपाध्यायसँगको भेटघाटबाट प्राप्त विवरणमा आधारित ।

(११) भाषा वंशावली । (पहिलो भाग) पृ. ८३ ।

(१२) वि. सं. १९८९ साल चैत्र २ गते १ मा षड्ग निशानाबाट सदर भई आयाको लगत किताब ।

कुटुबहिल

कुटुवहिल चावहिल स्तूपको पश्चिम र दक्षिण कुनामा रहेको छ। यस वहिलले चर्चेको क्षेत्रलाई कुटुवहिल क्षेत्र भनी तोकिएको छ। हालै प्रकाशन भएको एक अंग्रेजी भाषामा लेखिएको बुद्धिस्ट मोनास्ट्रिज अफ् नेपाल नामक पुस्तकमा यस कुटुवहिललाई 'कोथु चा वही भनी नेवारी नाम र गगन गन्ज महाविहार भनी संस्कृत नाम दिइएको छ (१) तर यो कुन आधारमा नामकरण गरिएको हो उल्लेख गरेको पाईंदैन।

प्राचीनता:-


यस कुटवहिल क्षेत्रमा तीन वटा लिच्छविकालीन चैत्यहरू भएवाट यस क्षेत्रको प्राचीनतालाई अगाडि वढाउन मद्दत पुगेको छ। तर हालसम्म सो बेलाको कुनै अभिलेखहरू प्रकाशनमा आएका छैनन्। वंशावलीमा र अरू ग्रन्थहरूमा पनि यो कुटुबहिलको चर्चा परेको पाईंदैन। जे होस्, लिच्छविकालीन स्मारकहरूको आधारमा यो क्षेत्र त्यो बेलादेखिनै एउटा पवित्र धार्मिक स्थलको रूपमा रहेको थियो भन्ने बुझिन्छ।

महत्ता:-

काठमाडौंमा रहेका सोह्र (१६) बहिलहरूमध्ये यो कुटुबहिल पनि एउटा मानिन्छ। नेपालको बौद्ध धर्म तथा संस्कृतिको क्षेत्रमा यस वहिलको महत्त्व रहेको कुरा यी सोह्र बहिलहरूको कुनै पनि संयुक्त आयोजना तथा पर्वहरूमा यस बहिलको संघले पनि भाग लिने गरेवाट पुष्टि हुन आउँछ।

इतिहाससँग सम्बन्धित विषय वस्तु:-

इतिहाससँग सम्बन्धित विषयवस्तुको रूपमा यस क्षेत्रमा कुटुवहिल, आगम घर, पाटी, बौद्ध चैत्य, बौद्ध स्तूप, एवं देवस्थल वैद्यहरूको कुल देवताको खुल्ला मन्दिर, सत्तल इत्यादि रहेका छन्। यी स्मारकहरूको निर्माण तथा जीर्णोद्धार गरेको संस्मरणमा राखेका मल्लकालीन चार शिला पत्रहरू र एक शाहकालीन शिला पत्र पनि रहेको छ। यी सबै स्मारकहरूको आफ्नो आफ्नो इतिहास रहेको छ जुन यस प्रकार छन्।



कुटुबहिल

कुट्बहिलः–

कुटुबहिल क्वथु शब्दको अपभ्रंश भएर नामाकरण हुन गएको देखिन्छ। 'क्वथु' भनेको नेवारीमा तल्लोलाई भनिन्छ। चावहिल तल्लो भागमा परेको हुनाले यस बहिलको नाम क्वथु बहिल हुन गएको हुनुपर्दछ। किनभने चाबहिलको माथिल्लो भागमा रहेको अर्को एउटा बहिलको नाम थथुबहिल रहेको छ। परम्परा भनाई अनुसार यो वहिल गंगा महारानीले बनाएको हो भन्ने रहेको छ। नेपाली इतिहासमा गंगा महारानीलाई कान्तिपुरका मल्ल राजा शिवसिंहको रानी भनी उल्लेख गरेको पाइन्छ। यिनको समयमा धेरै धार्मिक कार्यहरू भएको उल्लेख पाइन्छ। नेपालका बौद्धकालीन स्मारकहरूको संकलन गरिएको पुस्तकमा पनि क्वथुवही गंगा महारानीको पतिले बनाएको भन्ने लेखिएको छ, जस्तै चावहिलको थथुचा बही पनि बनाएका थिए।

कुटुबहिल संघको एक सदस्यले गर्भ गृहभित्र रहेको एउटा शिलापत्रमा कान्तिपुरका राजा लक्ष्मीनरसिंह मल्लले यो बहिल वनाएको भनी उल्लेख गरेको छ भनी बताएका छन्। हाल तीनवटा शिलापत्रहरू गर्भगृहभित्र रहेका छन्। त्यसमध्ये दुई वटा पहिलेदेखि नै त्यहीं भएको र एउटा पाटीमा रहेकोमा हाल भित्र नै राखिएको भनी थाहा हुन आएको छ। क्वापा देवता भएको गर्भगृहभित्र संघका पुरुष सदस्य-हरू वाहेक अरू जान नहुने परम्परा रहेकोले ती शिलापत्रहरू अध्ययन गरिएका छैनन्। ती सदस्यहरूका अनुसार तीनै वटा शिलापत्रहरू मल्लकालीन रहेका छन्। ती शिलापत्रहरू यो बहिलको निर्माण जीर्णोद्धार तथा नियमितता एवं निरन्तरताको निम्ति राखेको गुठीको बारेमा हुनु पर्दछ।

ढुङ्गाको सिंढीमा पनि मल्लकालीन अक्षरहरू कूँदिएका छन्। जुन नष्ट भई पढ्न नसकिने अवस्थामा रहेका छ। यी कुतुवहिल खुल्ला ठाउँमा रहेको छ। बीचको एक भाग मात्र रहेको र वरिपरि खुल्ला रहेको छ।

भूईं तल्लामा गर्भगृह जानेलाई सानो ढुङ्गाको सिंढी रहेको छ जसको दुई-तिर सिंह रहेका छन्। गर्भगृह पस्ने ढोकामा तोरण रहेको छैन। भित्र भू स्पर्श मुद्रामा ढुङ्गाको अक्षोम्य वुद्ध मुख्य मूर्ति क्वापा देवताको रूपमा रहेको छ। यी संघका मुख्य देवता हुन्। कवापाद्य संस्कृत शब्द 'कोस्थ पाल भनी कोठाको रेखदेख गर्नेको अपभ्रंश हो। यस देवतालाई कुनै पनि वहिलको संघको अभिभावकको रूपमा पूजा गर्दछन्। कवापा देवताको बाँयातिर ढुङ्गाको पदमपाणी लोकेश्वर रहेको छ।

माथिल्लो तल्लामा तीन झ्याल रहेका छन्, बहिलको छानाको ढाँचामा वनेको जस्ताको छाना माथि एउटा गजुर रहेको छ। यो छाना हालैमात्र फेरिएको, पहिले झिंगटीको रहेको थियो।

यी बहिलको प्राङ्गणमा तीन वटा ढुङ्गाका चैत्यहरू रहेका छन्। जसमध्ये दुई वटा लिच्छविकालीन रहेका छन्। कुनै पनि धार्मिक एवं सामाजिक कार्यहरू यी प्राङ्गणमा गर्ने गर्दछन्। जस्तै वर्ष बन्धन, व्रत बन्धन, बेलसित विवाह गर्ने इत्यादि।

बहालभित्र पस्ने मूल ढोकाको दाहिने खोप्चामा ढुङ्गाको सानो हनुमान (नयाँ) रहेको छ। परम्परा अनुसार सुरक्षाको दृष्टिले स्थापना गरेका हुन्छन्।

काठमाडौंमा हुने बाहालहरूको पूजा जसलाई छोटकरीमा वा पूजा भनिन्छ त्यो बेला यस बहिलको क्वापा देवताको स्वरूप धातुको मुकुट लगी धर्मकीर्ति महाविहार, जमलमा लगी वा पूजा थाप्ने चलन रहेको छ। यसबाट यस बहिलको निकटम सम्बन्ध त्यस महाविहारसँग रहेको देखिन्छ। यस कुटुबहिलमा शाक्य परिवारका दुई दाज्यू भाइका सन्तानहरू बस्ने गरेका छन्।

आगम घरः–

यो आगम घर, जसलाई नेवारीमा 'आग छेय्' भनिन्छ कुट बहिलको पूर्वपट्टी रहेको छ। सम्भवतः यो घर पनि बहिल बनाएको समयमा नै बनाएको हुनुपर्दछ। किनभने बहिलको गर्भगृह भित्र बुद्ध भएको हुनाले तान्त्रिक पूजा गर्न नहुने र वज्रायन धर्म अनुसार यो पूजा नगरी रहुने भएकोले यो घर बनाएको हुनुपर्दछ। आगम घर भनेको तान्त्रिक देव देवताहरूको गुप्त रूपले पूजा गर्ने ठाउँ हो। सबै आगम घरहरूमा जस्तै यहाँ पनि तान्त्रिक देव देवीको एक जोडी मूर्ति रहेको छ, जुन धातुका छन्। अरू आगम घरमा जस्तै यहाँ पनि संघका परिवारहरू बाहेक अरू पस्न नहुने परम्परा रहेको छ। यहाँ अजीमाको एउटा मूर्ति रहेको छ भनी बताएका छन्।

दुइवटा वरिपरिका पाटीहरूः–

यी पाटीहरू कुटुबहिल पस्ने मूल ढोकाबाट पस्नासाथ वरिपरि रहेको छन्। दाहिनेतिरको पाटीमा महाङ्कालको सानो मूर्ति, पुरानो मूर्ति चोरी भएपछि नयाँ स्थापना गरिएको छ। परम्पराअनुसार त्यस ठाउँको सुरक्षाको लागि स्थापना गरेको हुन्छ। यी पाटीहरू पनि बहिल निर्माण गरेको बेला नै धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरू संचालन गर्नको लागि बनाएको हुनुपर्दछ। हाल पनि पर्व पूजाहरू र विशेष समारोह पछि भोज खानको लागि यही ठाउँ प्रयोग गरिन्छ। बुद्धमार्गीहरूको ठूलो पर्वको दिन मानिने पन्च दानको बेला यी नै पाटीमा बसी पन्च दान दिने चलन रहेको छ। त्यो बेला पाटन र काठमाडौंबाट पन्च दान लिनेहरू आउने गरेका छन्।

पौवा:-

यो पौवा कुटुबहिल जाने बाटोको दायाँ र मूल सडकको छेउमा पर्दछ। कुटुबहिल संघबाट हाल जस्ता छाना राखी सिमेण्टको जीर्णोद्धार गरेको छ। पहिले झिंगटी छाना रहेको थियो। यस पाटीमा भैरवको एउटा ढुङ्गाको मूर्ति र दुई वटा शिलाहरू गणेशका रहेका छन्।

कुटुबहिल संघका सदस्यहरुका अनुसार यो पाटी उनीहरूका पूर्खाले राखेको हो भन्ने रहेको छ। यस बहिलमा रहेका शाक्य परिवारहरूका गुठीको पर्व पूजाहरू गर्दा सबै भन्दा पहिले यस पाटीमा रहेको मूर्तिहरूका पूजा गर्ने चलन रहेको छ। दशैंको बेलामा पनि सबै शाक्य परिवारहरूले यस पाटीमा हाँसको बलि दिई पूजा गर्दछन्।

यस बहिलका मध्य पट्टीका शाक्य सन्तानलाई ब्रतबन्ध (बरे छुयगु) बहिलभित्र गर्न नहुने परम्परा रहेकोले यस पाटीमा गरिने चलन रहेको छ।

यस पौवामा रहेको एउटा शाहकालीन अभिलेखको अध्ययनबाट यस पौवाको इतिहासलाई पछि गएर अर्कै परम्परामा गाभिन लगेको देखिन्छ।

यी शिलापत्रमा यसरी उल्लेख गरिएको छ शाक्य १७६१, सम्वत् १८५६, कार्तिक शुदी रोज १ का दिन माता महीहरूले बनाएको पाटी, धारा पानी जीर्ण भई बिग्रन जाँदा, जीर्णोद्धार गरी बनाई उनैको धर्म थामी पुराया पति देवको थानी ब्राहृणीले पाटी, धारा पानीको गुठीको लागि खेतै राखिदिएको हो। यसका आम्दानी मध्ये पौवा, धारा पानीका सुसार गर्ने, पानी खुवाउने पौवालिकलाई पार्थो मुरि ।१६ र, वर्ष बन्धनको लागि धान मुरि ।३ बाँकी जगेरा राखी भट्ट खुवाउन। यस गुठीको हेर्चाह र पौवाको काम मोक्षदेव अज्यालले गर्नु यसमा, लोभ गरी भट्टलाई दान नदिई लोभमा परे महा पातक लाग्ला। यस शिलापत्रमा उल्लेख भए अनुसारको गुठी चलाई रहेको बारेमा थाहा हुन आएको छैन। हाल यस पौवालाई अर्कै रूपमा उपयोग गरिएको देखिन्छ।

ढवं देव स्थल:-

कुटु बहिल क्षेत्रमा यो स्थल पनि एउटा महत्वपूर्ण स्थलको रूपमा मानिदै आएको छ। यहाँ एउटा ढुङ्गाको स्याल (ढवं) स्थापना गरिएको छ। जसलाई ढवँ जुजु आथवा जम्वु राजा भनी पूजा गरिन्छ। यो मूर्तिलाई कुटुबहिल संघका शाक्य परिवारका कुल देवता भनी मान्दै आएका छन्। वैशाखको अक्षयतृतीयाका दिन यस परिवारबाट यहाँ देवाली पूजा मनाइने चलन रहेकोमा हाल कुटु बहिलको वर्ष बन्धनको दिन मानै देवाली पूजा गरिने भएको छ।

यस ढवं देवताका अगाडि एउटा सानो टहराको भित्र पीठको साथै भैरव, गणेश, नाथ, देवता, विश्वरूप अन्य एक ढुङ्गाका मूर्ति स्थापना गरिएका छन्। जस मध्ये विश्वरूपको मूर्तिलाई इस्वीको तेस्रो शताब्दीको मानिएको छ (३) यसमा विष्णुको, भगवद्गीताको एघारौं अध्यायमा वर्णित विश्वरूप प्रस्तुत गरिएको छ। अहिलेसम्म मानिसको धारणा थियो, चाँगुनारायणको मन्दिरमा रहेको आठौं शताब्दीको विश्वरूप विष्णुको मूर्ति नै एक मात्र नेपालको विद्यमान विश्वरूपको मूर्ति हो। तर धेरै समय लाएर गरिएको अनुसन्धान वाट चागु नारायणको विश्वरूप विष्णुको मूर्ति भन्दा धेरै पुरानो अर्को विश्वरूपको मूर्ति पनि रहेको भन्ने प्रमाणित भएको छ। यो मूर्ति खिइसकेको छ। यसैले मुख, गहना र अरू चिन्हहरू स्पष्ट छैन।

वैशाख महिना भरि यस स्थानमा काठमाडौका नेवारहरू धेरै संख्यामा देवाली पूजा गर्न आउँछन्। कार्तिक महिनाको सकिमना पूर्णिमाका दिन ढवं देवतालाई भुजाले छोपी, विधि विधान अनुसार पूजा गरिन्छ। भित्रका देव देवताहरूलाई पनि गहना लगाइ दिई, बलि दिई पूजा गरिन्छ। र रातमा सवैलाई प्रसाद (समे वजी) वितरण गरिन्छ। रात भर देवता कहाँ आगो वाली राखिन्छ। भोलि पल्ट पूजा गरी, सवैलाई प्रसाद दिएपछि बलि चढाइएको बोकाको टाउको विभिन्न भागहरू सगुणको रूपमा 'सी' भनी सात जना संघका सदस्यहरूलाई वितरण गरिन्छ।

लामो पोखरीः-

यस क्षेत्रमा रहेको लामो पोखरीको पनि मर्मत र संभार हुनु पर्ने देखिन्छ। हाल यो पोखरी पानीको पोखरीको रूपमा नभई फोहर पोखरीको रूपमा रहेको छ पोखरीलाई सफा गरी मर्मत तथा सँभार गरे पछि यो पोखरीलाई जुन अभिप्रायले बनाएको हो, त्यसैको लागि उपयोग गर्नु पर्ने देखिन्छ।

स्तूपः-

ईंटाले बनेको चैत्य आकारको ढिस्को माथि एउटा चैत्य रहेको छ। यी ढुङ्गाको कलाकृति हेर्दा यो लिच्छविकालीन ठहरिन्छ।

प्राचीनकाल देखिनै चैत्य बौद्ध धर्मको चिन्हको रूपमा रहेका छन्। यस ठाउँमा लिच्छविकालीन समयका चैत्य भएबाट यस क्षेत्रमा यहाँ धर्मको विकास प्राचीन ऐतिहासिक कालदेखिनै भएको रहेछ भन्ने बुझिन आउछ। यस ऐतिहासिक कालमा बुद्ध धर्मका स्मारकहरू एवं कीर्तिहरू धेरै बनेको हामी इतिहासका

पानाहरूमा पाउदछौं। तर अफशोच त्यो चैत्यको स्थापनामा गरेको बेलाका शिलापत्र हाल सम्म प्रकाशनमा आएका छैनन्। काल गतिले नाशिए वा कहीं लगेर राखे, त्यो थाहा हुन आएको छैन। भविष्यमा प्रकाशनमा आए पछि यस चैत्यको इतिहास र त्यो क्षेत्रको महत्व बारे ज्यादै मद्दत पुग्ने निश्चय छ।

चैत्य:-

यो चैत्य पनि यस स्थानमा बौद्ध धर्ममा विश्वास राख्ने दाताको एउटा कीर्तिको रुपमा रहेको छ। यो चैत्यको अगाडि एउटा मल्लकालीन शिलापत्र रहेको छ, सम्भवत: यो स्थानमा गरेको समयको हुनु पर्दछ।

वैद्यहरूको इष्टदेवता (पीठ):-

यो पीठ देव पाटनका मेलम वैद्यका सन्तानका इष्टदेवता हुन्। यो खुला मन्दिरको पछाडि पर्खालमा एउटा शिलापत्र मल्लकालीनको रहेको छ। यसबाट यो मन्दिर मल्लकालमा स्थापना गरिएको भन्ने बुझिन्छ।

वैशाख महिनामा अक्षय तृतीयाका दिन यस स्थानमा माथि उल्लेख गरिएका वैद्य परिवारहरू देवाली पूजा गर्न आउने चलन रहेको थियो। साथै थकाली लुय्गु गुठीको सबभन्दा जेठालाई गरिने उत्सव मनाइने चलन पनि रहेको थियो। तर गत १५–२० वर्ष यतादेखि यस परिवारका आन्तरिक कलहको साथै गुठीका जग्गाहरू रैकरमा परिणत भएबाट यी दुवै पर्वहरू बन्द भएको बुझिन आएको छ।

हाल वैद्य परिवारका छोराहरूलाई व्रतबन्ध र कान छेड्ने बेला यस पीठमा ल्याएर विधिविधान अनुसार गरिने प्रथा रहेको छ। यस मन्दिरको पछाडि दायाँ-तिर अर्को एउटा सानो खुल्ला मन्दिर पनि रहेको छ। यो पनि वैद्य परिवारका कुल देवता मानिने पीठ हो। पीठमा मल्लकालीन अक्षरहरू भएबाट यसको स्थापना सोही बेला भएको भन्ने बुझिन्छ।

सत्तल:-

वैद्यहरूको कुल देवता मन्दिरको उत्तर र पश्चिम पट्टी यो सत्तल रहेकोमा हाल भत्केको अवस्थामा रहेको छ। यो सत्तल पहिले यस स्थानमा हुने धार्मिक र सामाजिक पर्वहरूमा प्रयोग गरिने चलन रहेको थियो।

यसरी यो कुटुवहिल क्षेत्र विभिन्न ऐतिहासिक कालहरू लिच्छवि, मल्ल, एवं शाह कालमा एउटा महत्वपूर्ण क्षेत्र रहेकोमा कुनै शंका रहन आउँदैन।

पूजा आजा चाड पर्व परम्परा र विद्यमान चलन:-

कुटुबहिलको नियमितताको निम्ति कुटुबहिल संघको स्थापनागरि यस्को निरन्तरताको लागि एउटा गुठी पनि रहेको छ। हाल यस सँघमा सात जना सदस्यहरू रहेका छन्। जुन दुई दाज्यु भाइका सन्तानहरू हुन्। छ, छ महिना गरि दुई दाज्यु भाइका सन्तानहरूले गुठी चलाउदै आएका छन्। नित्य पूजा भने एक एक महिना गरि सात जना सदस्यहरुबाट गरिने रहेको छ। वर्षभरिमा जम्मा १२ गुठी रहेको बुझिन आएको छ। यस गुठी अन्तरगत गरिने पर्व, पूजाहरू यस प्रकार रहेको छ।

स्वांछाय् पूजा (दमनारोहण):-

हरेक वर्षको वैशाख १ गते खाई सँल्हुका दिन क्वापा देवतालाई विभिन्न किसिमका फूलहरू चढाई पूजा गर्ने चलन रहेको छ। सोही दिन आगम घरमा पनि पूजागरि प्रसाद खाने चलन रहेको छ।

वर्ष बन्धन पूजा:-

वैशाख महिनाको शुक्लपक्षको पंचमीका दिन यस बहिलको स्थापना भएको दिन मानी वर्ष बन्धन पूजा गरिने चलन रहेको छ। यो दिन मखनटोलका एक गुभाज आई होम गरी विधि अनुसार पूजा गरीन्छ। पसुका नामक पन्च रङ्गी पवित्र धागो क्वापा देवतामा एक टुप्पा बाँधी कलश स्थापना गरिएकोमा बाधिन्छ र संकल्प गरिन्छ। त्यही बेला छत्रपालहरूमा पनि भाग चढाइन्छ वर्ष बन्धनको बेला शाक्य परिवारका छोरीहरूलाई 'इही' (बेल सित बिबाह गर्ने) चलन पनि रहेको छ।

चह्रे (चतुर्दशी पूजा):-

वाला चतुर्दशी, पाशा चतुर्दशी र गठामुगलको दिनमा चन्हे पूजा गरिन्छ। यो बेला यहाँका लागि पूजा गरिन्छ र १२ भागको चामलको पिठोको चताँमरि (रोटी)। पकाई सबै गुठीयारहरूलाई चतामरी, माछा, भटमास इत्थादि राखी दिइन्छ। हरेक चह्रे पूजामा चाभल दुई भाग, धान दुई भागको भोग पकाई दोबाटोहरूमा भोग चढाइन्छ।

पन्चदान पूजा:-

यो पन्चदान श्रावण- भाद्रतिर गुँलाको महिनामा गरिन्छ। सबै बौद्धहरूको लागि यो महिना पवित्र मानिन्छ। महाकाल भएको पाटीमा बसी चार किसिमको अन्तर नुन राखि भिक्षा माग्न आउने सबै बरेहरूलाई पन्च दान दिइन्छ।

पञ्जा गुठी:-

पन्चदानको भोलिपल्ट आगम घरमा पूजा गरी भोज खाने चलन रहेको छ। पहिले सबै परिवारहरूले भोज खानेमा हाल सात जना गुठीयारहरूले मात्र खाने गरेको छ।

ईन्द्र जात्राको पूजा:-

इन्द्रजात्राको बेला द्वादशीका दिन पूजा गरि बसीय स्थापना गरिन्छ। त्यसको चार दिन पछि पूर्णेको दिनमा राती सातै जना गुठीयारहरूले भोज चढाई पूजा गर्दछन् र प्रसाद वितरण गरि विर्सजन गर्दछन्।

कार्तिक महिनामा गरिने पूजा:-

वैकुण्ठ चतुर्दशीका दिन धातुका दुईवटा देवताहरू सानो खटमा राखी ढवं देवता भएको ठाउँमा लगिन्छ र रातमा भोग दिई पूजागरि सबैलाई प्रसाद दिइन्छ भोलिपल्ट पनि पूजा गरी, प्रसाद वितरण गरी देवताहरू थकालीको घरमा भित्राइन्छ।

गुठीको श्राद्ध :-

सोह्र श्राद्धको बेला गुठीको श्राद्ध गरिन्छ। त्यसबेला शाक्य परिवारका सबै छोरी बेटीहरूलाई तृप्ति पारी भोज ख्वाइन्छ। त्योबेला एउटा पीण्ड मात्रै दिई श्राद्ध गरिन्छ। गुठी राखी दिने दाताको श्राद्ध गरिने हुनु पर्दछ।

मंसिर महिनामा गरिने पर्वहरू :-

य:मरी पूर्णिमाका चार दिन पछाडि, गुठीवाट १० वटा पीण्ड दिई श्राद्ध गरिन्छ। श्राद्ध जसको पालो हो उसैको घरमा गरिन्छ। भोलिपल्ट सना: गुठी (मूर्दा पोल्ने गुठी) गरिन्छ। त्यो दिन आगम घरमा पूजा गरिन्छ। राती मूर्दा पोल्ने छ जना ज्यापूहरू र गुठीका परिवारहरू भोज खान्छन्।

दिशी पूजा (दस्मीपूजा):-

सना: गुठीको दश दिनपछि दिशी पूजा गरिन्छ। क्वापा देवता र चैत्यहरूको पूजा गरिसकेपछि आगम घरमा गई गुठीयारहरू सबै बसी पूजा गरेपछि सबै परिवार-हरू भोज खान्छन्।

हालको अवस्था र सुझावहरू :-

यी माथि उल्लेख गरिएका सबै पर्व पूजाहरू र गुठीहरू चलाउन गुठीमा

राखेका खेतको आम्दानीबाट नपुग्ने भनी संघका सदस्यहरूको गुनासो रहेको छ। त्यसैले गुठी जसको पालो हो, उसैले सबै खर्च व्यहोर्ने चलन रहेको छ। जस्ले गर्दा गर्नु पर्ने पूजाहरू पनि घट्दै गएको र भोज खाने चलन पनि हराउँदै गएको बुझिन आएको छ। पहिले अक्षय तृतीयाका दिन देवाली पूजा गरी चार दिन मनाइनेमा हाल वर्ष वन्धनकै दिनमा देवाली पूजा गरिने चलन हुन आएको छ र चार चोटी भोज खानुपर्नेमा एक चोटीमात्रै खाने गरेको छ।

यी हुनाका कारण जनसंख्या वृद्धि भएको र गुठीको जग्गाहरू हराउँदै गएकोले हुनु पर्दछ। जनसंख्या वृद्धि भएको कारणले खर्च नपुगेको हो। खेत उतिनै तर खाने धेरै भए। गुठीका जग्गाहरू पनि लोप हुँदै गइरहेको बुझिन आएकोछ।

कुनै पनि बहिल या विहारका संघका सदस्यहरूका जीवन पद्धति शीघ्र रूपमा वदलिदै गई रहेको देखिन्छ। यसको मुख्य कारणहरू, समाज, आर्थिक अवस्था र राजनैतिक प्रभाव जन जीवनमा परेबाट हो। हाल समाजमा धेरै परिवर्तन आई सकेका छन्। राजनैतिक स्वतन्त्रताले गर्दा मानिसहरूले स्वच्छ रूपले आफ्नो जीवन पद्धति कुनै पनि व्यवसायमा मोड्न स्वतन्त्रता प्राप्त गरेको छ।

पहिले वहालहरूमा दिनभरि पूजा हुने गरेको देखिन्छ। तर अहिले बिहान र बेलुकी नित्य पूजा र आरती गर्दछन् र घर फर्कन्छन्। पहिले पहिले द्यः पाला देवताको पालोले आफ्नो पालोको समयमा वहिलमा नै बिताउनु पर्ने र एक भिक्षुकको नियममा बस्नुपर्ने हामीले सुनेका छौं र ग्रन्थहरूमा पढेका छौं। तर हाल संघका सदस्यहरू आफ्नो निवास स्थानबाट कहिले कहिले विशेष समारोहहरूमामात्रै वहिलमा आउने या नआउने गरेको देखिन्छ। यसको मुख्य कारण परम्परामा भन्दा भविष्यमा विश्वास गर्ने आजको आधुनिक युगको चलन भएकोले हो। बदलिने र विकास हुने समयको गतिलाई रोक्न सक्तैनन् र रोक्न पनि चाहदैनन्।

हाल कुटुवहिलको अवस्था ज्यादै नाजुक देखिन्छ। यो बहिललाई स्याहार सुसारको ज्यादै आवश्यकता देखिन्छ। चारैतिर झार, बिरुवा, फोहर इत्यादिले यस बहिलको वातावरणलाई नै नरमाइलो पारेको छ।

यसैले यो संघका सदस्यहरूलाई सम्बन्धित निकायले बोलाई, उनीहरूको सुझाव सुनी कुन रूपले गरेमा यो बहिलको नियमितता र निरन्तरतामा भौतिक रूपले र व्यवहारिक रूपले कायम गर्न सकिन्छ, निष्कर्षमा आउनु पर्ने देखिन्छ। नत्र यस्तो महत्त्वपूर्ण स्थानको अस्तित्व नै हराउने कुनै आश्चर्यको कुरा हुने छैन।

कुटुबहिल, आगम घर, दुई वटा पाटीहरू एवं प्राङ्गणकोसमेत जीर्णोद्धार

एवं सम्भार हुनु पर्ने देखिन्छ। यी सबै स्थानहरूको आफ्नो आफ्नो महत्त्व रहेको र रहिरहन दिनको लागि संरक्षण एवं सम्वर्द्धनको नितान्त आवश्यक रहेको छ।

यसै गरि बौद्ध चैत्य र स्तूपको पनि संरक्षण एवं सम्वर्द्धनको नितान्त आवश्यक देखिन्छ। स्तूप मानिने लिच्छविकालीन चैत्य भएको ढिस्कोमा घाँस उम्रिएर, ईंटाहरू नदेखिने अवस्थामा रहेको छ। चैत्यलाई पनि राम्रोसित स्थापना गर्नु पर्ने देखिन्छ नत्र सुरक्षा नहुने देखिन्छ। यी सबै चैत्य र स्तूपको वरिपरि राम्रोसित बार लगाई सुरक्षा गर्नु पर्ने देखिन्छ र सो चैत्यहरूको महत्त्व बुझाउने स्मारक संरक्षण सूचना अनुकूल ठाउँमा राख्नु पर्ने देखिन्छ। ढवं देव स्थललाई पनि बार लगाई सुरक्षा गर्नु पर्ने देखिन्छ। ऐतिहासिक महत्त्व रहेको ढवं देवताको अवस्था नराम्रो हुने सम्भावना रहेको छ। आधुनिक किसिमबाट बनाई राखेको टहरामा पनि सुधार हुनु पर्ने देखिन्छ।

त्यस ठाउँमा रहेका ढुङ्गाका कला कृति भएका भग्नावशेषहरू पनि सँगालेर एकै ठाउँमा राख्नु पर्ने देखिन्छ।

यस क्षेत्रमा उत्खनन् गरेर हेरेबाट प्राचीन कलाका भग्नावशेषहरू र सो समयका विभिन्न महत्वपूर्ण वस्तुहरू पाउने धेरै सम्भावना रहेको छ। उत्खनन् गरेर यो क्षेत्रको अध्ययन गरेमा, यो कुटु वहिल क्षेत्र प्राचीन कालदेखिनै एउटा महत्वपूर्ण बौद्ध स्थलको रूपमा रहेको थियो भन्ने प्रमाणित हुन आउनेछ।

यस क्षेत्रमा रहेको वैद्यहरूको कुल देवता मन्दिर पछाडि मन्दिरहरूको पनि मर्मत संभार गरि राख्नु पर्ने देखिन्छ कारण यी दुवै मन्दिरहरू निजी कुल देवता मन्दिर भए पनि मल्लकालीन सम्पदाको रूपमा रहेकोले हो। यो ठाउँभित्र पनि संभार गरि राख्नु पर्ने देखिन्छ।

उपसंहार


यस कुटु वहिल क्षेत्र एकातिर श्री पशुपति नाथ जस्तो पवित्र हिन्दू धार्मिक स्थलको नजिकै छ भने अर्कोतिर चाविहार जस्तो बौद्ध धर्मको अमर कीर्ति रहेको ठाउँबाट नजिक भएकोले यो स्थल दुवै धर्मको संगम स्थलको रूपमा रहेको छ। यो क्षेत्रमा हिन्दू धर्मका विभिन्न मूर्तिहरू एवं बौद्ध धर्मका सम्पदाहरूको रूपमा चैत्यहरू भए बाट यो क्षेत्र धार्मिक सद्भावनाको अनुपम संगम स्थलको रूपमा शताब्दियौंदेखि प्रसिद्ध हुँदै आएको देखिन्छ।

यस कुटुवहिल क्षेत्र धार्मिक, सांस्कृतिक, मूल्य मान्यता र संवेदनशीलता-

लाई जगेर्ना गरी सो क्षेत्रलाई सबै दृष्टिकोणबाट भव्य, आकर्षक, मनमोहक र अनुकूल वातावरणयुक्त बनाउने उद्देश्य राख्नु पर्ने देखिन्छ।

पाद टिप्पणी

(१) जोन के. लक, एस. जे.–बुद्धिस्ट मोनास्टिज अफ नेपाल, पृ. ३९४
(२) ऐजन
(३) लैनसिंह वाङ्देल– प्राचीन नेपाली मूर्तिकलाको इतिहास पृ. १२१।



धंदो चैत्य, भगवान् स्थान, चाबहिल

भगवान्स्थान

भगवान्स्थान चाबहिलको मूलसडकको छेउमा अवस्थित रहेको छ। यस स्थानमा चाबहिलको प्रसिद्ध चैत्य रहेकोले भगवान्स्थान नामले लोकप्रिय रहेको छ। पशुपतिक्षेत्र विकास कोषबाट यस स्थानको वरिपरि रहेको क्षेत्रलाई 'भगवान्स्थान' क्षेत्र भनी तोकिएको छ।

यस क्षेत्रको प्राचीनताबारे तथ्य कुरा थाहा पाउन यहाँ वैज्ञानिक उत्खनन् आजसम्म भएको छैन। यस स्थानमा प्रतिनिधिको रूपमा रहेको ठूलो चैत्यलाई पनि कति पुरानो मान्ने हो यो पनि एक समस्या रहिआएको छ। यस चैत्यको प्राचीनताबारे विभिन्न विद्वान्हरूले विभिन्न धारणाहरू व्यक्त गरेका छन्। कसैले त यस चैत्यलाई भारतका सम्राट् अशोकसँग सम्बन्धित रहेको देखाएर यस चैत्यलाई मौर्यकालसम्म पुर्‍याउने कोशिस गरेका छन्। यी सबै विभिन्न धारणाहरूमध्ये भरपर्दो सामग्रीको रूपमा यस स्थानमा रहेको अभिलेख रहेको छ।

यस प्रसिद्ध चैत्यको सामुन्ने पश्चिमपट्टि बत्ती बाल्न राखिएका दुई साना स्तम्भ छन्। तिनमा दायाँनिरको स्तम्भ अड्याउन एउटा ढुङ्गाको कमलाकार आसनजस्तो देखिने भागमा एउटा अभिलेख कुँदिएको हालसम्म रहेको छ। यो अभिलेख "लिच्छविकालका अभिलेख" मा प्रकाशित भएको छ।

खण्डित भई आधा जति भाग मात्र बाँकी रहेकोले सवत्को अङ्क अहिले देखिँदैन। 'भट्टारक महाराज श्री .... 'सम्म पुगेपछि फुटेको हुनाले राजाको नाम पनि थाहा पाइँदैन। यो अभिलेखको समय निर्धारण गर्ने मुख्य आधार यसको लिपि हुन आउँछ। अहिलेसम्म पाइएका लिच्छविकालका अभिलेखमा संवत् सहितको पहिलो अभिलेख मानदेवको चाँगुको स्तम्भलेख हो। धनवज्र बज्राचार्यका अनुसार त्यसको लिपि र यसको लिपिको तुलना गरी हेर्दा यो अभिलेख चाँगुको स्तम्भलेख भन्दा अलि पुरानो देखिएको छ।

यो अभिलेखको समय निर्णय गर्ने एउटा आधार अझै बाँकी रहेको छ। यसमा उल्लिखित 'माघ वर्षकाले आषाढ सुदिव १०' यस वचनको आधारमा गणना गरी हेर्न सके यसको समय निर्णय हुने सम्भावना छ। 'माघ वर्ष काल' आदि

लेख्ने चलन मानदेवयता देखिएको छैन।[1] यसबाट पनि यो अभिलेख मानदेव-भन्दा केही अघिको हो भन्ने सङ्केत पाइन्छ ।

प्रचलित भाषा वंशावलीमा राजा वृषदेवको पालामा चावहिलमा चैत्य वनेको हो भन्ने वर्णन परेको छ । यस अभिलेखमा धेरै कालसम्म कष्ट गरीकन चैत्य वनाइएको छ भन्ने उल्लेख गरेवाट निकै ठूलो चैत्य वनाइएको थियो भन्ने संकेत पाइन्छ। यस अभिलेखमा उल्लिखित चैत्य चावहिलको प्रसिद्ध चैत्य नै हो भन्ने कुरा प्रसङ्ग विचार गर्दा थाहा पाइन्छ ।

यी सबै तथ्यहरूवाट यस भगवान्स्थानको प्राचीनतालाई राजा मानदेव-भन्दा केही अघिसम्म पुऱ्याउन सकिन्छ ।

काठमाडौं उपत्यकामा विशेष प्रसिद्ध पाएका चारवटा चैत्यहरूमा यस स्थानमा रहेको चैत्य पनि एक हो । यिनै चार चैत्यहरूले काठमाडौं उपत्यकालाई शान्तिस्वस्ति गरिराखेका छन् भनी विश्वास गरिन्छ । भगवानस्थानमा यो चैत्य रहेवाट एवं लिपि र अन्य तथ्यका आधारमा आजसम्म प्राप्त लिच्छवि-कालीन पहिलो मानिएको अभिलेख यहाँ पाइएकोले यस क्षेत्रको महत्त्व बढी हुन आएको छ ।

यस अभिलेखमा राजाको नाम पनि उल्लेख भएको भए लिच्छविकालको इतिहासमा यसले नयाँ प्रकाश पार्ने थियो । जे होस् नेपालमा वौद्ध धर्मको इति-हासको दृष्टिले भने यस अभिलेखको महत्त्व बढिरहेको छ किनभने काठमाडौं उपत्यकामा यो पहिलो बौद्ध-अभिलेख सिद्ध हुन आउँछ ।

यस अभिलेखमा चैत्यको स्थापना गरी, बुद्ध र संघप्रति श्रद्धा र भक्ति दर्शाउँदै दानादि गरेको एक अज्ञानतामा वौद्ध महिलाको दानको वर्णन छ । त्यस्तै नेपाली 'जातक कथा'मा आजभोलि ज्ञान भइसकेको किन्नरी जातक यस अभिलेखमा उल्लेख भएको छ। स्त्रीत्वप्रति विरक्त भएर यिनीले दानपुण्यको प्रभावले अर्को जुनीमा पुरूष भएर जन्मन पाइयोस् भन्ने कामना व्यक्त गरिएको छ ।[2] यो चैत्य वनाउन लाउने स्त्रीत्वउपर वैराग्य उत्पन्न हुनमा एक प्रमुख कारण किन्नरी जातकको असर परेको देखिन्छ।

यसवाट लिच्छविकालको समाजमा जातक कथाको केही असर परेको थियो भन्ने देखिएको छ ।

यसरी यो महत्त्वपूर्ण चैत्य रहेवाट र अभिलेख रहेवाट यो भगवान्स्थान क्षेत्र बौद्धहरूको लागि श्रद्धाको केन्द्रको रूपमा र पुरातात्त्विक दृष्टिकोणले अति प्राचीन स्थानको रूपमा रहेबाट यस क्षेत्रको महत्त्व दुवै पक्षलाई त्यत्तिकै रहेको छ ।

यस भगवान्स्थान क्षेत्रको इतिहास अरू प्राचीन ठाउँहरूको इतिहास जस्तै अनेक चैत्यहरू, देवस्थल, पोखरी, सत्तल, पाटी, विहारसँग अनगन्ती कथा एवं किंवदन्ती आदिले भरिएको छ। मानिसका मनमा तिनको धेरै गहिरो छाप तथा विश्वास परे तापनि पुरातात्त्विक प्रयोगका आधारमा तिनलाई भरपर्दो आधार मान्न सकिँदैन।

यस क्षेत्रमा रहेका मुख्य मुख्य स्मारकहरूको संक्षिप्त परिचय निम्नबमोजिम रहेको छ–

धंदो चैत्य

यो चैत्य भगवानस्थान्को बीचमा अवस्थित छ। धंदो चैत्यको वर्तमान स्वरूपमा केही नवीन तत्त्व स्पष्ट रूपमा देखिए तापनि प्राचीन स्तूप वास्तुकलाकै स्वरूपमा यो चैत्य बनेकोमा कुनै शङ्का छैन।

यस चैत्यमा धातुका पञ्चबुद्धहरू स्थापना गरेका छन्– पूर्वमा भूस्पर्श मुद्रामा अक्षोभ्य, पश्चिममा ध्यान मुद्रामा अमिताभ, उत्तरमा अभय मुद्रामा अमोघ सिद्धि, दक्षिणमा वरद मुद्रामा रत्नसम्भव एवं पूर्व-दक्षिण कुनामा सानो धातुको वैरोचन रहेको यस चैत्यको बारेमा विभिन्न पुस्तकहरूमा विभिन्न रायहरू व्यक्त गरेका छन्।

प्रचलित भाषा वंशावलीमा यी राजा (वृषदेवले) यथाकर्म गरी बनाई भञ्जु बहाल भनी चावहिल नाम देश बनाया, त्यसै दिनदेखि धंदो चैत्य भनी नाम प्रख्यात हुन गयो,[3] भनी वर्णन गरेको छ।

गोपाल राजवंशावलीमा राजा धर्मदेवले राज विहारमा धमरे चैत्य भट्टारकको प्रतिष्ठा गरे भन्ने लेखिएको छ।[4] मेरी स्लसरले उनको नेपाल मण्डलमा लेखेका छन् कि चार स्तूपहरूमा, चावहिल स्तूप राजा धर्मदेवले पाँचौं शताब्दीको मध्यतिर स्थापना गरेका थिए। जसको नाममा यो स्तूप, लामो समयसम्म रह्यो। पछिका वंशावलीहरूले पनि धर्मदेवको नामसँग यो चैत्यको सम्बन्ध रहेको निर्माणकर्त्ता या जीर्णोद्धार गर्ने व्यक्तिको रूपमा राखेका छन्, साथै भञ्जु विहार जसको प्राङ्गणमा यो स्तूप कुनै बेला चम्केको थियो। पहिलो धर्मदेव चैत्य विहार भनिन्थ्यो। नजिकै रहेका १० औं– १८ औं शताब्दीका शिलापत्रहरूमा पनि यस चैत्यलाई धर्मदेव चैत्य भनी उल्लेख गरिएको छ। पछि गएर अपभ्रंश भएर दानदेव ओल्ड फिल्डका अनुसार, यो धनदेव धंदो, धमदो, भनी नेवारीहरूले प्रचलनमा ल्याए। यस स्तूपलाई धर्मदेव चैत्य भनिने गरेको र

हाल भन्ने गरेकोमा कुन शङ्का छैन। तर प्राचीन कालमा पनि यही नाम रहेको भन्ने कुनै प्रमाण भेटिएको छैन भन्ने फादर लकको भनाइ रहेको छ।[५]

धनबज्रज्यूका अनुसार पनि मध्यकालमा यो चावहिल चैत्य धंदो चैत्य नामले प्रसिद्ध थियो। त्यहाँका शिलालेखहरूमा पनि यही नाम दिइएको पाइन्छ। यो चैत्यको सामुन्ने रहेको अभिलेखमा पनि चैत्यको नाम उल्लेख गरिएको छैन।

यी सबै कुराहरू विचार गर्दा यो चैत्यको नाम मध्यकालमा गएर जीर्णोद्धार गर्ने व्यक्तिको नाममा धर्मदेव चैत्य भनी रहन गएको देखिन्छ। पछि गएर अपभ्रंश भएर चावहिल चैत्य भन्ने चलन रहेको छ।

काठमाडौं उपत्यकाका स्मारकहरूको संकलन गरिएका पुस्तकमा पनि यस चैत्यलाई धनदेव चैत्य (अशोक स्तूप) तेस्रो शताब्दीको चैत्य हो भनी लेखेका छन्।[६] १६५२ मा जितपाल शाक्यबाट यस चैत्यको जीर्णोद्धार गरिएको एवं १८६४ मा सिंहपति, गोनपति शाक्यबाट जीर्णोद्धार भएको भन्ने पनि लेखेका छन्। स्तूपको चारैतिरलाई भञ्जु विहार भनिन्छ तर हाल यस भगवान्स्थानमा प्राचीन विहारको कुनै अंश बाँकी रहेको देखिंदैन।

पहिले चैत्य र विहार अलग-अलग बनाउने चलन थियो। पाँचौं शताब्दी-पछि दुवैको सम्मिश्रण भएको थियो।[७]

यो चैत्यको निर्माण एवं उद्देश्यको बारेमा तथ्य कुरा बुझ्न भरपर्दो सामग्रीको रूपमा यहाँ रहेको लिच्छविकालीन अभिलेख रहेको छ। जसमा यसरी वर्णन गरिएको छ–

कज्याउन गाह्रो जुन इन्द्रियहरूले सारा दुनियाँलाई दबाई राखेका छन्, ती इन्द्रियहरू दासलाई जस्तै कब्जामा राखेर, दुनियाँलाई चाहिं दुःख नदिई दया गरी दानी...... जसले अनुत्तर ज्ञान पाई दुनियाँलाई दुःखबाट छुटाए। दुःखबाट छुटाए र जो उनी शान्त पदमा पुगे ... ... मोक्ष दिने तिनको भगवान् बुद्धको किन्नरीजातकका कुरा कुँदिएको, अनेकथरी चित्रले सुहाएको यो चैत्य धेरै कालसम्म कष्ट गरी बनाइएको हो।[८]

बौद्ध धर्ममा र अरू धर्ममा पनि 'इन्द्रियनिग्रह'को आवश्यकताबारे धेरै चर्चा गरिएको पाइन्छ। यसै भावना अनुसार यस अभिलेखको उठानमा इन्द्रियलाई वशमा पारी दुनियाँलाई सुख दिई जाने कुनै महासत्त्वको प्रशंसा गरिएको छ। खण्डित हुँदा कुरा अलि स्पष्ट छैन तापनि "भव विच्छिद महामुनि" आदि शब्दको प्रयोग यहाँ भएको हुनाले भगवान् बुद्धलाई लक्ष्य गरी स्तुति गरिएको हो भन्ने बुझिन्छ।

इन्द्रियनिग्रहको प्रसङ्गमा यहाँ "दास वतानि सन्धार्य" इन्द्रियलाई दास जस्तो बनाएर भन्ने उल्लेख परेको छ। यसबाट लिच्छविकालमा दास प्रथा थियो भन्ने कुरा अलि घुमाउरो किसिमबाट थाहा पाइन्छ। नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेखमा वीसौं देवद्वारा, देवदासीहरूको उल्लेख आएको छ। यति बाहेक लिच्छविकालका अभिलेखमा दाससम्बन्धी अरू उल्लेख पाइँदैन। यसो विचार गर्दा लिच्छविकालमा दास प्रथा प्रचलित थियो तापनि सामान्य रूपमा मात्र थियो विशेष रूपमा थिएन भन्ने देखिन्छ।[९]

यस चैत्यमा किन्नरीजातकका कुरा उत्कीर्ण गरेको चर्चा अभिलेखमा परेको छ। स्त्रीहरू कसरी इन्द्रियको दास वनी कामवासनामा भुल्छन् भन्ने कुरा यस जातकमा देखाइएको छ। यसको प्रभावमा परेर यो चैत्य वनाउन लाउने स्त्रीले अर्को जुनिमा स्त्री भएर जन्मन नपरोस् भन्ने कामना गरिएको हो भन्ने देखिन्छ। साथै कुनै कारणवश यिनीलाई स्त्रीको रूपमा रहँदा ज्यादै चित्त दुखेको हुँदा पनि यस्तो कामना गरिएको देखिन्छ।

यसरी यस चैत्यको अगाडि रहेको अभिलेख अनुसार एक अज्ञानतामा वौद्ध महिलाले बुद्ध र संघप्रति श्रद्धा र भक्ति दर्शाउँदै धेरै वर्ष लगाएर किन्नरी जातकका कुरा कुँदिएको, अनेक थरी चित्र वनाएर, ठूलो चैत्यको निर्माण गराएको देखिन्छ।

धंदो चैत्यको उत्तर-पूर्व कुनाको पेटीमा रहेको कमलाकार मण्डलमा पनि एउटा अभिलेख कुँदिएको छ जुन लिच्छविकालीन रहेको छ। यस अभिलेखको अनुवाद यस प्रकार रहेको छ– (शून्य हृदय भएकालाई सुख दिने मण्डल)[१०] यस प्रसिद्ध चैत्यको पश्चिम भागमा एक मण्डलाकार ढुङ्गामा रहेको अभिलेखको छेउमा अलिकता भाग खण्डित छ र संवत् देखिँदैन एवं राजाको नाउँ परेका छैनन्। यस लिच्छविकालीन अभिलेखको अनुवाद यस प्रकार रहेको छ–

आमा वावु लगायत सारा प्राणीको लागि शाक्य भिक्षु वन्धुभद्रले गरेको दान धर्म यो हो।[११]

यो अभिलेख अनुसार वन्धुभद्र भन्ने एक जना शाक्य वंशका भिक्षुले आमा वावु लगायत सारा प्राणीको (मोक्षको) लागि दान धर्म गरेको देखिन्छ। अभिलेख खण्डित रहेकोले धर्म धातु मण्डलमात्र स्थापना गरिएको हो कि अरू दान धर्म पनि गरिएको थियो वुझिँदैन। लिच्छविकालमा शाक्यहरू यहाँ थिए भन्ने कुराको भने यस अभिलेखले संकेत गर्दछ।

अर्को लिच्छविकालीन अवशेषका सम्बन्धमा चावहिल निवासी श्री शरदराज नेपालले आफूले खेल्दा खेल्दै भेट्टाएको भनी पुरातत्त्व विभागलाई दिएका

दुई वटा माटाका छापहरू प्रकाशनमा आएका छन् । यसमा महायानी बौद्ध धर्मको प्रख्यात मन्त्र–

"ये धर्मा हेतु प्रभवा हेतु तेषां तथागतो ह्यवदत्

तेषां च यो निरोध एवं वादी महाश्रवण" भन्ने वाक्य अंकित छ ।

माटाका दुई छापमध्ये साबूत छापमा माथिल्लो भागमा दायाँ बायाँ दुईवटा साना चैत्यका बीचमा एक छत्र सहित तेह्र भुवन देखाइएको स्तूपको चित्रण गरिएको छ ।[१२]

यस प्रकारका माटाका छापहरू चैत्य अथवा स्तूपको निर्माण गर्दा भक्तजनहरूले विधिपूर्वक उपवास बसेर जति सक्यो उति छापी उद्यापन गर्ने दिनमा चैत्य अथवा स्तूपको गर्भगृहभित्र राखिदिने चलन अझसम्म नेपालका बौद्ध धर्मावलम्बीहरूमा प्रचलित भएको देखिएको छ ।

यसरी यो धंदो चैत्यले शुरू लिच्छविकालदेखि नै बौद्ध धर्मको एक केन्द्र थियो भन्ने कुरा प्रमाणित गर्दछ । चैत्यको नजीकै बुद्धको मूर्ति, बोधिसत्वको मूर्ति (आठौं शताब्दीको) एवं ढुङ्गाका फलाकहरू सातौं–आठौं शताब्दीका रहेका छन् । धंदो चैत्यको प्राङ्गणमा साना तथा मझौला चैत्यहरू १९ वटा रहेका छन् । जसमध्ये लिच्छविकालीन चैत्यहरू पनि धेरै रहेका छन् । ढुङ्गाका कलात्मक साना चैत्यहरू बनाउनु पनि त्यतिखेरका बौद्ध धर्मावलम्बीहरूको धार्मिक कृत्यमध्ये एक थियो । यहाँ मल्लकालीन चैत्यहरू पनि रहेका छन् । राजा प्रतापमल्लका पालाका नें. सं. ७७६ को एउटा शिलापत्रमा श्री वज्र धातु चैत्य स्थापना गरेको भन्ने उल्लेख पाइन्छ । मल्लकालपछि आएर शाहकालमा पनि त्यहाँ चैत्यहरू स्थापना गरिएका छन् ।

बसुन्धरास्थान

यो वसुन्धरास्थान धंदो चैत्यको दक्षिणमा सडकको छेउमा अवस्थित छ । यस स्थानमा दुईतिर पद्मपाणि लोकेश्वर र बीचमा वसुन्धराको प्रतीक कलश स्थापना गरिएको छ । विशेषपर्वहरूमा चैत्यमा पूजा गर्दा यहाँ पनि पूजा गर्ने चलन रहेको छ ।

लोकेश्वर विहार

यो विहार धंदो चैत्यको दक्षिण-पश्चिम कुनामा रहेको छ । यो विहारभित्र लोकेश्वरको मूर्ति (११ औं– १२ औं शताब्दी)-तिरको रहेको छ । यस स्थानमा

रहेका वज्राचार्यहरूको छोराहरूलाई चूडाकर्म गर्दा यस विहारको अगाडि रहेको मण्डपमा गरिने चलन रहेको छ। चूडाकर्मपछि विहारभित्र लगी क्वापा द्यः लाई दर्शन गराउने गर्दछन्। यो विहार कर्कटपाताको छाना हाली हालै मात्र भगवान् गुठीबाट जीर्णोद्धार गरिएको छ।

भत्केको सत्तल

यो सत्तल धंदो चैत्यको पश्चिममा रहेको छ। पहिले यो सत्तल झिंगटी छाना भएको, तीन कवल दुई तल्ले रहेको भनी बुझिन आएको छ। यो सत्तल कुटुवहिलका शाक्यहरूले राखेको भनी थाहा हुन आएको छ। त्यस सत्तलमा पहिले नै सं. ९१४ को शिलापत्र रहेकोमा हाल नभएको भन्ने भनाइ छ।

यो सत्तल भत्कनुभन्दा अघि माथिल्लो तला बस्नको लागि प्रयोग गरिने र तलको तलामा गुँलाको बेला द्यःथाए (श्रावण महिनामा) कालो माटोको सानो वुद्ध साँचोमा राखी छाप्ने कामका लागि प्रयोग गरिन्थ्यो। दलानचाहिं पूजा गरेर भोज गर्नेको लागि उपयोग गरिन्थ्यो।

समयमा राम्रो सम्भार रेखदेखको अभावमा हुन सक्ने परिणामको ज्वलन्त उदाहरण यस उल्लिखित सत्तलको वर्तमान अवस्था पूर्णरूपले भत्किएको हुनाले सत्तल जस्तो सार्वजनिक सम्पत्तिको लोप हुने सम्भावना अवश्यंभावी छ।

सरस्वतीस्थान

सरस्वतीस्थान धंदो चैत्यको पश्चिममा अवस्थित छ। यस स्थानमा मन्जुश्रीको ढुङ्गाको मूर्तिलाई सरस्वती मानी श्रीपन्चमीमा पूजा गर्न घुइँचो लाग्ने गर्दछन्। दायाँ गणेशको मूर्ति र बायाँ महांकालको मूर्ति स्थापना गरिएको छ।

यहाँ सँगै एउटा नेवारी लिपिको शिलालेख पनि रहेको छ र दाताहरूको शालिक पनि स्थापना गरिएको छ। यस सरस्वतीस्थानको वर्षवर्धन पूजा डङ्गोलको परिवारका दुई जना दाजुभाइहरूले हरेक वर्ष माघ कृष्ण पन्चमीका दिनमा पालो पालो गरी गर्ने गरेका छन्। यस दिन राजोपाध्याय पुजारीबाट विधि-विधान अनुसार होम गरी पूजा गरिन्छ। यसको खर्चको लागि वर्षको २० पाथी जति धान आउने गरेको बुझिन आएको छ।

यहाँअगाडि सानो पाटी रहेकोमा हाल जग मात्र बाँकी रही घाँसपातले छोपिएको छ।

यस सरस्वतीस्थानको पर्खाल मर्मत गर्नुपर्ने, साथै प्राङ्गण पनि मर्मत-संभार गर्नुपर्ने रहेको छ । हाल जतातत घाँसपातले छोपिएको छ ।

महाङ्काल

यो महाङ्काल हाल आवासीय घरको दलानमा एक कुनामा स्थापना गरिएको छ । जुन धंदो चैत्यको ठीक पश्चिममा रहेको छ ।

देवपत्तनका छ–सात डङ्गोल परिवारहरू शिवरात्रीमा यस स्थानमा आई महाङ्कालको पूजा गर्ने चलन रहेको छ । यी पूजा उनीहरूको देवाली पूजा गुठीबाट नै गरिने बुझिन आएको छ ।

नेपालका हरेक विहारमा महाङ्कालका मूर्तिहरू रक्षकको रूपमा स्थापना गरिने परम्परा रहेको छ ।

नासः द्य (नृत्येश्वर देवस्थल)

यो देवस्थल सरस्वतीस्थानको पछाडिपट्टि रहेको छ । चावहिल क्षेत्रमा कुनै पनि परम्परागत नाच या सङ्गीत सिक्नको लागि यस स्थानमा आएर पूजा एवं साधना गरेर मात्र प्रशिक्षण दिने प्रथा रहेको छ ।

यस स्थानमा फागुन पूर्णिमाका दिन चावहिलका १८ जना गुरुजुहरूको गुठीबाट पर्वपूजा गरिन्छ । त्यस दिन वाजागाजा बजाई भजन गर्ने र भावना पूजा गरेर थथु वहिमा आएर भोज खाने चलन रहेको छ ।

यस नासः द्य स्थलमा प्रख्यात नागा नाच नचाउनुअगाडि द्यल्हाय (देवता सम्झने) विधि गर्ने चलन रहेको छ ।

यो देवस्थल राम्रो अवस्थामा रहेको छ ।

धन्य पोखरी

यो पोखरी धंदो चैत्यको उत्तर-पश्चिमपट्टि रहेको छ । यो पोखरीलाई स्थानीय वासिन्दाहरू 'मी नाग पुखु' याने मीननाथ पोखरी भन्ने चलन रहेको छ । यस पोखरीको नागले छोयो भने जीउ पोल्छ भन्ने जनधारणा रहेको छ ।

वि.सं. १८७० सालको श्री ५ गीर्वाण युद्ध विक्रम शाहको लालमोहरमा यो पोखरीलाई धन्य पोखरी भनी उल्लेख गरिएको छ ।[११] यो बेलासम्म धन्य पोखरी भनी प्रचलित रहेको बुझिन्छ । चैत्यपूजा गर्दा यो पोखरीमा पनि नागपूजा गर्ने चलन रहेको छ ।

बूढापाकाहरूका भनाई अनुसार सँगै रहेको भएको ठाउँसम्म यो पोखरी फैलिएकोमा हाल अधिकरण गर्दा गर्दै धेरै सानो भएको हो ।

परापूर्व कालमा बनाइएको भन्ने धारणा रहेको यस पोखरीको मुहान सुकी-सकेकोले पूर्ण रूपले वर्षादको पानीमा निर्भर रहेको देखिन्छ । स्थानीय बूढापाका-हरूका भनाईअनुसार पहिले यहाँ मेला पनि लाग्ने कुरा बुझिएको छ ।

हाल यो पोखरी ज्यादै उपेक्षित अवस्थामा रहेकोले पोखरीको कुनै शोभा नै छैन् । घाँसपातले भरिएकोले पोखरीको स्वरूप नै रहेको छैन । धंदो चैत्यको वरीपरी ढल निकासको व्यवस्था नभएकोले पानी पर्दा सबै फोहर पानी पोखरी-भित्र जाने भएकोले पहिले ढल निकासको व्यवस्था गरेर मात्रै पोखरीको मर्मत गर्नुपर्ने जरूरी रहेको छ ।

पोखरीको चारैतिर डिल बनाएर यसको सुरक्षा र सम्भार गर्नु नितान्त आवश्यक रहेकोछ ।

भगवानस्थान क्षेत्रको वातावरण स्वच्छ तथा रमणीय राख्न यो पोखरीको सरसफाई गरी मर्मत गर्न नितान्त आवश्यक रहेको छ ।

नयाँ बुद्ध विहारः–

यो बुद्ध विहार धंदो चैत्यको उत्तरमा रहेको छ । वर्ष दिन अगाडि लामा-हरूको एक समितिवाट आधुनिक शैलीमा निर्माण गरिएको यो विहारभित्र भूस्पर्श बुद्धको मूर्तिमा पनि रङ्ग रोगन लगाइएको छ ।

यो नयाँ विहार बन्नुअघि बुद्धको मूर्ति खुल्लारूपमा रहेकोले ज्यादै फोहर तथा असुरक्षित रहेकोले लामाहरूले स्थानीय पञ्चायतसँग अनुमति लिई विहार बनाइएको बुझिन आएको छ ।

यो विहारमा वैशाख पूर्णिमामा वत्ति वाली पूजा पाठ गर्ने ठाउँको रूपमा उपयोग गरिने उद्देश्यले पनि बनाइएको हो । किनभने हाल भगवानस्थानमा त्यस किसिमको धार्मिक कार्य गर्ने कुनै पनि विहार सत्तल या पाटी रहेको छैन ।

तर कुनै पनि विहार या मन्दिर बनाउनको लागि त्यस क्षेत्रको वातावरणलाई ध्यानमा राखी बनाउनु पर्ने रहेको छ । भगवानस्थान जस्तो क्षेत्र जहाँ अति महत्त्वपूर्ण चैत्य रहेको ठाउँमा आधुनिक ढाँचावाट विहार बनाउनु त्यहाँको वातावरणलाई खलबलाउनु रहेको छ । त्यसैले यो आधुनिक विहारमा परम्परालाई सुहाउने ढङ्गवाट संशोधन हुनु अति जरूरी रहेको छ । हाल एक लिच्छविकालीन सानो चैत्यलाई समेत च्यापेर चैत्यको अस्तित्व नै मेट्ने किसिमवाट यो विहार

निर्माण गरिएको छ। यस उपर सम्बन्धित निकायले ध्यान पुऱ्याउन नितान्त आवश्यक रहेको छ।

पूजाआजा परम्परा र विद्यमान चलनः–

घँदो चैत्यको पश्चिमपट्टि रहेको लिच्छविकालीन अभिलेखमा वर्षेनी ४५ मानिका धान (कूत) आउने खेत यहाँ गुठी राखिएको छ र फेरि संघलाई भोजन गराउन र महामुनि भगवान बुद्ध)को पूजा गर्न अठ्ठाइस मानिका कूत आउने खेत दान दिइयो[१४] भनी उल्लेख भएबाट त्यो बेला यहाँ विभिन्न उद्देश्यहरूको लागि विभिन्न खेत गुठीमा राखी दिएका थिए भन्ने बुझिन आउछ।

यस अभिलेखमा संङ्घको भोजनको लागि र महामुनि (भगवान बुद्धको) पूजा गर्न केही जग्गा गुठी राखी दिएको कुरा उल्लेख गरेको छ। यसबाट यो चैत्य निर्माण गराउने दाताले नित्य नैमित्तिक पूजा–आजा, तिनको नियमितता एवं निरन्तरताको लागि कीर्तिको स्वरूप र अवस्था हेरेर जग्गा समर्पण गरी गुठी राखी दिएको बुझिन आउँछ।

लिच्छविकाकालमा शुरू गरिएको यो चैत्य एवं बुद्ध सम्बन्धी पूजा आजा मल्ल कालमा आएर त्यो बेला विकास भएको वज्रयान सम्प्रदाय अनुसार पूजा आजा गरी शिलापत्रहरू राखिएको हाल सम्म त्यहाँ रहेका छन्।

त्यस मध्ये राजा प्रतापमल्लको पालाको ने. स. ७७३ को शिलापत्रमा वैशाख महिनामा अहोरात्र यज्ञ गरी दश कर्म सम्पूर्ण गरेको भनी उल्लेख गरिएको छ।[१५]

अर्को शिलालेख ने. स. ७७६ मा श्री धर्म धातुमा (घंदो चैत्य) स्वधारेपन गरेर प्रतिष्ठा, यज्ञ संपूर्ण गरी यो चैत्यमा ध्वजारोहण, छत्रारोहण पुष्पारोहण सवै गरे भनी उल्लेख छ।[१६]

राजा प्रताप मल्लकै नै पालाको ने. सं. ७७७ को अर्को शिलापत्रमा कार्तिक महिनामा शुल्क पक्षे चतुर्दशीको दिनमा श्री भलाद चैत्य भट्टारकमा (घंदो चैत्य) वर्ष वन्धन पूजा गर्नको लागि यज्ञ आदि सम्पूर्ण गर्नको लागि कान्तिपुरका वज्राचार्य श्री भीमदेव उपाध्यायालाई ल्याई गराए भन्ने उल्लेख गरिएको छ। साथै दान पनि श्री गीरिपट्टन श्री वासुकि क्षेत्र श्री पशुपति स्थानमा मर्हजनले एक रोपनी (जग्गा) दान गरे भनी पनि लेखिएको छ।[१७]

यो शिलापत्रमा उल्लेख भए अनुसार वर्ष वन्धन पूजा गर्नको लागि पुजारी काठमाडौंबाट ल्याउने गरेको देखिन्छ। हाल पनि कुनै ठूलो पूजा गर्नु परेमा काठमाडौंबाट नै वज्राचार्यहरू बोलाउने गरेको बुझिन आएको छ।

यस्तै गरी राजा महीन्द्र सिंह देव मल्लको ने. स. ८३५ को शिलापत्रमा

श्री धनदेव (चैत्य) बिग्रेको जीर्णोद्धार गरेर सुनको छत्र चढाएको एवं अहोरात्र यज्ञ गरेको उल्लेख गरिएको छ।[१८]

हाल यो चैत्य सम्बन्धी पर्व पूजाहरू दुई जना दाज्यू भाइहरू आफूलाई वज्राचार्य भन्नेहरूबाट गरिने बुझिन आएको छ। दुई जनामा थकाली दान रत्न वज्राचार्य रहेको छ।

तल उल्लेखित पर्व पूजाहरू पालो पालो गरी गरिने भएको छ। यी सबै पूजाहरू र गुठीहरू 'भगवान गुठी' भनिने निजी गुठीबाट सञ्चालन गरिने बुझिन आएको छ। यो गुठीबारे दुवैजना गुठीयारहरूबाट बुझ्न खोज्दा, हाल केही आथस्ता नभएको व्यक्तिगत रूपबाट चलाउनुपर्ने भन्ने भनाई रहेको छ। खर्चको लागि आम्दानीको स्रोत खाली मूर्तिमा चढाइएको पैसा हो भन्ने रहेको छ।

वैशाख पूर्णिमा

वैशाख पूर्णिमामा चैत्यको वर्ष बन्धन पूजा होम गरिने र राती रात्री पूजा गरिने रहेको छ। यस दिनमा तामामा सुन जलप लगाएको 'भगवान'लाई खटमा राखी जात्रा गरिने चलन रहेकोमा हाल हात्तीमा राखेर जात्रा गर्ने गरिएको छ।

श्रावण-भदौ

श्रावणको सा:पारूको दिन पुजारीको घरमा रहेका पाँचै वटा सुन मोलम्वा पाताले वनेका बुद्धहरू, सफा गरी चैत्यको पाँचतिर रहेको ढुङ्गाका बुद्धहरूमा टाँसिन लग्ने चलन रहेको छ। साथै सबै गहनाहरू पनि लगाइ दिने गर्दछन्। यसपछि होम गरी विधिविधान अनुसार पूजा गर्ने चलन रहेको छ। पञ्च दानको बेला पनि यसै गरिन्छ र बिहान भरि पञ्चदान दिन आउनेहरूको त्यस ठाउँमा घुईंचो लाग्ने बुझिन आएको छ।

पञ्चदान सिद्धेपछि पशुपति निवासी एक श्रेष्ठ परिवारको गुठीबाट कुटु बहिल, थथु बहिल (चाबहिल)का गुरूजुहरूलाई भुजा दान गर्ने चलन रहेको छ। मणिचूड राजाले मणि दान गरेको घटनाको सम्झनामा मणिको रूपमा भुजा दान गरिने हो भन्ने प्रचलन रहेको छ।

कार्तिक

कोजाग्रत पूर्णिमाका दिन, विहानै होम गरी पूजा गर्ने चलन रहेको छ। बेलुकी त्यस दिन, विहानै होम गरी पूजा गर्ने चलन रहेको छ। बेलुकी त्यस दिन

धलं (व्रत) वस्नेहरूलाई जलदान गरिने र रात्रीमा चैत्यमा चक्र दीप वाल्ने चलन रहेको छ ।

यसै गरी माघको दशमीको दिनमा दिशी पूजा गरिने र श्री पञ्चमीको १५ दिन अगाडि भगवान गुठीबाट यस चैत्य र चैत्यको वरिपरि रहेका सबै देवस्थलहरूमा चाकः पूजा गरिने पनि रहेको छ ।

यी सबै उल्लेखित पर्व पूजाहरू गर्नको लागि सवलवहाल काठमाडौंका वज्राचार्यहरू आएर मूल पुजारीको रूपमा पूजा गर्ने परम्परा रहेको छ । भगवान स्थान क्षेत्रमा भगवान गुठीबाट वाहेक अरू निजी गुठीहरूबाट पनि पर्व पूजाहरू गरिने थाहा हुन आएको छ ।

जलदान गुठी

यो गुठीका सदस्यहरू चारजना छन् । थकाली हिराकाजी शाक्य हुनुहुन्छ । यो गुठीको वारेमा वहाँबाट नै जानकारी प्राप्त हुन आएको छ । यो गुठी तीन रोपनी जति जग्गाको आयस्ताबाट चलाउने भन्ने वुझिन आएको छ ।

कोजाग्रत पूर्णिमाका दिन यो गुठीबाट भगवान स्थानका सबै देवताहरूको पूजा गरी जलदान गर्ने (त्यसपछि त्यहाँ रहेका वज्राचार्यहरूलाई मण्डपलेखी 'ह्म पूजा' जस्तै गरि पूजा गर्ने) यसमा सपाः (माटोको भाँडोमा) चारवटा पुरी राखेर दान दिने । त्यसपछि वज्राचार्यहरूलाई यो गुठीको पालोवालाको घरमा वोलाएर ख्वाएर पठाउने चलन रहेको छ ।

त्यसपछि जलदान गुठी (अंपा गुठी)को चारै जना घलँ (व्रत) बस्ने र मण्डप बनाई ह्मपूजाको बेला जस्तै पूजा पनि गरेर जलदान पनि लिने र शगुणको रूपमा फूल पनि लिने चलन रहेको छ । अन्तमा पालो वालाको घरमा नै भोज खाइन्छ ।

जलदान गर्ने बेलामा पानीको घईंटोमा शुद्ध पार्नको लागि चूनले तीन धर्को तान्ने र पानी राखेर दान दिने परम्परा रहेको छ ।

निजी गुठी मध्ये अर्को एउटा गुठी तीनजना गुठीयारहरू भएकोले पनि यस भगवान स्थानमा परम्परादेखि चली आएको पूजा हालसम्म गर्दै आइरहेका छन् । यस गुठीको थकाली शेरवहादुर श्रेष्ठ हुनुहुन्छ । धंदो चैत्यमा रहेको धातुको सानो वैरोचन वुद्ध वहाँको पुर्खाले राखेकोमा हालसम्म विशेष पर्वहरूमा पूजा गरी राती वत्ती वाल्ने गरेको वुझिन आएको छ । कार्तिक पूर्णिमाको विहान यस निजी गुठीबाट चैत्यमा पूजा गरेर बेलुकी वत्ती वाल्ने र सबैलाई प्रसाद दिइने चलन रहेको छ ।

भोलिपल्ट 'यमरी लुई' भनेर चामलको पिठोबाट बनाइएको यमरी धेडो चैत्यको गजुरबाट खसाइन्छ । यो एक प्रकारको वर्ष बन्धन पूजाको रूपमा गरेको देखिन्छ । साथसाथै चामल दुई माना, यमरी दुई माना, लावा दुई माना, फूल दुई माना, र फलफूल दुई माना सबै मिलाएर चैत्यको चारै तिर छर्ने परम्परा पनि रहेको छ । यो गर्नाको कारण चैत्यमा कुनै प्रकारको विघ्न बाधा आई नपरोस् भन्नाले हुन सक्छ ।

यस निजी गुठीका गुठीयारहरूका भनाइ अनुसार हाल बाली तिर्ने नआएकोले, पालो गरी गुठीयारहरूले नै पूजाको खर्च व्यहोर्नु परेको छ । धार्मिक भावनामा प्रेरित भई यस भूमिमा, मोक्ष प्राप्तिको निमित्त राजा, प्रजा सबैले प्राचीन ग्रन्थहरू जातकहरूका आधारमा आफैले स्वच्छ कल्पनाले निर्जीव पदार्थहरूमा देवत्वको प्राण प्रतिष्ठा गरी भगवानको रचना गरी पूजाआजा गर्न थालेको देखिन्छ । तिनीहरूको संरक्षणको लागि दुःख सुख गरी चल अचल सम्पत्ति जगेर्ना गरी गुठी समेत राखी दिए र सो अनुसार पूजाआजा केही मात्राभा हालसम्म भइरहेको देखिन्छ ।

हालको अवस्था र सुझावः–

धर्म र संस्कृतिको परम्परामा हुनेको निजी गुठीको परम्परा चाहिं आजको सन्दर्भमा भार पनि हुन गएको छ । निजी गुठीको जग्गा जमिन व्यक्तिको नभएर सामाजिक दायित्वको भएकोले संरक्षण हुन सकेन । जग्गा जमिनको समुचित आम्दानी नआउदा र परम्परागत गुठीको भोज भतेर चलाउनु पर्दा गुठीयारहरूको वंश वृद्धिले गर्दा पनि साधारणको लाभ भन्दा त्यस भारले हानि पुऱ्याएको छ । व्यक्तिगत झगडा र गुठीयार भित्र वैमनस्य कम छैन । यसले धार्मिक पक्ष र भौतिक पक्षको संघर्षलाई जन्माएको पनि छ । मानिसहरूको सोधाई र विकसित जीवनका आवश्यकता भित्र धर्म संस्कृतिका पक्षहरू उपेक्षित भएका छन् । गुठीका अथाह सम्पत्तिको उपभोग गर्न पाएका पुजारीहरूको विलासिता र परम्परागत प्रचलन प्रति उपेक्षाले पनि धार्मिक सम्पदाको मर्यादा र गुठी प्रति अश्रद्धा जमाएको छ । मानिसको श्रद्धा विश्वास र धार्मिक आस्थाले बाँचेको गुठीले धार्मिक र सांस्कृतिक मूल्यका कुराहरूलाई संरक्षण दिन गाह्रो भएको छ । आजको परिवेशमा धर्म संस्कृति र परम्परागत मर्यादा कायम राखन नयाँ ढङ्गले सोच्नु पर्ने अवस्था आएको छ । यसको लागि स्वधर्म र स्व संस्कृति प्रति ज्ञान र निष्ठाको आवश्यक रहेको छ ।

प्राचीन काल देखि कला, वास्तुकला आदिको उद्गम स्थलको रूपमा विकसित हुँदै आएको यस भगवान स्थानको आफ्नो महत्व र गरिमा छ यस्तै गरि

कुनै पनि पाटी, सत्तल आदि चाहे त्यो कुनै रूपमा निर्माण गरिएको भए तापनि त्यसको अन्तिम लक्ष्य सार्वजनिक प्रयोगको लागि भएको देखिन्छ । त्यसैले सत्तलको दाया पट्टिको पाटीको सही प्रयोग हुनु पर्ने देखिन्छ । जनसंख्याको वृद्धिको कारण-बाट हाल भएका सीमित भूमिलाई पुनःपाटी, सत्तल आदि जस्ता पवित्र कार्यको लागि छुट्याउन सम्भव नदेखिनु आदि कारणले गर्दा भएका सार्वजनिक सम्पत्तिको समयमै लेखा जोखा गरी संरक्षण र सम्वर्द्धन गर्नु नै बढी बुद्धिमानी र समयानुकूल देखिन आउछ ।

यस भगवान् स्थानको वातावरण सम्वर्द्धनमा संस्थागत प्रयासको अभाव, सुधार, सफाई प्रति सचेतता र संस्कारको अभाव, यस स्थानको व्यवस्थापनमा संलग्न व्यक्ति र निकायहरूको बेवास्ता, अव्यवस्थित वस्ती एवं यस क्षेत्रको महत्व-लाई विर्सी विकास निर्माणका काम संचालन गर्नु नै यहांका मुख्य समस्याहरू रहेका छन् । त्यसैले यस क्षेत्रको गरिमालाई समुज्वल राख्न समयमानै यस क्षेत्रको संरक्षण तथा सम्वर्धन हुनु नितान्त आवश्यक रहेको छ। समयमानै ध्यान पुऱ्याएन भने हाल नाम मात्रको बाँकी रहेको धन्य पोखरी पनि धमाधम अधिकरण गर्दै गएको अवस्था-मा नाम निशानासम्म नरहने निश्चित छ, किनभने त्यहाँ एउटा ठूलो गुम्वा बनाउने योजना रहेको छ भनी सुनिन आएको छ । चाडैनै यस भगवान स्थानको चारैतिर सुहाउदो डिजाइनमा पर्खालले घेरी हाल बाँकी भएको ठाउ भए पनि सुरक्षा गर्नु पर्ने नितान्त आवश्यक रहेको छ ।

यस क्षेत्रमा नयाँ निर्माणहरू रोक्न पनि त्यत्तिकै आवश्यक रहेको छ । हाल सालै पनि नयाँ निर्माणहरूको साथै पसलहरू पनि देखा परेका छन् ।

यस भगवान् स्थानमा ढल निकासाको व्यवस्था नभएकोले ढलको व्यवस्था गरेर मात्रै अरू जीर्णोद्वार र पुन: निर्माण कार्यहरू गर्नु पर्ने रहेको छ ।

यस धंदो चैत्यको वरिपरिको प्राङ्गणको पनि मर्मत संभार हुनु पर्ने रहेको छ। हाल घास उम्रिरहेको ठाउँमा पनि माटो निकाली उपयुक्त तरिकाले ढलान गरी त्यस माथि तेलिया ईंटा छापी आर्कषक बनाउनु पर्ने देखिन्छ ।

यस स्मारक क्षेत्रमा पर्यटक तथा तीर्थयात्रीहरूका लागि स्मारक क्षेत्रको इतिहास धार्मिक परम्परा, कला कृत्ति आदि वर्णन गरिएको आर्कषक सूचना पाटीको व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

उपसंहार:–

लिच्छविकालदेखि नै शाश्वत रूपमा यो क्षेत्र बौद्ध धर्मको अद्वितीय केन्द्र विन्दुका रूपमा सीर्जित विकसित र पल्लवित हुँदै गएको प्रमाण यहाँ पाइने शिला-

लेखहरू, मूर्तिहरू तथा वास्तुकलाका विविधतायुक्त उदाहरणहरूबाट नै स्वतः स्पष्ट हुन्छ। उत्खनन् आदि भए पछि यस धंदो चैत्यको निर्माणको बारेमा परिपुष्टि हुन सक्ने सम्भावना व्यक्त गर्न सकिन्छ।

यस क्षेत्रमा वैदिक धर्मको परम्परा, तान्त्रिक युगको विधिविधान, बौद्ध सम्प्रदायको हीनयानी, महायानी र वज्रयानी साधना, एउटै परिवारको रूपमा फस्टाउदै गए। कसैले आपसमा कलह गरेन। चैत्यको पूजा गर्नेले हिन्दु देव देवताको पनि पूजा गर्ने चाड पर्व सबैले मिलेर मनाउने, यही नै नेपालीको गौरवमय सांस्कृतिक परम्परा हो धर्म समन्वयको ज्युँदो इतिहास हो।

सदर्ग ग्रन्थ

१) वज्राचार्य, धनवज्र–लिच्छविकालका अभिलेख–२०३१ नेपाल र एशियाली अनुसन्धान संस्थान त्रि. वि. किर्तिपुर पृष्ठ ३।

२) ऐ. ऐ. ऐ. ऐ. पृष्ठ ६–७।

३) पौडेल नयनाथ– भाषा बंशावली (पहिलो भाग)– नेपाल राष्ट्रिय पुस्तकालय २०२० पुरातत्व विभाग, पृष्ठ ५६।

४) Bajracharya, Dhana Bajra and Malla Kamal Prakash— The Gopal Raja Vamsavali— Nepal Research centre publication I 1985 Kathmandu, Page 77.

५) Locke S. J John K.— Buddhist Monasteries of Nepal–1985 Sahajogi Press PVT. LTD Tripureswor Kath. Page 401.

६) Dr. Carl. Prusha— "Kathmandu Vallay" The Preservation of physical Environment and cultural Heritage Protective inventorye- volume one.

७) भिक्षु अश्वघोष,– आनन्दभूमि (वर्ष १६ अंक २) आनन्दकुटी विहार गुठी, आनन्दकुटी काठमाण्डौ, पृष्ठ ६।

८) वज्राचार्य, धनवज्र–लिच्छविकालका अभिलेख, २०३१, नेपाल र एशियाली अध्ययन संस्थान त्रि. वि. कीर्तिपुर, पृष्ठ २।

९) ऐ. ऐ. ऐ. ऐ. ऐ. पृष्ठ ३–४।

१०) ऐ. ऐ. ऐ. ऐ. ऐ. पृष्ठ ५८५।

११) ऐ. ऐ. ऐ. ऐ. ऐ. पृष्ठ ४५६।

१२) रिजाल, बाबुकृष्ण- लिच्छविकालीन दुई माटाका छाप, प्राचीन नेपाल अंक १४ वर्ष २०२७, पुरातत्त्व विभाग, रामशाहपथ, पृष्ठ ५६।

१३) टण्डन, गोविन्द- श्री पशुपति नाथ मन्दिर- एक परिचय, शैवभूमि मुखपत्र २०४४, अंक ३-४, श्री पशुपति धार्मिक-सामाजिक सेवा संघ, पशुपति देवपतन पृष्ठ ४०।

१४) बज्राचार्य, धनवज्र- लिच्छविकालका अभिलेख २०३१, नेपाल र एशियाली अध्ययन संस्थान त्रि. वि. कीर्तिपुर, पृष्ठ २।

१५) राजवंशी, शंकरमान-कान्तिपुर शिलालेख सूची- २०, पुरातत्त्व विभाग, राष्ट्रिय अभिलेखालय, रामशाहपथ, पृष्ठ ७६, ८२, ८४, १५०-१५१।



पंच देवल

पंचदेवल

पंचदेवल श्री पशुपतिनाथको मन्दिरको दक्षिणमा अवस्थित रहेको छ। पाँचवटा शिवालयहरू एकै ठाउँमा रहेकोले पंचदेवल नामबाट प्रसिद्ध रहेको छ। यस पंचदेवलको वरिपरि रहेको ठाउँलाई "पंचदेवल क्षेत्र' भनी तोकिएको छ ।

पंचदेवल इँटको चार डिल माथि बनाइएको छ र उत्तर र दक्षिणमा ढुङ्गाको लामो सिंडी राखिएको छ ।

पंचदेवलको प्राङ्गणमा पश्चिम उत्तर कुनामा रहेको एउटा शिवलिङ्गको जलहरीमा पश्चिम पट्टी कुँदिएको लिच्छविकालीन अभिलेखमा संवत ४१० माघ शुक्ल पूर्णिमा भनी लेखिएको छ। यस अभिलेखमा संवत ४१० अङ्कित भएको हुनाले यो अभिलेख मानदेवको पालाको हो भन्ने बुझिन्छ[1] यस शिवलिङ्ग यहाँ भएबाट यो क्षेत्र राजा मानदेवको पालादेखिनै एउटा पवित्र क्षेत्र मानिएर शिवलिङ स्थापना गरिएको बुझिन आउँछ ।

अरू मन्दिरले जस्तै शिवालयहरू पनि प्राचीन समयदेखि अहिलेसम्म समाजलाई ठूलो प्रेरणा दिने केन्द्रको रूपमा रही आएको छ । शिवालय निर्माण गरेर त्यसमा शिवलिङ्ग स्थापना गर्ने उद्देश्य अनेक अभिलेखहरूमा भिन्न भिन्न रूपमा पाइन्छ । स्वर्ग प्राप्तिको लागि, पुण्य वृद्धिको लागि, धन अक्षयको लागि एवं मोक्षको लागि ।

शाहवंशी नरेश तथा राज परिवारले पनि यस ठाउँको महत्वलाई बुझिबक्सी पाँच महादेवको स्थापना गरिएको कुरा त्यहाँ स्थित घण्टाका अभिलेखहरूबाट बुझिन्छ ।

पंचदेवल वरिपरि रहेको सत्तल एवं मूर्तिहरू, शाहकालको वास्तुकला र मूर्तिकलाको एउटा नमुनाको रूपमा रहेको छ।

पंचदेवल क्षेत्रभित्र विभिन्न ऐतिहासिक कालहरूमा निर्माण भएका स्मारक-जम्मा चौध (१४) रहेका छन् । यी सबैका सँक्षिप्त परिचय यसरी रहेको छ।

राजेन्द्रेश्वर महादेव शिवालय :–

यो शिवालय सुरेन्द्रेश्वर देवलको पूर्व–दक्षिण कुनामा रहेको छ। श्री ५ राजेन्द्र वीर विक्रम शाहबाट आफ्नो नाउबाट राजेन्द्रेश्वर महादेव स्थापना गरी

त्यहाँ स्थित घण्टामा अभिलेख कुँदन लाएका हुन्। यो महादेव स्थापना गरी शिवालय पनि निर्माण गरेको हुनाले यसलाई 'राजेन्द्रेश्वर महादेव शिवालय' भनी नामाकरण गरिएको छ ।

यो शिवालय ईटमा बज्र प्लास्टर गरि शिखर शैलीमा बनाइएको छ । र यसको चारैतिर ढुङ्गाको पेटी रहेको छ । शिवालयको टुप्पामा सुन मोलम्वा गजूर राखिएको छ । हाल गजूरको टुप्पा खसेको छ ।

शिवालयको गर्भगृहभित्र बीचमा आसन माथि ढुङ्गाको शिवलिङ स्थापना गरिएको छ । चार कुनामा चारवटा ढुङ्गाका मूर्तिहरू गणेश, सूर्य दुर्गा भवानी र नारायणको रहेको छ ।

तीन तिर आँखे झ्यालहरू काठका र दक्षिणपट्टी काठको कलात्मक ढोका माथि कालो रङ लगाइएको तोरण रहेको छ । ढोकाको बायाँ गारोमा काठको भैरवको कालो रङ लगाएको मुख राखिएको छ ।

यस शिवालयको छानामा पिपलको रूख उम्रेकोले जरा देखिएको भाग-सम्म भत्काई, जरालाई नष्ट पार्नु पर्ने देखिन्छ । नत्र जरा भित्र भित्र पसी सम्पूर्ण शिवालयलाई नै नष्ट गर्ने सम्भावना रहेको छ ।

शिवालयका विभिन्न भागहरूमा कालो र रातो रङ लगाएको रसायन प्रक्रियाबाट सफा गरी संरक्षण गर्नु पर्ने देखिन्छ । गर्भ गृह भित्र पनि गारो चर्केको अवस्थामा रहेको र भूईमा छापेको ढुङ्गाहरू कहीं कहीं उप्किएको मर्मत गरी दिनु पर्ने देखिन्छ ।

सुरेन्द्रेश्वर महादेव शिवालय :–

पंचदेवलमध्ये बीच माझको ठूलो शिवालय श्री ५ सुरेन्द्र वीर विक्रम शाहबाट स्थापना गरिएको हो । आफ्ना नाउँबाट सुरेन्द्रेश्वर महादेव स्थापना गरी त्यहाँ रहेको ठूलो घण्टामा अभिलेख कुद्न लाएका छन् ।

यो शिवालय पनि शिखर शैलीमा ईटमा बज्र प्लाष्टर गरी बनाइएको छ । छानाको टुप्पामा सुन मोलम्वा गजूर राखिएको छ ।

गर्भगृहभित्त बीचमा आसनमाथि ढुङ्गाको शिवलिङ स्थापना गरिएको छ । यहाँ भने अरू मूर्तिहरू रहेको छैन । पंचदेवलको चार कुनामा स्थापना गरिएको सानो मन्दिरभित्र रहेको मूर्तिहरू र यो शिवलिङ समेत गरि पान्चायन स्थापना गरिएको देखिन्छ ।

यो शिवालयको तीनतिर रहेको काठका आँखे झ्यालहरूमा रातो रङ लगाएको र दक्षिणपट्टी काठको कलात्मक ढोकामा पनि रातो रङ लगाइएको छ ।

ढोकाभाथि रहेको तोरणमा कालो रङ लगाइएको छ र बाँया गारोमा काठको ठूलो मुखमा पनि कालो रङ लगाइएको छ।

पाँच शिवालयहरूमा सुरेन्द्रेश्वर शिवालय भव्य र आकर्षक देखिन्छ।

हाल यस शिवालयको छानामा पिपलको रूख आदि उम्रेको र पश्चिम भाग भत्केर प्लाष्टर एवं ईटहरू धमाधम खसिरहेका छन्। रूखको जरा गारो भित्र भित्र पसी सम्पूर्ण शिवालयलाई नै हानी पुऱ्याउने सम्भावना भएकोले चाँडै नै जरा देखिएको भागसम्म भत्काई जरालाई नास पार्नु पर्ने देखिन्छ। साथै काठका खापाहरू-मा र अरूमा रङ लगाएको पनि हटाउनु पर्ने देखिन्छ। काठहरूमा किरावाट वचाउने रसायन प्रयोग गर्नु पर्ने आवश्यक रहेको छ।

सुर-राज्य लक्ष्मी देवी–महादेव शिवालय :–

यो शिवालय सुरेन्द्रेश्वर शिवालयको पश्चिम–दक्षिण कुनामा रहेको छ। श्री ५ सुरेन्द्रका बडा महारानी सुर राज्य लक्ष्मी देवीबाट निर्माण गरिएको स्मारक भएकोले यसलाई सुरराज्य लक्ष्मी देवी शिवालय भनी नामाकरण गरिएको छ। आफ्नो नाउँबाट सुर राज्य लक्ष्मी देवी महादेव स्थापना गरी नजिकै रहेको घण्टामा अभिलेख कुंदन लाएको हालसम्म रहेको छ। हाल यस घण्टाको एक टुक्रा फुटेर खसेको छ।

यो शिवालय पनि ढुङ्गाको पेटी माथि शिखर शैलीमा ईट माथि वज्र प्लाष्टर गरी बनाइएको छ र गजूर पनि सुन मोलम्वा गरेको रहेको छ।

गर्भगृह भित्र वीचमा शिवलिङ्ग चारैतिर गणेश सूर्य, नारायण र दुर्गा भवा-नीको ढुङ्गाको मूर्तिहरू स्थापना गरी पाँचायनको स्थापना गरिएको छ।

यस शिवालयको छानामा पनि रूख उम्रेकोले रसायन प्रकृयाबाट रूखलाई नष्ट गरी शिवालयलाई भत्कनबाट वचाउनु पर्ने देखिन्छ। काठका खापाहरूमा रातो रङ लगाएको पनि हटाउनु पर्ने देखिन्छ। दक्षिण पट्टी रहेको काठको कलात्मक ढोकाको खापाहरू बिग्रेकोले वनाउनु पर्ने रहेको छ।

देव राज्य लक्ष्मी महादेव शिवालय :–

यो शिवालय सुरेन्द्रेश्वर शिवालयको उत्तर पश्चिममा रहेको छ। आफ्नो नाउबाट देव राज्य लक्ष्मी महादेव स्थापना गरी त्यहाँ रहेको घण्टामा अभिलेख कुंदन लाएको हालसम्म रहेको छ। हाल यो घण्टाको एक टुक्रा खसेको र घण्टा अडयाउने ढुङ्गाको स्तम्भ ढल्केर लड्ने अवस्थामा रहेको छ।

यो शिवालय पनि ढुङ्गाको पेटीमाथि अरू सँगै रहेका शिवालयहरू जस्तै

निर्माण गरिएको छ। छानामा रहेको सुन मोलम्बा गजुरको टुप्पा भने ढल्केको अव-स्थामा रहेको खस्न नपाउँदै चाँडै नै राम्रोसित मिलाई दिनु पर्ने देखिन्छ।

गर्भगृहभित्र पनि बीचमा शिवलिङ्ग चारतिर चारमूर्तिहरू राखी पाञ्चायन स्थापना गरिएको छ। ढोका र झ्यालहरू पनि अरू शिवालयका जस्तै रहेका छन्।

यस शिवालयको छानामा पनि रूख उम्रेकोले भत्कीने सम्भावना भएकोले चाँडै नै संरक्षण गर्नुपर्ने देखिन्छ।

त्रैलोकेश्वर महादेव शिवालय:-

यो शिवालय सुरेन्द्रेश्वर शिवालयको पूर्व- उत्तर कुनामा रहेको छ। यो शिवालय पनि आफ्नो नाममा त्रैलोकेश्वर महादेव स्थापना गरी त्यहाँ नजीकै घण्टा राखी अभिलेख कुद्न लाएको अहिले पनि रहेको छ।

त्रैलोकेश्वर शिवालय पनि अरू शिवालयहरू जस्तै बनाइएको छ। गर्भ गृहभित्र पनि पाञ्चायन स्थापना गरिएको छ।

यस शिवालयको छानामा पनि रूख उम्रेको चाँडै नै रसायनिक प्रकृयाबाट संरक्षण गर्नुपर्ने देखिन्छ साथै गजुर पनि ढल्केकोले मिलाउनु पर्ने रहेको छ।

यसरी पाँच शिवालयहरू एउटै शैलीमा एकै ठाउँमा निर्माण गरिएकोले पन्च देवल नामबाट अमर रहेको छ।

नारायणको मन्दिर :-

यो सानो मन्दिर पन्चदेवलको पूर्व-उत्तर कुनाको डिल मुनी रहेको छ। यो मन्दिर ईंटमा वज्र प्लाष्टर गरी भूई तल्लाको गुम्वज शैलीमा बनाइएको छ। पश्चिमपट्टी खुल्ला ढोका रहेको छ। मन्दिरभित्र गरूड वाहन माथि उभिएको नारायणको ढुङ्गाको मूर्ति रहेको छ। यो मूर्तिलाई जमिनमा राम्रोसित गाडी राखी दिनुपर्ने आवश्यकता रहेको छ। नत्र चोरिको सम्भावना हुनेछ।

मूर्ति एवं मन्दिर शाहकालीन सम्पदा रहेको छ। मन्दिरमा लेउ देखिन थालेकोले चाँडै रसायनिक प्रकृयाबाट संरक्षण गर्नुपर्ने देखिन्छ। यो मन्दिरको ढुङ्गाको कलात्मक तोरणमा कालो रङ्ग लगाएको पनि हटाई सफा गर्नुपर्ने रहेको छ।

चतुर्मुखी शिवलिङ्ग स्थल :-

यो शिवलिङ्ग पंचदेवलका पूर्वपट्टी रहेको प्राङ्गणमा रहेको छ। स्थानीय बासिन्दाहरू यस खुल्ला देवस्थलमा रहेको शिवलिङ्गलाई कानेश्वर महादेव भनी पूजा गर्ने गरिएको छ। बिना अभिलेखको यो चतुर्मुखी शिवलिङ्गको शैली र

विशेषता हेर्दा यो आठौं–नवौं शताब्दीतिरको देखिन्छ । यो शिवलिङ कलात्मक रहेको छ र लिङ्गको माथिल्लो भागमा चार मुख बनाइएको छ । चारै मुखको शिरको बनौट भिन्न भिन्न देखिन्छ । र मुख मुन्तिर दुई हात बनाइएको छ । एक हातवरद मुद्रामा र अर्को हातमा माला लिएको छ । जलहरी साधारण प्रकारका जस्तै बनेको देखिन्छ ।

भारतमा एकमुखे र चारमुखे शिवलिङ कम बनेको देखिन्छन तर नेपालमा भने यस्ता लिङ प्रशस्त देखिन्छ । यस रूपमा नेपाली शिवलिङ कलाको र शैव धर्मको विशेषता देखिन्छ ।[२]

पहिले यो खुल्ला देवस्थल भएको ठाउमा शिवालय थियो होला भन्ने अनुमान गर्न सकिन्छ । हाल घाम पानीले खाएर नष्ट भैरहेको हुनाले यहाँ एउटा सानो छत बनाएर राखी दिनु पर्ने देखिन्छ ।

यो शिवलिङ्को नजिकै ढुङ्गाको चार वटा शिवका उभिएका मूर्तिहरू जलहरिमाथि स्थापना गरिएका छन् । जुन सबै शाहकालीन नै रहेका छन् ।

सूर्य मन्दिर :–

यो सानो मन्दिर पन्चदेवलको पूर्व-दक्षिण कुनामा रहेको तल्लो डिल माथि रहेको छ । यो मन्दिर पनि ईटमा बज्र प्लाष्टर गरी गुम्वज शैलीमा बनाइ-एको छ । पश्चिमपट्टी रहेको खुल्ला ढोकामाथि ढुङ्गाको तोरण रहेको छ । तोरणमा रहेको कालो रङ सफा गर्नुपर्ने देखिन्छ । मन्दिर भित्र घोडाको रथमाथि चढेको ढुङ्गाको सूर्यको मूर्ति रहेको छ । यो मूर्तिलाई पनि जमिनमा राम्रोसित जोडी राख्नुपर्ने देखिन्छ ।

गणेश मन्दिर :-

यो सानो मन्दिर पचदेवलको दक्षिण– पश्चिममा रहेको कुनाको तल्लो डिल माथि बनाइएको छ । गणेश मन्दिर पनि ईटमा बज्र प्लाष्टर गरी गुम्वज शैलीमा बनाइएको शाहकालीन सम्पदा हो । मन्दिर भित्र शाहकालीन ढुङ्गाको गणेशको मूर्ति रहेको छ । यस मूर्तिलाई पनि जमिनमा राम्रो सित जोडी स्थापना गरिदिनु पर्ने देखिन्छ ।

शिवलिङ (खुल्ला देव स्थल) :–

यो शिवलिङ खुल्ला देव स्थलको रूपमा पन्चदेवलको पश्चिम पट्टिको प्राङ्गणमा रहेको छ । यो शिवलिङ्गलाई स्थानीय वासिन्दाहरू शिवेश्वर भनी मान्दै आएका छन् । यहाँ रहेका शिवलिङ्गहरूमा यो शिवलिङ सवभन्दा विशाल

रहेको छ। बिना अभिलेखको यो शिवलिङ्ग साधारण स्वरूपले बनेको छ। जसमा त्यसको माध्यमबाट मल्लकालका नेपाली कलाकारको चातुर्य र जाँगरको परिचय पाइन्छ।

दुर्गा भवानीको मन्दिर :–

यो सानो मन्दिर पन्चदेवलको पश्चिम–उत्तर कुनाको तल्लो डिल माथि रहेको छ। यो मन्दिर पनि पन्चदेवलको अरू तीनकुनामा रहेको मन्दिरहरू जस्तै गरि बनाइएको समकालीन सम्पदाकोरूपमा रहेको छ। मन्दिरभित्र महिषासुर मर्दिनीकोरूपमा रहेको दुर्गाको ढुङ्गाको मूर्ति रहेको छ।

यो मूर्तिसँगै रहेको एउटा सानो नारायणको ढुङ्गाको मूर्तिलाई सुरक्षित साथ राखी दिनु पर्ने देखिन्छ।

शिवलिङ्ग (खुल्ला देवस्थल)

यो शिवलिङ्ग खुल्ला देवस्थलको रूपमा पन्चदेवलको प्राङ्गणमा पश्चिम-उत्तर कुनामा रहेको छ। हाल यो शिवलिङ्ग ईटाको सानो डिलमाथि स्थापना गरिएको छ। साधारणस्वरूपले बनाएको यो शिवलिङ्गको जलहरिमा पश्चिम पट्टि कुँदिएको अभिलेख लिच्छविकालीन अभिलेख संग्रहमा प्रकाशित गरिएको छ। जुन यस प्रकार रहेको छ।

सम्वत् ४१० माघ शुक्ल पूर्णिमा . . . . . . तिनका छोरा
बालककालमै

यस अभिलेखमा ४१० अङ्कित भएको हुनाले यो अभिलेख राजा मानदेवको पालाको हो भन्ने बुझिन्छ। यस अभिलेखको धेरै जसो भाग नष्ट भइसकेको हुनाले यसबाट विशेष कुरा केही बुझ्न सकिदैन। कसैको छोराको मृत्यु बालककालमै भएको हुँदा तिनै बालकको मोक्ष होस् भनी शिवलिङ्ग स्थापना गरी यो अभिलेख कुँदन लाएको देखिन्छ।[३]

हाल ती अभिलेख नचिनिने अवस्थामा रहेका छन्। यस शिवलिङ्ग रहेको डिलमुनि सूर्यको एउटा शिला रहेको छ, जसलाई त्यहाँका मानिसहरू धर्मराज सूर्य भन्ने गर्दा रहेछन्। यो शिवलिङ्गसँगै पहिले एउटा नारायणको ढुङ्गाको मूर्ति रहेकोमा केही वर्ष अगाडि चोरी भएकोले हाल त्यही ठाउँमा जलहरिमाथि उभिएको ढुङ्गाको शिवको मूर्ति स्थापना गरिएको छ। यहाँका मानिसहरू यस शिवलिङ्गलाई सूर्यनारायण महादेव भनी पूजा गर्ने गरेका छन्। शायद सूर्य र

नारायणसगँ भएकोले यसरी नामाकरण गरिएको हुनु पर्दछ । शिवलिङ्गमा हरियो पन देखा परेकोले संरक्षण गर्नुपर्ने देखिन्छ ।

पञ्चदेवल सत्तल

यो सत्तल पञ्चदेवलको चारैतर्फ रहेको छ । यसको स्थापना वि. सं. १९२७ मा श्री ५ सुरेन्द्र वीर विक्रम शाहबाट भएको हो ।

परम्परागत रातो तेली ईंटाबाट नेपाली शैलीमा निर्माण भएको भव्य र आकर्षक यो सत्तल शाहकालीन वास्तुकलाको उत्कृष्ट नमुनाको रूपमा रहेको छ ।

सत्तलको पूर्व र उत्तरी मोहडाको बाहिरी भागमा रहेका झ्यालहरू उत्कृष्ट नेपाली काष्ठ कालीगडीले भरिएको छ । उत्तर मोहडाको बाहिरको झ्यालको केही भाग हस्तिहाडको भएको भन्ने रहेको छ । हाल कालो रङ लगाएको हुनाले स्वरूप नै बदलिएको छ ।

हाल यस पंचदेवल सत्तलमा श्रम तथा समाज कल्याण मन्त्रालयद्वारा सञ्चालित 'वृद्धाश्रम' रहेको छ । वि. सं. २०३२ सालभन्दा अगाडि त्यो सत्तल पञ्चदेवल पाकशालाको नामबाट चलेको थियो ।

पाकशालाको मुख्य उद्देश्य बेसहारा गरीब, गुरूवा, लुला लङ्गडाहरूलाई खाने बस्ने सुविधाको साथसाथै आश्रय दिनु रहेको थियो । विहान बेलुकी दाल, भात, तरकारी खान दिइन्थ्यो । वैद्यको दरबन्दी हुन्थ्यो र औषधि उपचारको सामान्य व्यवस्था थियो । कथा-पुराण भन्ने ब्राह्मणको पनि व्यवस्था भएको पाइन्छ ।

त्यसबेला काठमाडौं उपत्यकामा दुई वटा त्यस्ता आश्रमहरू थिए । पंचदेवल पाकशाला र पूर्णेश्वर पाकशाला । ती पाकशालाहरूको आयको मुख्य स्रोत दाताले राखी दिएको गुठी जग्गा र गुठी निकायले गरेको सहयोग थियो ।

पञ्चदेवल पाकशालामा आर्यघाटमा अन्तिम अवस्था सम्झी ल्याइएका गरीब बिरामीहरू निको नभएमा र बाँचुन्जेल सोही पाकशालामा राखी खुवाउन सकिने बन्दोबस्त रहेको थियो । प्रति २५ जनालाई १ भान्छे तथा प्रति २० जनालाई १ टहलुवाको व्यवस्था थियो । कुचो लगाउने १ जना कुश्ले र दिशा पिसाब सफा गर्ने १ जना पोडेको सामान्य व्यवस्थाबाट पाकशाला चलेको थियो ।[४]

वि.सं. २०३२ सालमा समाज कल्याण केन्द्र सञ्चालन समितिको गठन भएपछि उक्त समितिले पूर्णेश्वर र पञ्चदेवल पाकशालाहरूलाई एकीकृत गरी समाज कल्याण केन्द्रमा परिणत गरियो । साथै पञ्चदेवल पाकशालाको नाम परिवर्तन गरी वृद्धाश्रम नामाकरण गरियो ।

वि. सं. २०३७ पछि वृद्धाश्रम तथा समाज कल्याण मन्त्रालयअन्तर्गत रही आएको छ। यस मन्त्रालयले मुख्यतः पाकशाला हुँदा के परम्परा नीति नियम आधार बनाई कार्य सञ्चालन गरेको देखिन्छ। हाल त्यहाँ १६६ जना पुरुष एवं महिला वृद्धाहरू रहेका छन्। त्यसमध्ये ४० जनालाई विशेषरूपमा मदर टेरेसाको 'स्वयं' सेवकहरूले रेखदेख गरिरहेका छन्।

यसरी लामोसमयदेखि विविधपक्षमा सहयोग पुऱ्याइ रहेको यस ऐतिहासिक सत्तल हाल जीर्ण-शीर्ण अवस्थामा रहेको छ। खास गरी पूर्व र पश्चिम भाग निकै भग्न भै सकेको छ। त्यस लङमा वसेका वृद्धाश्रमहरूमा त्रासको भावना फैलिएको देखिन्छ।

पूर्वपट्टीको वाहिरी झ्याललाई टेवा समेत लगाएर राख्नु परेको छ। सत्तलमा प्रयोग गरिएका काठहरू जीर्ण भई कमजोर वनी सकेका छन्।

पश्चिमपट्टिको भाग निकै लच्किसकेको छ। यी कारणहरूले गर्दा यो सत्तललाई अकस्मात भत्किनवाट बचाउन चाँडै नै जीर्णोद्धार गर्नु पर्ने नितान्त आवश्यक रहेको छ।

जीर्णोद्धार गर्दा खेरि काम नलाग्ने जीर्ण काठहरू सबै फेरि नयाँ काठहरू किराबाट बचाउन रसायनमा डुबाएरमात्रै प्रयोग गर्नुपर्ने देखिन्छ। कलात्मक झ्यालहरूलाई सक्दो मर्मत गरी रसायनमा डुबाएर पुनः प्रयोगमा ल्याउनु उपयुक्त देखिन्छ। काम नलाग्ने भागहरू फेरि पुरानै कलाकृतिमा तयार पारी राख्नु उचित हुने छ। कमजोर गारोहरू पनि भत्काई पुनः पहिलेको स्वरूपमा निर्माण गर्नु पनि उपयुक्त हुने छ। जीर्णोद्धार गर्दा सत्तलको वाहिरीस्वरूपमा केही फरक नगरि भित्रैबाट भने मजवुत साथ वनाउनु पुरातात्त्विक दृष्टिकोणवाट उचित देखिन्छ।

यसरी पञ्चदेवलको जीर्णोद्धार समयमा नै गरेमा कीर्ति राख्ने व्यक्तिको इच्छा र कीर्ति स्वयम् पनि अचल सम्पदाकोरूपमा कालान्तरसम्म रहिरहने निश्चित हुनेछ।

यही सिलसिलामा श्री ५ सुरेन्द्र वीर विक्रम शाहका शासन कालमा बनेको मुलुकी ऐनको केही अंश यहाँ उल्लेख गर्नु उचित देखिन आएको छ।

हिमवत खण्ड, बासुकी क्षेत्र, आर्ज्या तीर्थ, ज्योतिर्मय श्री पशुपति लिङ्ग; श्री गुह्येश्वरी पीठ यस्तो पुण्यभूमि आफ्नू मुलुक छँदै कलिमा हिन्दुको राज यही मुलुक मात्र छ। अब उप्रान्त जसका शिवालय, धर्मशाला बनाउनको इरादा छ। गुठी सदावर्त राखन इरादा छ, आपना राज्यमा तीर्थ पाई शिवालय धर्मशाला बनाउनु, गुठी सदावर्त राख्नु, विराना मुलुकमा राजादेखि रैयतसम्म कसैले शिवालय धर्मशाला नवनाउनु। किनभने आपना राज्यमा बनाया थोरै भत्के पनि

आफ्ना सन्तानले टालटूल गरि बनाउन पाउने छ । आफ्नो देश राम्रो गुलजार हुने । जुन मुलुकमा धर्म ज्यादा भयो त्यस मुलुकमा रोग व्याधि नहुने, अनिकाल नपर्ने हुनेछ । आफ्नो देशमा कीर्ति वन्दा शोभा हुने, आफ्ना देशका कालिगढ सिपालु हुने, ज्याला मजदुरी पाउनाले गरीब कंगालको पालना हुने, आफ्नो मुलुकको धन विराना मुलुकमा जाँदैन, आफ्ना मुलुकमा सदावर्त राख्दा आफ्नै मुलुकका काना षोरंडा, लूला, लङ्गडा, बुढाबुढी आफ्ना पला पियाका सन्तान आफ्ना नाताकुटुम्बका पला पियाका सन्तान, विराना देशका अतित अभ्यागत दुःखी कंगाली यस देशमा जीवनबृत्तिको इच्छा राखी आउनेलाई पालना हुने, जस्ले सदावर्त राख्यो, उसका माथिका सात पुस्ता तलका सात पुस्तासम्मका कूलको उद्धार हुने ।[५]

पंचदेवलको स्थापना गर्ने श्री ५ सुरेन्द्र वीर विक्रम शाहको सु-इच्छा बमोजिम यो सत्तललाई हरतरहबाट बचाउनु पर्ने आवश्यकता रहेको छ । अरू नयाँ कीर्ति थप्न नसके पनि भएको कीर्तिलाई संरक्षण गरी राख्नु पनि धर्म हो ।

ढुङ्गाको शिवालय

यो शिवालय पंचदेवलको वाहिर मूलसडकको दक्षिणभागमा रहेको छ । ढुङ्गाको डिलमाथि बनेको यो शिवालय गुम्वज शैलीमा वनेको छ । गर्भगृह भित्र शिवलिङ्ग रहेको छ । शिवालय एवं भित्र रहेको शिवलिङ्ग पनि शाहकालीन रहेको छ । यही भित्र ढुङ्गाको शिवको उभिएको मूर्ति त्यसै फ्याँकिएको अवस्थामा रहेको छ । त्यसैले यस मूर्तिलाई संकलन गरी सुरक्षासाथ राख्नु पर्ने देखिन्छ । हाल यो शिवालयभित्र फोहर थुपार्ने ठाउँको रूपमा प्रयोग भइरहेछ । तीन तिर वन्द ढोका भएको र पश्चिमतिर काठको कलात्मक ढोका राखिएको छ । जुन मर्मत गर्नु पर्ने अवस्थामा रहेको छ । मन्दिरको अगाडि एउटा सानो वसाहा पनि स्थापना गरिएको छ ।

यो शिवालयको गुम्वज छाना ढल्केर खस्ने अवस्थामा रहेकोले चाँडै नै मर्मत गर्नु पर्ने देखिन्छ । छानामा पिपलको बोट उम्री छाना चर्केको अवस्थामा रहेकोले चाँडै नै संरक्षण गर्नुपर्ने देखिन्छ ।

यसरी यस पंचदेवल क्षेत्र लिच्छविकाल देखि नै शैव धर्मको केन्द्र विन्दुको रूपमा सीर्जित भएको शाहकालमा आएर विकसित एवं पल्लवित भएको प्रमाण माथि उल्लेख गरेबाट स्वत: स्पष्ट हुन्छ ।

पूजा-आजा परम्परा र विद्यमान चलन

यो पंचदेवलको नित्य पूजा एवं पर्व पूजा, साँस्कृतिक एवं सामाजिक काम अविछिन्नरूपले संचालन तथा संरक्षण गर्न वि. सं. १९२७ साल आषाढ सुदी ८

रोज ५ मा श्री ५ सरकारबाट श्री पशुपति पंचदेवल गुठीको स्थापना गरिएको हो।[६] त्यही बेला दुई जना पुजारीहरूको दरबन्दी गरी पूजा गर्ने विभिन्न भाडा वर्तनहरू पनि पुजारीहरूलाई हस्तान्तरण गरिएको थियो ।

वि. सं. १९४८ सालसम्म सम्बन्धित राजगुठीको आयस्ताको असुली तथा पर्व पूजासम्बन्धी खर्च तथा अन्य सबै निश्चित कार्य गर्न तोकिएको गुठीयारलाई नै जिम्मा दिई छूट गुठीकोरूपमा यो गुठी संचालन भइरहेको थियो । यस पंचदेवल गुठीबाट पर्वपूजाहरू बाहेक १५ जनालाई दैनिक सदावर्त दिने पनि चलन रहेको थियो ।

वि. सं. १९४९ सालदेखि यो गुठी अमानतबाट चलाउने गरी श्री ५ सरकारबाट निर्णय भएको रहेछ । यसअनुसार दानपत्र; शिलापत्र नभएका गुठीको ठेकेदारहरूले लेखी दिएको मुचुल्का गुठी बन्दोबस्त अड्डाबाट बुझी ली सो सनद बमोजिम खर्च गर्नुपर्ने र सनदपत्र नभएकोमा ठेकेदारहरूले लेखी दिएको मुचुल्का पुजाहारीलाई देखाई घटी बढी परेको सच्चाई जग्गाबाट पैदा हुने जिन्सी यत्ति जग्गाबाट पैदा नहुने बजारबाट खरिद गर्नुपर्ने जिन्सीमाललाई यत्ति नगदि खर्च हुने यत्ति भन्ने गुठी गुठीको छुट्याई किताब खडा गरी सो किताबमा पुजारीको र गुठी बन्दोबस्तको हाकिमको सहीछाप गराई लिनु भन्ने गुठी खर्च अड्डाको नाउमा भएको र नम्बरका सवाल बमोजिम यस गुठीमा अरू सनदपत्र केही छैन, र सदर दफ्तर खानाबाट गरिदिएको खर्चको दरबन्दीको कागज बमोजिम खर्च गर्नुपर्ने तपसिलमा लेखी दिएको छ। घटी बढी छैन भनी गुठीयारहरूले लेखी दिएको मुचुल्का जाँच्दा दुरूस्त भएको हुनाले सो मुचुल्का बमोजिम यस अड्डाबाट खर्च गर्नु पर्ने बमोजिम तपसिलको नगद दुरूस्त छ भनी पुजारी दुई जनाले र गुठी बन्दोबस्त अड्डाको कर्मचारी एकजनाले सहीछाप गरेको रहेछ ।[७]

जेष्ठ वदि १ रोजदेखि वैशाख शुदि १५ रोज तक वर्ष १ को नित्य र पर्व पूजा एवं सदावर्त दिने समेतको लगत ।

नित्य पूजा पाँच शिवालयकोमध्ये हरेक १ को जग्गाबाट पैदा हुने जीन्सीको अङ्क तपसिल बमोजिम – २।६।४

तेरीज

जीन्सी चावल मुरी– २।६।७

नगदी पैसा– ६० पैसा

बजार खरीद गर्ने माल के ८४।२

नगदि भै जाने– रू. ५.८ आना २ पैसा

रोजीदां हंडी १५ का दरले सदावर्त बाँड्नकालागि– नगदि मोहरू–८८८।

हाल पनी १५ जनालाई हुंडी महिनाको ५१ रूपैया ७५ पैसाको दरले दिने गरेको गुठी खर्चबाट बुझिन आएको छ ।

पर्व पूजाहरूको लगत :–

शिवरात्रि पर्व :– पांच शिवालयमा पूजा विधिविधान अनुसार गर्ने चार कुनामा रहेका देवताको पूजा पनि गर्ने।

११ जना ब्राह्मणलाई भोजन गराउने र नगदी दक्षिणा पनि दिने । बाजा बजाउने कुस्ले ८ जनालाई च्यूरा, मासु, तरकारी र दही ख्वाउने ।

भाद्र सुदी ४ रोजको पर्व पूजा :–

यस पर्वमा पांच शिवालयका श्री गणेशका पूजा गर्नाको लागि अछेता, पंचामृत, सिन्दुर, चंदन, नैवेद्य, अबीर, तील, धूप, नरिवल, सुपारी, मसला, बत्ती पात नरिवल पगरी चाहिने ।

आश्विन सुदी ८ रोजको पर्व पूजा :–

यस पर्वमा पांच शिवालयका रहेका देवीको पूजा गर्नको लागि पंचामृत गरूमाथि उल्लेखित पूजाका सामान साथै लालबस्त्र र नगदि भेटी पनि चाहिने ।

कार्तिक महिनाको पर्व पूजा :–

कार्त्तिक महिना भरि पाँचै शिवालयहरूमा दीपमाला बाल्ने । कार्त्तिक सुदी ११ रोजमा पांच शिवालयमा श्री नारायणको पूजा गर्दा अरू पूजाका सामान साथैं रोटी, पहेलोवस्त्र र नगदि भेटी पनि चढाउने ।

पौष महिनाको पर्व पूजा :–

पौष महिनाभरि पाँचै शिवालयमा रहेका सूर्यको पूजा गर्दा अरू पूजाका-सामान साथै लालवस्त्र र नगदि भेटी पनि चढाउने ।

वर्ष बन्धन पूजा :–

आषाढ शुदी ८ रोजमा पांच शिवालयको वर्षबन्धन पूजा होम गरि गरिने र पाँचै महादेवमा पोसाक चढाइने पांच शिवालयमा रहेका गणेशको पनि पूजा गरिने ।

प्रदोष पूजा :–

वर्षभरिमा २४ कोटि प्रदोश पूजा गर्दा पंचामृत, सुपारी चंदन सिंदूर, फल-फूल, पात, बत्ती, चिनी, केशरी, मसला, पान, नैवेद्य, कपूर, धूप एवं भेटी पाँचै महादेवमा चढाइने।

यी पर्व पूजाहरू बाहेक पंचदेवलमा रहेका पाँचै महादेवमा वैशाख र जेष्ठ दुई महिना पुजारीबाट जल चढाउने र चतुरमासभरि रोज रूद्री पनि गर्ने।

एक जना ब्राह्मणलाई नित्य शिव सहस्र नाम आवृति पाठ गराउने।

पंचदेवल गुठीमा तपसिलका गुठीयार कामदार, कारिदाहरू सबैलाई बाली आउने वर्ष १ को– – – – – – – ११०

नगदि मोहरू पैदा बाली खाने :–

	जवान	तपसिल	जम्मा
गुठीयार	१	८०	८०
तहविल्दादर	१	४०	४०
भडारे	१	४०	४०
नौसिंदा	१	१६॥	
पौवाली	४	–	
लीप पोत गर्ने			
टहलुवा	१	३०	३०
किनमेल गर्ने टहलुवा	१	४०	४०

जिन्सी धान बाली खाने:–

	जवान	मुरी, पाठी, माना
पुजारी	२	२६।१३।४ (प्रत्येकलाई)
सुसारे	२	७।१५।५ को दरले,,
फूल पुऱ्याउने साली	१	५।१६।५ दरले,,
बाजा बजाउने कुस्ले	८	३।१५।३।२ को दरले,,
झाडु बढारू गर्ने	२	४।११।५ को दरले,,

जम्मा २५ जवान

हाल श्री पंचदेवलको नित्य पूजा एवं पर्व पूजाहरू श्रीनारायणप्रसाद सेढाईबाट हुने गरेको छ।

पंचदेवलमा रहेका पाँच महादेवका नित्य पूजा वाहेक प्रत्येक महिनामा दुई चोटी त्रयोदशीका दिन प्रदोश पूजा गरेको छ। पर्व पूजाहरू हाल गुठी खर्च अड्डामा रहेको लगत बमोजिम यस प्रकार रहेकाछन्।

वर्षवन्धन पूजाः–

आषाढ शुदि आठरोजमा पंचदेवलको वर्षवन्धन पूजा हरेक वर्ष गरिने परम्परा रहेको छ। यो दिन तीन जज्ञेमा तीन कलश थापना गरि होम विधि विधान अनुसार एक जना ब्राह्मण पुरोहितबाट गराइने चलन रहेको छ। होमको लागि जो पांच माना, कालो तिल दुई माना, एवं ११ धार्नी दाउरा गुठी खर्चबाट दिइने गरेको छ। धान १५ पाथी र फलुवा चामल ७ पाथी ४ माना, टपरीहरूमा राखेर थापना गर्ने पनि चलन रहेको छ। पूजाको बेला पाँचै महादेवमा साटन ओढाउने र नैनकीनाथ कपडा पनि चढाउने परम्परा रहेको छ।

वर्षवन्धन पूजाको लागि पूजारीलाई २४.९६ पैसा पूजा खर्च गुठी-बाट दिने गरेको छ।

भाद्र शुदि चौथीको पर्व पूजा :–

भाद्र शुदि चौथीको दिनमा पंचदेवलमा रहेका गणेशका पूजा विधि विधानअनुसार गरिन्छ र पुजारीलाई खर्च ३ रूपिया ६६ पैसा दिने गरेको छ।

आश्विन शुदि आठ रोजको पर्व पूजाः–

यस पर्व पूजामा पाँच शिवालयमा रहेका दुर्गा भवानीको पूजा गरिन्छ। पूजामा लाल वस्त्र देवीमा चढाईन्छ र पूजा खर्चको लागि जम्मा ४ रूपैया, ६ पैसा गुठीबाट पुजारीलाई दिने गरेको छ।

कार्तिक महिनाको पर्वः–

कार्तिक महिनाभरि पाँचै शिवालयको गर्भगृहभित्र रहेको दुई खोपामा दुई वटा माटोका पालाहरू बाली दीपावली गरिने चलन रहेको छ। यसको लागि तोरीको तेल ३ पाथी, ६ माना गुठीबाट दिने गरेको छ।

पौष महिनाको पर्व पूजाः–

पौष महिनाको प्रत्येक आइतबार पंचदेवलको सूर्यको पूजा विधि विधान अनुसार गरिन्छ र यसको लागि पूजा खर्च ३ रूपैया ४७ पैसा गुठीबाट दिने गरेको छ।

शिवरात्री पर्वः–

फागुण वदि १४ रोजमा, शिवरात्री पर्वमा पंचदेवलमा तीन प्रहर पूजा विधिविधान अनुसार गरिने चलन रहेको छ।

रात्रीमा पाँचै वटा देवलको चारै तिर १०८ वटा माटाका पालाहरू बाल्ने चलन रहेको छ। यसको लागि तोरीको तेल १० पाथी ५ माना गुठी बाट दिने गरेको छ।

त्यही रात पांच शिवालयहरूको बीचमा पाँच वटा महादीप बाल्ने र त्यसको अगाडि पांच वटा टुखलको मुठ्ठा र ११ धार्नीको दाउरा बाली धूनि जज्ञ गर्ने चलन रहेको छ।

बाजा बजाउनेहरूलाई च्यूरा, मासु, तरकारी र दही ख्वाउने चलन रहेको छ।

शिवरात्री पर्वमा ब्राह्मणहरूलाई भोजन गराउनु पर्नेमा हाल खर्च नपुग्ने भएको हुनाले ब्राह्मणहरूलाई प्रत्येकलाई एक मोहरमात्र दिने गरेको सम्बन्धित पुजारीबाट थाहा हुन आएको छ। किन कि शिवरात्री पर्वकोलागि गुठीबाट जम्मा ७६ रूपैयाँ ५२ पैसा दिने गरेको छ।

यी पर्व पूजाहरू बाहेक पाँचै देवलमा रहेका महादेवमा वैशाखभरि जल चढाउने पनि परम्परा रहेको छ। पुजारीले जल चढाएको बापत १ रूपिया ५६ पैसा गुठीबाट पाउने गरेको छ।

चतुर्मासभरि रूद्री पाठ पनि गरिने चलन रहेको छ र यसको लागि पाठ गर्नेलाई ६८ रूपैया ४८ पैसा पारिश्रमिक दिने गरेको छ।

पंचदेवल गुठीबाट तपसिलका व्यक्तिहरूले पाउने गरेका पारिश्रमिक (वार्षिक) यस प्रकार रहेको छ।[८]

नाम	धान	नगदि
पु. नारायणप्रसाद सेढाई	२६ मुरी १३ पाथी ४ माना	
सुसारे रूद्र नाथ पंथ	७।१।५।	
पौवाली	५।१६।५।	
सुसारे	७।१।५।	
पौवाली		रू. ४०
पौवाली		रू. ४०
लीपपोत गर्ने		रू. ३०
बाजा बजाउने		
कुश्लेहरू आठ जवानको जम्मा–३६ मुरी ३ पाथी १ माना		

यसरी पहिले पंचदेवल गुठी चलाउन जम्मा २५ जवान व्यक्तिहरू भएकोमा हाल १५ जवान मात्र रहेको छ । पुजारी पनि दुई जना रहेकोमा हाल एक जनाको मात्र दरवन्दी छ। यस गुठीको सन्चालन हाल गुठी खर्च बाट सोझै भई रहेको छ। त्यसैले गुठी संथानवाटनै पुजारीले लगत वमोजिमको सबै पर्व पूजाहरू सुचारू रूपले गरिरहेछ वा छैन भन्ने कुराको जानकारी लिनु पर्ने नितान्त आवश्यक देखिन्छ ।

हालको अवस्था र सुझावहरू:–

गुठी रकमलाई धर्मस्व सम्झी राजगुठी माथि आफ्नो हक दायित्व कायम राखी गुठीको चल अचल सम्पत्तिको संरक्षण गरी सो बाट प्राप्त आम्दानीलाई व्यवस्थित गरी दानपत्र, लिखित, परम्परा वमोजिमको धार्मिक पर्व पूजा तोकिएको अन्य सांस्कृतिक तथा सामाजिक कार्यहरू अविच्छिन्न रूपले संचालन गर्नु वा गर्न लगाउन गुठी संस्थानको स्थापना भएको हो। निश्चित धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्य संचाल गर्न गुठीको आम्दानीको श्रोत मध्ये जम्मा जमिनको आयस्ता नै प्रमुख छ। त्यसकारण आम्दानीको श्रोतको रूपमा रहेका जमिन सम्वन्धी विषयलाई व्यवस्थित गरी तोकिएको कार्यहरू अविच्छिन्न रूपले संचालन गर्नु नै गुठी संस्थानको प्रमुख जिम्मेवारी भएको हुनाले पंचदेवलको नाममा रहेको जमिनहरू पनि व्यवस्थित गरी परम्परा देखि तोकिएको पूजा पर्वहरू एवं सदावर्तको राम्रो व्यवस्था हुनुपर्ने देखिन्छ । परम्परादेखि दिने गरेको पूजा खर्चमा पनि समय अनुसारको परिवर्तन गर्नु पर्ने देखिन्छ नत्र भने ब्राह्मणहरूलाई शिवरात्रीमा भोजन गराउनुपर्नेमा एक मोहर दिने गरेको अवस्था भएको जस्तै अरू पर्व पूजाहरू पनि नाम मात्रैको पूजा हुने गरेको वुझिन आएको छ ।

पंचदेवलको चार कुनामा रहेका चारवटा सानो मन्दिरमा कहिले पनि पूजा नभएको त्यहाँ रहेको मूर्तिहरूवाट त्यहाँ रहेका वृद्धाहरूवाट वुझिन आएको छ । पुजारीका अनुसार पांच शिवालयको वाहेक अरू मन्दिरमा पूजा गर्नु नपर्ने भन्ने रहेको छ ।

दुई जना पुजारीको दरवन्दी भएकोमा हाल एक जनाको मात्र रहेकोले पनि पूजा गर्नेमा कमी देखिन आएको छ ।

पंचदेवलमा काम गर्ने अरू कामदार कारिंदाहरू एवं वाजा वजाउनेहरूको खान्गीमा पनि परिवर्तन गर्नुपर्ने नितान्त आवश्यक रहेको छ । पंचदेवलमा रूख घाँस उम्रेको हुँदा, स्मारक छिट्टै जीर्ण हुने सम्भावना देखिन्छ। गुठी अमानतबाट नै

यस स्मारकका बिग्रेका भागहरू बनाउनु पर्ने भन्ने रहेबाट चाँडै नै बनाउनुपर्ने देखिन्छ ।

उपसहार:-

धार्मिक एवं सांस्कृतिक सम्पदाहरूको मर्म र आवश्यकतालाई ध्यानमा राखी यस क्षेत्रमा जीर्णोद्धार एवं संवर्द्धनको कार्यहरू हुन सके अमूल्य निधिहरूको संरक्षण हुन सक्नेछ। एकातिर अब मठ-मन्दिर, पाटी, धर्मशाला, मूर्तिहरू स्थापना गर्ने जस्ता धार्मिक एवं सामाजिक कामहरूमा ह्रास आइरहेको छ भने अर्कातिर बाह्य संस्कृतिको प्रभाव अतिनै परिरहेकोले नयाँ पिंढीले धर्म संस्कृति प्रति त्यति चासो देखाएको पाइँदैन । त्यसैले पहिले जस्तो अब राष्ट्रले मठ-मन्दिर, कला आदि राष्ट्रिय सम्पदाको विविध रूपहरू पाउन सक्ने सम्भावना ज्यादै कम देखिन्छ । यसैले यो स्थितिमा भएका राष्ट्रिय सम्पदाहरूको संरक्षण तथा सम्वर्धनमा समयमानै ध्यान पुऱ्याउन सके पनि राष्ट्रको लागि ठूलो सेवा हुने निश्चित छ ।

पाद टिप्पणी

(१) धनबज्र बज्राचार्य- लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, पृ-६१

(२) जगदीश चन्द्र रेग्मी-नेपालको धार्मिक इतिहास पृ-९१

(३) धनबज्र वज्राचार्य-लिच्छविकालका अभिलेख पृ-६१

(४) वि.सं १९९२ भाद्र २४ गतेको गुठी खर्च अड्डालाई भएको अख्तियारी सवाल ।

(५) पूर्णिमा-४० पूर्णाङ्क पृ १८५ मा प्रकाशित श्री ५ सुरेन्द्र वीरविक्रम शाहका शासनकालमा बनेको मुलुकी ऐनका ८-९ पृ.

(६) सम्वत् १९०४ साल फागुण वदि ८ रोजको गुठी लगत एवं तथा तहविल कार्यालयमा रहेको लगत ।

(७) श्री ३ सरकार, श्री देव देवताका गुठी खर्च अड्डाको वि.सं १९४९ सालमा बनेको गुठी खर्च अड्डामा रहेको लगत ।

(८) गुठी खर्च कालमोचनमा रहेको लगत बमोजिम ।

(९) गुठी लगत तथा तहविल कार्यालयमा भएका वि.सं २००४ साल वैशाख ११ गतेको लगत बमोजिम ।



चन्द्रबिनायक मन्दिर, चार्बहिल

चन्द्रविनायक

चन्द्र विनायक मन्दिर चावहिलको बीचमा अवस्थित छ। काठमाडौं उपत्यकामा विशेष प्रसिद्ध भएका चार गणेशहरूमा चन्द्र विनायक पनि एउटा हो। यो गणेश काठमाडौं उपत्यकामा मात्र नभई अधिराज्यभरिनै प्रसिद्ध छ। यिनै चार गणेशहरूले काठमाडौं उपत्यकालाई सुरक्षा गरिरहेको मानिन्छ। गणेशजी नेपालीहरूका अति लोकप्रीय आराध्य देव हुन्। कुनै पनि शुभ कार्यको थालनी गर्दा सर्वप्रथम उनको पूजापाठ कार्य शुरू गर्ने हाम्रो धार्मिक परम्परा अझै अक्षुण्ण छ।

लिच्छविकालीन दुई वटा चैत्यहरू अवस्थित रहेकोले यस क्षेत्रको प्राचीनता लाई अगाडि पुन्याउन मद्दत पुगेको छ। यी लिच्छविकालीन धार्मिक सम्पदा स्थापना गरेको बेलाका अभिलेखहरू हालसम्म प्रकाशनमा नआएको हुनाले यो क्षेत्रको प्राचीन इतिहास अध्ययन गर्ने लिखित प्रमाणहरूको अभाव रहेको छ। तर जे होस् बौद्ध धर्मका चिन्ह मानिने लिच्छविकालीन शैलीमा बनेका चैत्यहरू यहाँ भएबाट एव चन्द्रविनायक क्षेत्र नै चावहिलको बीचमा रहेबाट, यस क्षेत्रको प्राचीनता हामी लिच्छविकालसम्म विना संकोच पुन्याउन सक्दछौं।

चन्द्रविनायक मन्दिरभित्र एउटा चैत्य पनि भएबाट यो स्थल हिन्दु तथा बौद्धहरूको संगम धार्मिक स्थलको रूपमा रहेको छ। कुनै भेदभाव विना दुवै धर्मका धर्मावलम्बीहरू यस क्षेत्रमा आई पूजा, आजा गर्ने भएकोले यो क्षेत्र हिन्दु एवं बौद्धहरूका लागि एउटा महत्त्वपूर्ण क्षेत्रको रूपमा रहेको छ।

चन्द्रविनायक गणेशलाई रक्तविनायक पनि भन्दछन्। देवमाला वंशावलीमा यी देवताका महत्ता यसरी वर्णन गरिएका छन् दुनियाहरूको शरीरमा पीप भै शूल आउदा ती गणेशको सेवा पूजा गर्दा निको भै जान्छ।[१]

सोमनाथ सिग्देलज्यूले पनि गणेशजीको बारेमा लेख्नु भएको छ कि शरीरमा घाउ खटिरा आदि उत्पन्न भई साह्रै पीडा हुन लाग्यो र कुनै उपाय तथा औषधी औषधोपचारले पनि निको हुन सकेन भने यस मन्दिरमा गई गणेशको सेवन पूजन एवं आराधनादि गर्दा आरोग्य लाभ हुन्छ भन्ने धारणा छ।[२]

अद्यापि यो कुराको विश्वास भए अनुरूप धेरै मानिसहरू घाउ, खटिरा एवं शूल आउँदा यो देव स्थानमा आएर पूजा गर्ने चलन रहेको छ। मानिसहरूमा यो पनि विश्वास रहेको छ कि नागको दोष लाग्यो भने अरू ठाउँमा पूजा गरेर भएन भने यस गणेशको मूर्तिको दायाँ नागको पूजा गर्‍यो भने दोषबाट मुक्ति पाउँदछ।

यसरी यो चन्द्रविनायकको महत्त्व धार्मिक दृष्टिकोणले निकै ठूलो रहेको छ।

चन्द्रविनायक क्षेत्रको इतिहाससँग सम्वन्धित विषय वस्तुहरूको रूपमा स्वयं गणेश मन्दिर तथा टाँसिएर भित्र रहेको चैत्य, लिच्छविकालीन दुई वटा चैत्यहरू जस्ता धार्मिक सम्पदाहरू रहेका छन् भने पूजा गरेपछि गर्नुपर्ने सामाजिक कार्यक्रमहरूको लागि एवं विश्राम गर्नुको लागि वनेका धर्मशाला सत्तल एवं पाटीहरू पनि रहेका छन्। लोकोपकारीले कीर्तिको रूपमा दुई वटा ढुङ्गेधाराहरू पनि राखेका छन्। साथै यस मन्दिर र भित्र रहेको चैत्यको तथा धर्मशाला सत्तल तथा पाटीहरूको इतिहासको अध्ययनको लागि उपयोग हुने गरी ती स्मारकहरू बनाउँदा एवं जीर्णोद्धार गर्दाखेरिको शिलालेखहरू जम्मा ११ वटा छन्। शाहकालीन शिलालेख जम्मा ४ रहेका छन्। ती मध्ये ७ वटा मल्ल कालीन शिलालेखहरू (नेपाल सम्वत्का) पहिलो सम्वत् ८९४ को

	दोश्रो सम्वत्	
	तेश्रो सम्वत्	८४० को
	चौथो सम्वत्	७८६ को
	पाँचौं सम्वत्	८८९ को
	छैठौं सम्वत्	८४३ को
	सातौं सम्वत्	७२९ को

चन्द्रविनायक मन्दिरका आङ्गनमा एकै ठाउँमा लहरै मिलाएर राखेका छन्। यस मध्ये दुई वटा शिलापत्रहरू सम्वत् ७८६ को र ८४३ को कान्तिपुर शिला लेख सूचीमा प्रकाशित भइसकेका छन्।

गणेश मन्दिरको धातुको तोरणमा पनि मिति १९३६ सालको अभिलेख कुदिएको छ।

अव चन्द्र विनायक मन्दिर यस क्षेत्रमा रहेका अरू स्मारक र स्थल-हरूको इतिहास र हालको अवस्थातिर ध्यान दिऊँ ।

चन्द्र विनायक मन्दिर :

यी गणेशलाई कहिलेदेखि चन्द्र विनायक भनी नामाकरण गरियो सो थाहा हुन आएको छैन । लोहों शाला गणेश भनी सम्वत् ८४० को शिलालेखमा एवं मिति १९३६ सालको तोरणा अभिलेखमा पनि लेखिएको भन्ने पाइन्छ । चन्द्र विनायकलाई स्थानीय बासिन्दाहरू लोहों शाला गणेश भन्दछन् । लोहों शाला नेवारी शब्द हो र यसको अर्थ हो ढुङ्गाको तानेर ल्याएको । यो अर्थले यो ढुङ्गाको मूर्ति कतैबाट तानेर ल्याएको हुनाले नै यसको नामाकरण लोहों शाला गणेश भनी गरिएको हुनुपर्दछ । जनश्रुतिअनुसार यो मूर्ति हाडीगाउँबाट ल्याएर स्थापना गरेको हो । र अहिले पनि हाँडीगाउँको एउटा सानो मन्दिरमा रहेको गणेशको यात्रा पनि कार्तिक पूर्णिमाकै दिनमा गर्ने चलन रहेको छ ।

यो गणेशको मूर्तिलाई कहिले यहाँ ल्याएर स्थापना गरेको र किन हाँडी गाउँबाट ल्याएर स्थापना गरेको हो भन्ने कुरा थाहा हुन सकेको छैन ।

गणेश मन्दिरभित्र रहेको चैत्यको स्थापनाको बारेमा भने भनिन्छ कि पहिले यस स्थानमा मशान रहेकोले धेरै अशान्ति र त्रास फैलिएको थियो । त्यसैले यो चैत्य शान्ति र स्वस्तिको लागि स्थापना गरिएको थियो।

सम्वत् ८८९ शिलापत्रमा शिरोभागमा बीचमा एउटा चैत्य र दायाँ बायाँ चन्द्र र सूर्य रहेको छ । त्यसैले यो शिलापत्र बौद्धधर्मावलम्बीले कुनै कीर्ति गरे बापत राखेको भनी बुझिन आउँछ । त्यस शिलापत्रमा जुजुमान शाक्य भन्नेले चैत्य बिगारेर फेरि बनाएको भन्ने उल्लेख गरिएको पाइन्छ । जुजुमान शाक्य भन्ने व्यक्ति हाल यो गणेश जात्रा चलाउने शाक्य परिवारका पूर्खा रहेको भन्ने बुझिन आएको छ । यो शिलापत्र पहिले मन्दिरभित्र चैत्यसँग राखेकोमा, २०१५ सालमा बाहिर राखेको हो। यो मन्दिरभित्र रहेको चैत्य बनाउने व्यक्तिकै सन्तानहरूले हाल-सम्म पनि त्यस चैत्यको वर्षवर्द्धन पूजा र गणेशको जात्रा चलाउदै आइ-रहेका छन् ।

अधिराज्यभरका बहालहरूको पूजा हुँदाखेरि यो स्थानमा पनि आई यस चैत्यको पूजा गर्ने चलन अद्यापि रहेबाट बौद्धहरूको लागि एउटा महत्त्वपूर्ण धार्मिक आस्थाको रूपमा रहेको छ भन्ने बुझिन्छ ।

यो मन्दिरको प्राङ्गणमा एउटा लिच्छविकालीन सानो चैत्य भग्न अवस्थामा रहेको छ, तर सो चैत्य सम्बन्धि शिलापत्र नभएकोले त्यसको इतिहास थाहा हुन सकिएको छैन ।

यो चन्द्रविनायक मन्दिर छत्राकार शैलीले वनाएको दुई तले मन्दिर हो। पहिले दुवै छाना-झिगटीको भएकोमा माथिल्लो सुनमोलम्वा छाना राजवीर साहु भन्ने स्थानीय व्यक्तिले राखेको र तल्लो पित्तलको छाना २०१५ सालमा जीर्णोद्धारको सिलसिलामा राखिएको हो।

यो मन्दिरको तीनतिर वन्द ढोका रहेको छ र अगाडिको भाग खुल्ला रहेको छ। पूर्वपट्टिको वन्दढोकाको माथि एउटा मल्लकालीन काठको तोरण रहेको छ। तर त्यसमा कुदिएका अक्षरहरू खिइसकेकोले दानाको नाम र मिली मिली पढ्न सकिदैन। दायाँ वायाँ नेवारी अभिलेखसहित दुई सिंहहरू पनि रहेका छन्।

यो मन्दिर धेरैपटक जीर्णोद्धार भइसकेकोले कुनै कुनै अंशहरूमात्र मल्लकालीन रहेका छन्, बाँकी शाहकालीन नै रहेका छन्।

काठका टुँडालहरूमा अष्टभैरव र अष्ट मातृका रहेका छन्। यो मन्दिरभित्र दुई हातयुक्त नागको आसन गरी बसेको गणेशको मूर्ति रहेको छ। नवौं दशौं शताब्दी ताकाको मूर्तिको क्रममा नै यो मूर्तिलाई पनि लिन सकिन्छ। तर यस मूर्तिलाई वाबुराम आचार्यज्यूले त्यति अगाडिको नभएको र त्यहाँ रहेको शिलालेख ताम्रपत्र आदिमा प्रताप मल्लको राज्यकालको ने.सं. ७७७ भन्दा थोरै वर्षपछिको भएको उल्लेख गर्नुभएको छ।[३] तर त्यहाँ रहेका शिलालेख प्रताप मल्लका पालाका सम्वत् ७८६ को दानको अभिलेखमा पनि मानन्ध्र विज्ञदेवले चतुर्दशीको (मासिक) पूजा गुठी राखी श्री गणेशमा गजूर चढाए भनी उल्लेख गरिएको छ।[४]

त्यसैले गणेशको मूर्ति मन्दिरमा चढाएको गजूरभन्दा जरूरै पहिलेको हुनुपर्दछ। हाल त्यस गणेश स्थानमा राखिएको शिलापत्रहरूमा सबभन्दा पुरानो यही नै शिलापत्र हो। तर आवास तथा भौतिक परियोजना विभाग तथा युनेस्कोको समन्वयमा तयार पारिएको काठमाडौं उपत्यकाका स्मारकहरूको सर्वेक्षण गरिएको पुस्तकमा चन्द्रविनायक मन्दिरमा रहेका अभिलेखहरूमा सबभन्दा पुरानो इ.सं. १६५० याने ने.सं. ७७० को रहेको भनी लेखिएको छ।[५]

जे होस् यो मूर्ति मल्लकालको होइन भन्ने कुरा यो मूर्तिको निर्माण उत्तरलिच्छविकालीन गणेश मूर्तिको शैलीमा वनेको र पशुपति वत्सलेश्वरीको यात्रामा पशुपतिनाथ निमन्त्रित र वत्सलेश्वरीको रथ गणेश मन्दिरमा उपस्थित गराउने एवं दुवै गणेश, देवीको योग गराइने परम्परा अहिलेसम्म यथावत् भएको कुरालाई ध्यानमा राख्दा यो मूर्ति पुरानै हुन नसक्ने होइन।[६]

चन्द्र विनायक मन्दिरको निर्माणको वारेमा प्रमाणित लिखित जानकारी त पाइँदैन तर जीर्णोद्धारको वारेमा भने सम्वत् ८४० को शिलापत्रमा उल्लेख गरिएको छ। सो शिलालेखमा श्री देवपतन भूमिको चावहिलमा राजा महेन्द्र

सिंह देवको पालामा श्री लोहोंशाला देवको चतुर्दशी एवं पूर्णिको (मासिक) पूजाको गुठीको थकाली हरिनारायण सम्मिलित गरी जीर्णोद्धार गरिएको भनी उल्लेख गरिएको छ।[७]

यस गणेश मन्दिरको अगाडि वि.सं. १९५० सालको शिलास्तम्भ स्थापना गरिएको छ। स्तम्भमाथि धातुको एउटा छुचुन्द्रो (गणेशको वाहन) पनि राखिएको छ।

यस मन्दिरको पछाडि कुमारीस्थान रहेको छ। टाउको काटिएकी देवी, बुद्ध एवं अमिताभको ढुङ्गाका मूर्तिहरू रहेका छन्।

चन्द्र विनायक मन्दिरको प्राङ्गणमा एउटा भव्य सुतेको वेतालको धातुको पाताको मूर्ति रहेको छ। शिवलिङ्गहरू दुईवटा रहेका छन्। दुईवटा चैत्यहरू हाले स्थापना गरिएका छन्। छत्रपालहरू शिलाको रूपमा यस स्थानको सुरक्षाको लागि स्थापना गरिएका छन्।

छत्रपालमा महाजनहरूवाट भोग चढाउन आउने गरेका छन्।

भैरवको शिला

यस चन्द्रविनायक मन्दिरको प्राङ्गणमा भैरवको एउटा शिला पनि स्थापना गरिएको छ। यहाँ रहेको भैरवको शिलालाई वन्दमन्दिरभित्र राख्न नहुने भन्ने धारणाअनुसार चारैतिर चार खम्वा राखी छानो नहाली खुल्ला रूपमा राखिएको छ। दायाँवायाँ ढुङ्गाका सिंहहरू पनि रहेका छन्। गणेशको यात्रासँगसँगै भैरवको पनि यात्रा गर्ने वेलामा भैरवको धातुको मुख यस शिलामा राखी वलि सहित पूजा गरिन्छ। पूर्णिका दिन भैरवको शिलाको अगाडि आगो बाल्ने चलन रहेको छ।

चन्द्रविनायकको दक्षिणपट्टिको धर्मशाला

परम्परागत रातो दचि (तेली) ईंटावाट निर्माण भएको भव्य र आकर्षक रहेको यो धर्मशाला अहिले जीर्ण-शीर्ण भई भत्कने अवस्थामा छ। छाना त भत्की नै सकेको छ। यो धर्मशालाको दलानको भित्तामा ने. सं. ९११ को एउट शिलापत्र रहेको छ। यस शिलापत्रअनुसार यो धर्मशाला वैद्य परिवारबाट वनाइएको हो। यो बटुवाहरूको लागि खान-वस्नको सुविधा होस् भन्ने अभिप्रायले यो धर्मशालाको सुविधाको लागि एउटा जलद्रोणी राखी एउटा पौवालिकको व्यवस्था पनि गरिदिएको पाइन्छ। जलद्रोणी अहिलेसम्म भग्न अवस्थामा रहेको छ। पौवालिकलाई पारिश्रमिकस्वरूप वार्षिक चार मुरी

धानको व्यवस्था पनि गरिदिएको सोही शिलापत्रमा उल्लेख गरिएको छ।

स्थानीय बासिन्दाहरूका अनुसार गत २० वर्षदेखि पौवालिकले पारिश्रमिक नपाएको हुनाले आफ्नो काम छाडेको भन्ने रहेको छ।

मूल बाटोको छेउमा अवस्थित यो धर्मशालाले आउने जाने बटुवाहरूलाई निकै सुविधा र आराम पुऱ्याएको हुनुपर्दछ। थकाइ मार्न, वास बस्ने, पानी खान साथै खाना पकाउने पनि सुविधा भएकोले यो धर्मशालाले सक्दो सहयोग पुऱ्याएको निश्चित छ। तर हाल जीर्ण भएकोले र यो धर्मशालाको नाममा राखेको गुठीको खेत हराएको हुनाले, ज्यादै दयनीय अवस्थामा रहेको छ। त्यसैले यो धर्मशालाको जीर्णोद्धार गरी कुनै सामाजिक कार्यको लागि उपयोग गरेमा यो धर्मशाला फेरि जीवित हुने र फेरि चाहिँदो सहयोग पुऱ्याउने निश्चित छ।

उत्तरतर्फको सत्तल

यो सत्तल चन्द्रविनायकको प्राङ्गणमा नै अवस्थित छ। यो सत्तल पनि भव्य र आकर्षक रहेको छ। काठका बुट्टेदार झ्यालहरूले यो सत्तलको शोभा बढाएको छ। यो सत्तलको निर्माणको वेला राखिएको एउटा शिलापत्र दलानको भित्तामा टासिएको शिलापत्रअनुसार मेल्हम वैद्यका पनाति कुलानन्द वैद्यले गणेशको प्रीति गरी सबै साधारण मानिसहरूको विवाह, व्रतबन्ध, पर्व पूजा र अरू शुभ कार्यहरू गर्दा श्री गणेशको पुजा गरी, भोज इत्यादि गर्नको लागि यो सत्तल स्थापना गरिएको हो। साथै बटुवाहरू वास बस्नको लागि दलान प्रयोग गर्ने भन्ने पनि उल्लेख गरिएको छ। यो सत्तलको वर्षवर्द्धनको लागि १ मुरी १५ पाथी धानको व्यवस्था गरी गुठी राखिदिएको पनि उल्लेख गरिएको छ। हाल यो सत्तलको माथिल्लो तलामा 'मित्र शिक्षालय' स्कूल को लागि प्रयोग भइरहेको छ।

यो सत्तल भजनमण्डल तथा स्थानीय गा. वि. स.बाट मर्मत गरिएको भन्ने कुरा पनि थाहा हुन आएको छ। भजन मण्डलको नाम चन्द्रविनायक भजन मण्डल भनी राखिएको छ। यो भजनमण्डलबाट नित्य भजन गरिन्छ। कृष्ण अष्टमीका एक दिनअगाडि फोटोहरू प्रदर्शन गरी भोलिपल्ट बाजागाजाका साथ जात्रा गरी श्री पशुपतिनाथको मन्दिर परिक्रमा गर्ने चलन रहेको छ।

उत्तरतर्फको सानो पाटी

यो सानो पाटी पनि मेल्हम वैद्यका सन्तानहरूले नै राखेको हो। हाल यस पाटीमा चन्द्रविनायकको लागि खटिएका सुरक्षा प्रहरी बसेका छन्।

गोलो विश्राम घर

वि. सं २०१५ सालमा पुरानो पाटी भत्काई सोही ठाउँमा नयाँ यो विश्राम घर आधुनिक ढांचाबाट बनाइएको छ। मल्लकालीन एउटा शिलापत्र यो घरमा टाँसिएको छ। सम्भवत: त्यो शिलापत्र भत्काइएको पाटीमा भएको हुनु पर्दछ। त्यो भत्काइएको पाटी एउटा ऐतिहासिक पाटी भएको स्थानीय जनताहरूबाट सुनिन्छ। ज्यापूहरूको एउटा गुठीबाट चैत्र पूर्णिमाका दिन चन्द्रविनायकको प्राङ्गणमा आगो बाल्ने (धुनी जग्ने) बेला कन्याकुमारीहरूलाई पूजा गरी भोज खुवाउने ठाउको रूपमा प्रयोग हुने त्यो पाटी भत्काइएकोले हाल यही गोलो घरमा गरिने गरेको छ।

खट राख्ने सानो घर

यो सानो घर गणेश मन्दिरको पछाडि रहेको छ। यो घरको बाहिरपट्टि भित्तामा एउटा मल्लकालीन शिलापत्र टाँसिएको छ। यो घर नयाँ निर्माण गरिएको हो। त्यसैले नयाँ निर्माणमा सुधार गरी परम्परागत नेपाली शैलीमा यो सानो खट राख्ने घर बनाउनुपर्ने देखिन्छ।

चन्द्रविनायकको उतरतर्फको चौर

गणेशको खटयात्रा गर्दा यस चौरमा सबै मानिसहरू भेला हुन्छन् र खट्लाई तीन चोटि घुमाइन्छ। यहाँ खट भने बिसाइँदैन।

यो चौर हाल खुल्ला रहेकोले सुरक्षा एवं स्याहारसंभारको लागि चारै-तिर बार लगाइदिनुपर्ने देखिन्छ। गणेशको खटयात्रा यहाँबाट गंगाहिटी लग्नु पर्ने भएकोले एउटा ठूलो ढोकाको व्यवस्था गरेर मात्र बार लगाउनुपर्ने देखिन्छ। गणेश स्थानबाट चौर पस्ने ठाउँमा पनि एउटा त्यस्तै ढोका राखी दिनुपर्ने देखिन्छ। अरू दुईतिर सानो ढोका मानिसहरूलाई आउन जानको लागि प्रयोग गर्ने गरी राख्नुपर्ने देखिन्छ।

गंगाहिटी ढुङ्गे धारा

यो ढुङ्गेधारा चन्द्रविनायकको उत्तरतर्फको चौरको तल खाल्डोमा रहेको छ। जनश्रुतिअनुसार यो ढुङ्गेधारा मल्लकालीन रानी गंगा महारानीले बनाएको हुनाले यसको नाम 'गंगा हिटी' हुन गएको हो। तर हाल त्यहाँ कुनै पनि अभिलेखहरू नभएकोले निर्माणकर्ताको बारेमा जानकारी हुन सकेन। अरू

प्रमाणित स्रोत नभएकोले जनश्रुति मात्र विश्वास गरी हेरे पनि यो धाराको र गणेश जात्राको सम्वन्ध रहेको देखिन्छ। किन भने गणेश जात्राको बेला खट यहाँ ल्याई गणेशको मुख सर्वप्रथम यहाँको पानीले धुलाएपछि मात्र गणेशको यात्रा अरू ठाउँमा चलाइने चलन अद्यापि रहेको छ। गणेश जात्राको गुठी पनि गंगा महारानीले नै राखेको हो भन्ने सो जात्राका गुठियारहरूको भनाइ छ।

भनिन्छ कि यस चावहिल क्षेत्रमा पहिले पानीको आधुनिक व्यवस्था नभएको वेला यही गंगाहिटीबाट खाने पानी सबैले प्रयोग गर्दथे।

गंगाहिटीको माथि एउटा लिच्छविकालीन चैत्य पनि रहेको छ। धाराको माथि बुद्धको एउटा सानो मूर्ति पनि स्थापना गरिएको छ।

वि. सं. २०१५ सालमा यो धाराको पनि जीर्णोद्धार गरिएको थियो। हाल पानी जाने निकास नभएकोले पानी जमी ज्यादै फोहर भइरहेको छ। भनिन्छ कि यो ढुङ्गेधारा सफा गर्नको लागि डेढ रोपनी जग्गा राखी एउटा गुठी राखेकोमा हाल जम्मा रैकरमा परिणत गरी वेचिसकेकोले यो धाराको हेरचाह नभएको हो। अब यो गंगाहिटीको महत्व बुझी सम्वन्धित निकायको सहयोग लिई अण्डर ग्राउण्ड निकासाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

ढुङ्गे धारा

गङ्गाहिटीको उत्तरतर्फ यो धारा रहेको यो ढुङ्गे धारालाई भैरवहिटी भनिन्छ। यो ढुङ्गे धाराको कलाकृति एवं शैली हेर्दा दुवै धारा समकालीन देखिन्छ। यो धाराको पनि अण्डर ग्राउण्ड निकासा बनाइदिई, यहाँका जनताहरू-लाई पानीको सुविधा दिन सकिन्छ।

यसरी यो क्षेत्रको महत्त्व बुझी विभिन्न ऐतिहासिक कालमा विभिन्न धार्मिक एवं सामाजिक स्मारकहरू बनेको हामी पाउँदछौं। लिच्छविकालमा यो चावहिल क्षेत्र बौद्धधर्मको एउटा महत्त्वपूर्ण क्षेत्रको रूपमा रहेको उल्लेख गरेको हामी धेरै ग्रन्थहरूमा पाउँदछौं। यो क्षेत्रमा पाइएका लिच्छविकालीन चैत्यहरूले यो कुराको प्रमाणित गर्न केही मात्रामा सहयोग पुऱ्याएको छ।

उत्तरलिच्छविकाल, त्यसपछि मल्लकाल एवं शाहकालमा आएर यो चन्द्रविनायक क्षेत्र हिन्दूहरूको लागि पनि पवित्र स्थल बन्न पुगेको देखिन्छ। वि. सं. २०१५ सालमा स्वर्गीय श्री ५ महेन्द्रबाट प्रदान गरिएको आर्थिक सहयोगबाट चन्द्रविनायक पुनर्निर्माण समिति गठन गरी यस क्षेत्रमा निर्माण एवं जीर्णोद्धारका धेरै काम भएका थिए।

पूजा, आजा, यात्रा-पर्व परम्परा र विद्यमान चलन

चन्द्रविनायकको नित्य एवं नैमित्तिक पूजाको लागि मेल्हम वैद्यका सन्तानहरू नन्द वैद्यहरूले एउटा गुठी राखिदिएका छन् । सो गुठीबाट एकजना पुजारी श्रीराम कर्माचार्यज्यू र मन्दिरमा पालो बस्नको लागि 'द्यपाला'को पनि व्यवस्था गरिदिएको छ ।

चतुर्दशी पूजा

ने. सं. ७८६ को शिलापत्रमा दानपति मानन्ध्र विश्वदेवले चतुर्दशी सिता (सेवा) पूजाको गुठी राखे रे भन्ने उल्लेख गरेबाट श्री गणेशको हरेक महिना चतुर्दशीमा पूजा गर्ने परम्परा बसालेको थियो भन्ने बुझिन आउँदछ ।

केही वर्ष अगाडिसम्म नन्द वैद्यहरूको गुठीहरूको गुठीबाट श्रीगणेशको चतुर्दशि (चह्रे) पूजा हुने गरेकोमा हाल नगरेको भन्ने जानकारीमा आएको छ ।

पूर्णिमा पूजा

त्यसै गरी ने.सं. ८४० को शिलापत्रमा श्री लम्बोदर (गणेश)को चतुर्दशी एवं पूर्णिमा दुवै (मासिक) पूजाको गुठीको थकाली हरिनारायण भन्ने उल्लेख गरेबाट हरेक महिना पूर्णिमाको दिनमा पनि गुठीबाट पूजा गर्ने परम्परा रहेछ भन्ने बुझिन आउँदछ । तर हाल यो दिनमा पनि गुठीबाट पूजा नहुने गरेको बुझिन आएको छ ।

तोरण पूजा

श्री चन्द्रविनायकको धातुको तोरण नन्द वैद्यहरूले राखेकोमा हरेक वर्ष बाला चतुर्दशीका दिन तोरण पूजा गर्ने गरेकोमा हाल गर्न छाडेको भन्ने थाहा हुन आएको छ ।

वर्षबर्द्धन पूजा

श्री गणेशको र भित्र रहेको चैत्यको वर्षबर्द्धन पूजा फागु पूर्णिमाको दिन तीन जना गुठीयारहरू भएको एउटा गुठीबाट गरिन्छ । यो गुठीको थकाली श्री गणेशबहादुर शाक्य हुनुहुन्छ । उहाँको भनाइअनुसार यो वर्षवर्द्धन पूजाको लागि गङ्गामहारानीले (शिवसिंह मल्लकी रानी) डेढ रोपनी जग्गा गुठीको लागि राखिदिएको आयस्तावाट गर्ने गरेकोमा, गत साल बाली बुझाउन नआएकोले वर्षबर्द्धन पूजा गर्न नपाएको भन्ने रहेको छ । यो गुठीको खेत चन्द्रमाया भन्नेको नाउँमा दर्ता

भएको र उनको मृत्यु भएकोले बाली तिर्न नआएको भन्ने पनि रहेको छ ।

यी पूजाहरू बाहेक श्री गणेशको वार्षिक खटयात्रा विभिन्न गुठीहरू मिली वडो हर्ष उल्लासका साथ गरिने चलन अद्यापि रहेको छ।

गणेश जात्रा

देवमाला वंशावलीमा लेखिएको छ कि नेपाल सम्वत् ८००–८०४ तिर कान्तिपुरका राजा भूपालेन्द्र मल्लकी रानीलाई स्वप्न भएबमोजिम श्री पशुपतिनाथका पूजा गरी बक्साई सुनको अर्को कवच मूर्ति बनाई धेरै खेत गुठी राखी कार्तिक शुक्ल पूर्णिमा र प्रतिपदा दुई दिन खटयात्रा गर्ने रीत चलाइदिए ।[८]

हाल गणेशको जात्रा विभिन्न गुठीहरू गणेश जात्रा गुठी, छत्र गुठी, चाक मत: (चारैतिर बत्ती बाल्ने) गुठी खट बोक्ने ज्यापुहरूको गुठी मिली एवं वि.सं. १८७० को लाल मोहर अनुसार श्री पशुपतिनाथ अमालकोट कचहरीवाट पनि सन्चालन गरिन्छ । यी सबै गुठीहरू एवं अमालकोट कचहरीको गणेश जात्रामा आफ्नो आफ्नो भूमिका रहेको छ।

गणेश जात्रा गुठी

देवमाला वंशावलीमा उल्लिखित गरेअनुसार यो गणेश जात्रा गुठी राजगुठी ठहरिन्छ। साथै श्री पशुपतिनाथ अमाल कोटवाट पनि वि. सं. १८७० को लाल-मोहरमा उल्लेख भएबमोजिमको पूजा एवं सबै कर्मचारीहरूको उपस्थिति गणेश जात्रामा हुने परम्परा अहिलेसम्म यथावत् भएको कुरालाई ध्यानमा राख्दा यो जात्रा राजसंस्थावाट नै स्थापना गरिएको देखिन आउँछ। हाल यो गुठीका गुठीयारहरू चार जना रहेका छन् र यसका थकाली श्री गणेशबहादुर गुरुजु नै हुनुहुन्छ। यो गुठी वर्षको एकचोटि पालो पालो गरी गरिने परम्परा रहेको छ ।

चैत्र द्वादशीका दिन गणेश जात्राका गुठीयारहरू अमाल कोट कचहरीमा गणेशको खटारोहण कुन दिन गर्ने हो, भनी सोध्न जाने चलन रहेको छ । अमालवाट पात्र हेरी साइत निकाली खट रोहण गर्ने दिन तोकी दिने चलन रहेको छ ।

गणेशको जात्रा गर्ने एक दिनअगाडि गुठीका गुठीयारहरू चारै जना वसी परम्परा अनुसार पूजा गरी प्रसाद खाने चलन रहेको छ। जसलाई नेवारीमा छुयला–भु भनिन्छन् । गणेशको जात्रा पूर्णिमाका दिनदेखि तृतीयाका दिनसम्म जम्मा चार दिनसम्म विभिन्न पर्व पूजाहरू गरी मनाइन्छ ।

पूर्णिमा

कार्तिक महिनाको सकिमना पूर्णिमाको दिन गुठीको पालोवालाको घरबाट

गणेशको धातुको मूर्ति गणेशस्थानमा ल्याइन्छ। राती अमालबाट दाउरा ल्याएर रातभर आगो बालिन्छ जसलाई 'ध्वनि जज्ञा' गर्ने भनिन्छ। साथै सबै किसिमका भुटेका अन्नहरू मिलाई एवं फलफूलहरू सजाएर राखिन्छ जसलाई हल–मले व्ययगु भनिन्छ। रातभर गुठीयारहरू एवं अरू इच्छुक मातृजनहरू जागाराम गर्दछन्।

परेवा –

भोलि पल्ट साँझमा परेवाका दिन 'लायकु पूजा' दरवारको पूजा भनी अमालबाट वि. सं. १८७० चैत्र वदी ३० को लालमोहरमा उल्लिखित भएका पूजाका सामानहरू धूप एक मुठा, अछेता, केरा एक कोसा, हाँसको एउटा फुल तथा हाँस एउटा सहित गणेशस्थानमा एकजना आचाजु द्वारे र अरू कर्मचारीहरू आउने परम्परा रहेको छ।

राती फेरि अमालबाट कसाई बाजा, दमाइ बाजा, कुश्ले बाजा र धिमे बाजा बजाई चिराग बाली आशा गुरूजा दुई वटा चाँदीले मोडेको डण्डाहरूसहित सबै कर्मचारीहरू गणेशको खट उठाउनको लागि आउने चलन रहेको छ। अमालबाट आउने बाजा बजाउनेहरू' लायकु पूजा नसकेसम्म पाटीमा बसी बाजा बजाइराख्दछन्। गणेशको खट उठाउनु अगाडि पूजाका साथ ल्याइएको हाँसको बलि चढाइन्छ।

त्यसपछि भैरवको पनि पूजा गरिन्छ। गणेशको र भैरवको खटयात्रा चलाउन अगाडि एउटा बोका दुवै खटमा बलि दिइन्छ। यो गर्नाको कारण खट यात्राभरि केही विघ्न नहोस भनी हो। यो बोकाको बलि बाबुरत्न शाक्य र लोकरत्न शाक्यका निजी गुठीबाट वर्ष दिनको पालो गरी दिइन्छ। त्यसपछि गणेशको खटलाई भैरवको खटले तीन चोटि घुमाउने परम्परा रहेको छ।

यो सबै विधि सकेपछि गणेश एवं भैरवको खट यात्रा उत्तरतर्फको चौर भई गङ्गा हिटी (ढुङ्गे धारामा) ल्याई गणेशको मुख विधिविधान अनुसार त्यो धाराको पानीबाट धुलाइन्छ। त्यहाँबाट फर्काई ल्याई पुन: उत्तरतर्फको चौरमा ल्याई खट दुई–तीन चोटि घुमाइन्छ तर खट भने भूईंमा बिसाइँदैन। त्यहाँपछि खट परिक्रमा गराउने सिलसिलामा सर्वप्रथम श्री केदारबहादुर श्रेष्ठको घर-अगाडि ल्याइन्छ र त्यहाँ पूजा थपिन्छ। त्यसपछि बहाल जाने ठूलो ढोकाबाट खट लगिन्छ र श्री वैकुण्ठ शाक्यको घरअगाडि राखिन्छ। दर्शन गर्न आउने भक्तजनहरू त्यहीं आएर दर्शन गरेर जान्छन्। दुवै खट रातभर त्यहीं नै राखिन्छ। राती अमालको एक जना कर्मचारी साक्षी राखी गणेशका सबै गरगहनाहरू पालोवाला गुठीयारबाट 'द्य: पाला'लाई बुझाइन्छ। रातभर अमालका एक जना पिउन

स्तरका कर्मचारी द्य: पालाका साथ चिराग वाली पहरा वस्नुपर्ने चलन रहेको छ ।

एउटा सम्झनुपर्ने कुरा यो छ कि गणेशको खट वहाल जाने ठूलो ढोकाबाट लगेपछि फेरि त्यही ढोकाबाट खटलाई कहिले पनि फर्काइँदैन त्यसैले रातभर त्यहीं राखी भोलिपल्ट घुमाएर मात्र ल्याइन्छ ।

द्वितीया

भोलिपल्ट गणेश एवं भैरवको खटयात्रा कुटुवहिलसम्म चलाइन्छ । केही वर्ष अगाडिसम्म वत्सलेश्वरीको मन्दिरसम्म खटयात्रा चलाउने गरेकोमा हाल खट बोक्ने व्यक्तिहरू कमभएकोले, यहाँ ल्याईंदैन । खटलाई कुटुवहिलदेखि बौद्ध जाने बाटोमा पर्ने चुच्चे पाटी' सम्म जात्रा गरी लगिन्छ र जुन, जुन घरको अगाडि भूईं लिपी राखेको हुन्छ (खट बिसाउन भूईं शूद्ध पार्न) त्यहाँ, खट बिसाई पूजा थापिन्छ र राती फर्काएर चावहिलको डबलीमा ल्याइन्छ र भैरवको परिक्रमा गराएपछि, खट त्यही विसाइन्छ । त्यसपछि सबै गुठीका गुठियारहरू जसले जात्रागरी भाग लिएका हुन्छन्, सबै जना मिली एउटा हाँस बलि दिई विसर्जन पूजा गरि शगुनका रूपमा बलि दिइएका हाँसका विभिन्न भागहरू सबै गुठियारहरूलाई वितरण गरिन्छ ।

त्यही दिनमा विसर्जनको लागि पालोवाला गुठीयारहरू आएर अमालका सबै कर्मचारीहरूलाई सम्मानका साथ लगिन्छ । साथै अमालका हाकिमले एउटा सुपारी गणेशमा चढाएर सिन्दुर पनि चढाएपछि जात्रा विसर्जन हुन्छ । सबै कर्मचारीहरूलाई प्रसाद खान दिएपछि, राती सम्मानका साथ बाजा-गाजा बजाई बीचबाटोसम्म पुऱ्याउन जाने चलन रहेको छ।

तृतीया

पहिले सिन्दूरजात्रा द्वितीयाका दिन आधारातमा गरिनेमा हाल सुरक्षाको दृष्टिले भोलिपल्ट बिहानमात्रै गरिने चलन चलाएको छ । सोही अनुसार तृतीयाका दिन गणेशको सिन्दूर जात्रा गर्नको लागि अर्को खटमा राखिन्छ । त्यो दिन पनि खटलाई चाबहिल कुटुवहिल एवं चुच्चे पाटीसम्म लगी परिक्रमा गराउने चलन रहेको छ । सिन्दूर जात्रापछि गणेशको धातुको मूर्तिलाई पालोवाला गुठियारको घरमा सम्मानका साथ लगी भित्र्याइन्छ र गणेशलाई शगुन चढाइन्छ त्यसपछि पालोवालाको घरमा गुठीयारहरू सबै जना बसी भोज खान्छन् ।

भोलिपल्ट पालोवालाकहाँ गणेशका सबै गरगहनाहरू सफा गरी 'भावना' पूजा गरिन्छ । त्यो पूजापछिको वर्ष जसको पालो हुन्छ उसकहाँ गणेशको मूर्ति एवं सबै गरगहनाहरू बुझाउन लगिन्छ ।

त्यही रथ जात्रा चलाउने पालोवाला कहाँ गुठीयारहरू गई 'मत कायगु'

भनी पालाले बालेको बत्ती लिईन्छ। यो बत्ती लिएपछि जात्राको सम्पूर्ण काम विधिपूर्वक विसर्जन हुन्छ र जात्राभरि चारै जना गुठीयारहरूले भात खान नहुनेमा यो बत्ती लिएपछि मात्र खान हुने भन्ने धारणा रहेको छ।

जात्राभरि चार जना गुठीयारहरूको अनिवार्य रूपमा उपस्थित रहनुपर्ने हुन्छ। गणेशजात्रा गुठी चलाउन हालसम्म वर्षको १५ पाथी थान गुठीको जग्गा-बाट आउने गरेको छ अरू जग्गा जसको नाममा दर्ता भएको थियो उसले बेचि-सकेको भन्ने गुठीयारहरूको भनाइ छ। भोज गर्नेलाई नपुग पैसा चारै जनाबाट उठाएर गर्ने गरिएको रहेछ।

छत्र गुठी

यो गुठीको पनि गणेशजात्रामा महत्त्वपूर्ण भूमिका रहेको छ। यो एउटा निजी गुठी हो र हाल यसका दुई जना गुठीयारहरू छन् अष्टरत्न शाक्य र लोक-रत्न शाक्य। यो गुठीबाट हरेक वर्ष गणेशको खटयात्राभरि खटमाथि एउटा ठूलो छत्र बनाइन्छ। छत्रलाई घुमाई रहेको हुन्छ। यो छत्र बनाउनको अर्थ देवता-लाई घाम, पानीबाट बचाउनु र साथै सम्मान गरेको पनि हो।

चाक: मत गुठी (चक्र दीप गुठी)

यो पनि चार जना गुठीयारहरू भएको एउटा निजी गुठी हो। यसको थकाली श्री बुद्धरत्न शाक्य हुनुहुन्छ। यस गुठीबाट हरेक वर्ष कार्तिक सकिमला पूर्णिमाको दिनमा काठको तीनवटा मुडा र माटोका ठूला १०८ वटा पालाहरू गणेशस्थानमा बालिन्छ।

गजूर गुठी

यो गुठीको पनि गणेशजात्रामा आफ्नै महत्त्वपूर्ण भूमिका रहेको छ। नौ जना गुठीयारहरू भएको यो गजूर गुठी पनि एउटा निजी गुठी हो। यो गुठीको थकाली श्री आइते डंगोल हुनुहुन्छ। यस गुठीबाट परेवाका दिन गणेशको खट-माथि गजूर हालेपछि मात्र गणेशको खटयात्रा चलाइन्छ।

हाल गुठीको जग्गा बेची बैंकमा जम्मा गरेको पैसाको ब्याजले यो गुठी चलाइरहेको भनी सम्बन्धित गुठीयारहरूबाट जानकारी प्राप्त हुन आएको छ।

खट बोक्नेहरूको गुठी

यी गुठी चलाउनेहरूलाई या:गु खल भनिन्छ। पहिले यो गुठी चलाउन आयस्ता भएकोमा हाल नभएकोले चन्दाबाट खट बोक्नेहरूलाई पारिश्रमिक दिने

मिल्ने रंग पोतिदिनु पर्ने देखिन्छ। र छानाभित्र परम्परासँग मिल्ने झिगटीको राख्नु
पर्ने देखिन्छ।

स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहवाट चन्द्रविना-
यक क्षेत्रको महत्त्वलाई बुझीवक्सी वि. स. २०१५ सालमा त्यस क्षेत्रमा जीर्णोद्धार
गर्न आर्थिक सहयोग प्रदान गरिवक्सेको थियो । तर जीर्णोद्धार काममा संलग्न
व्यक्तिहरूमा परम्परा र पुरातात्त्विक ज्ञानको अभावले गर्दा स्मारकहरूको मौलिकता
नै खतम गरी जीर्णोद्धार गरिएको छ। जस्तै रङ्गविरङ्गी आधुनिक टायलहरू मन्दि-
रमा लगाइ दिने तथा टुंडालहरूमा रङ्ग रोगन लगाई साथै निर्माण सामग्रीहरू पनि
नयाँ प्रयोग गरिएको छ। आइन्दा यस्तो हुन नदिन जीर्णोद्धार सम्वन्धित निकाय-
संग सल्लाह लिई, एक जना पुरातत्त्वविदको रेखदेखमा मात्र गर्नुपर्ने
नितान्त आवश्यक रहेको छ। नत्र जीर्णोद्धारको नाममा कुनै पनि स्मारकको
रूप नै वदलिने डर हुन आउँछ। साथै पुनः निर्माणको नाममा पहिलेदेखि भएका
ऐतिहासिक महत्त्वका घरहरू भत्काई नयाँ निर्माण हुने पनि सम्भावना हुन
आउँछ, जसरी पुरानो पाटी भत्काई नयाँ गोलो विश्राम घर वनाइयो।

त्यसैले चन्द्रविनायक क्षेत्रमा रहेका स्मारकहरूको संरक्षण, सम्वर्द्धन र समया-
नुकूल स्याहार सम्भार गरी जोगाईराख्न, सो विषयमा ज्ञान भएको व्यक्तिको
आवश्यक रहेको छ। जसमा स्वधर्म एवं संस्कृतिप्रति पनि ज्ञान र निष्ठा भएको
भयो भने झन् उत्तम हुने छ ।

उप संहार

नेपालको सामाजिक एवं धार्मिक क्षेत्रमा गणेशको अति नै प्रभावशाली
स्थान छ । उनको प्रसिद्धि सम्प्रदायविशेषसँग सम्वन्धित नहुँदा नै ज्यादा भएको
हो। के वैदिक, के हिन्दु, के वौद्ध सवैले उनलाई वडो श्रद्धा र आदरसाथ मान्ने चलन छ।

नेपाल महात्म्यमा भनिएको छ कि शिवका पनि प्यारा छोरा विघ्ननाश
गर्ने गणेश हुन्, गणेशको स्थापना. गर्नाले पनि विघ्नले सताउन सक्दैन ।

प्राचीनकालदेखि नै नेपालमा शासक तथा जनताले धार्मिक सम्प्रदायहरू-
उपर उदार भावना लिएका हुनाले अहिलेसम्म पनि विभिन्न धार्मिक सम्प्रदायहरू
साथसाथै चलेर आइरहेका हुन्। यसको एउटा ज्वलन्त उदाहरण चन्द्रविनायक
क्षेत्रलाई लिन सक्दछौं । यहाँ भक्तजनहरू गणेशका साथ साथै चैत्यलाई पनि
पूजा गर्दछन्। गणेशको जात्रा मा पनि विभिन्न जाती तथा धर्मका मानिसहरू भाग
लिन्छन् र विना कुनै भेद भावले आ–आफ्ना गर्नु पर्ने संस्कारहरू गर्दै आई
रहेका छन् । धार्मिक सहिष्णुताले गर्दाखेरि नै अहिलेसम्म हाम्रो संस्कृति जोगि-
राखेको छ यसैले गर्दा विश्वमा समेत नेपालको अस्तित्व आफ्नै ढङ्गले रहेको छ।

पाद टिप्पणी

(१) श्री पीर महन्त क्षिप्रानाथ योगिराज–देवमाला वंशावली पृ. ६७

(२) सोमनाथ सिग्देल–सपरिचय सुधारकार्य विवरण पृ. १८

(३) वावुराम आचार्य–लिच्छविकालको शिलालेखमा किरातकालको झलक देवपाटन, भादगाउँ, पाटन र काठमाडौंका किरात नामा, नेपाली अङ्क १६ (वि.सं. २०२०) पृ. १०

(४) सम्पादक शंकरभान राजवंशी– कान्तिपुर शिलालेख सूची, पृ. ९५

(५) डा. कार्ल पषा–काठमाडौं भ्याली–पृ. १४०

(६) गोविन्द टण्डन–काठमाडौं अधित्यकाका गणेश मूर्तिहरू, नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्व विद्यालय, पृ. ५६

(७) सम्पादक शंकरभान राजवंशी–कान्तिपुर शिलालेख सूची पृ. १५३

(८) श्री पीर महन्त क्षिप्रानाथ योगिराज– देवमाला वंशावली पृ. ६७

मुद्रक: साझा प्रकाशनको छापाखाना पुलचोक, ललितपुर ।